# नेपाल नेत्रज्योति संघ

## को

## केन्द्रीय सभाको तेइसौँ अधिवेशन

## (२०७३ बैशाख १० र ११ गते)

## को

# प्रतिवेदन

# अध्यक्षको मन्तव्य

नेपाल नेत्रज्योति संघको केन्द्रीय सभाको तेइसौं अधिवेशन वि.सं. २०७३ बैशाख १० र ११ गते कास्की जिल्ला शाखा तथा हिमालय आँखा अस्पताल, पोखराको आयोजनामा पोखरामा सम्पन्न भएको छ। जिल्लामा अधिवेशन आयोजना गर्नु निःसन्देह निकै चुनौतीपूर्ण र कठिन कार्य हो । तर पनि जिल्ला शाखाहरू केन्द्रीय अधिवेशन सफलतापूर्वक सम्पन्न गर्न सक्षम रहेका छन् । कास्की शाखाले पनि हिमालय आँखा अस्पतालसँगको सहयोग र समन्वयमा सफलतापूर्वक अधिवेशनको आयोजना गरेको छ । यसर्थ कास्की शाखा तथा हिमालय आँखा अस्पताल दुवैलाई संघको केन्द्रीय कार्यसमितिका तर्फबाट धन्यवाद दिँदै अधिवेशनको सफलताका लागि सहयोग पुऱ्याउने सम्पूर्ण स्थानीय संघ संस्था तथा समाजसेवीहरूप्रति आभार व्यक्त गर्दछु ।

संघको केन्द्रीय सभाको तेइसौं अधिवेशनले मुख्यतः संघका भावी कार्यक्रमहरूका प्रभावकारिता, गुणस्तरीय तथा सेवाको पहुँचलाई समाजको तल्लो वर्गसम्म पुऱ्याउन संघले अवलम्बन गर्नुपर्ने नीतिहरूका साथसाथै मुलुक संघीय संरचनामा गइसकेको सन्दर्भमा संघले आफ्नो संगठनात्मक संरचनामा के कस्तो सुधार गर्नुपर्ने हो तथा विद्यमान सेवालाई प्रादेशिक संरचना र विधानअनुकुल तुल्याउन के कस्तो व्यवस्था गर्नुपर्ने हुन्छ भन्ने बारेमा पनि केन्द्रित गरेको थियो ।

यस अधिवेशनले केन्द्रलाई संघका शाखाहरू तथा अस्पतालका समस्या र चुनौतीहरूलाई प्रत्यक्ष बुझ्ने तथा तिनको समाधानका लागि केन्द्रले गर्नुपर्ने पहलका बारेमा पनि आवश्यक र महत्वपूर्ण सुझाव प्राप्त गर्ने अवसर प्रदान गरेको छ। प्राप्त सुझावहरूलाई संघले आगामी नीति तथा कार्यक्रमहरूको निर्माण तथा कार्यान्वयनका लागि मार्गदर्शनका रूपमा अवलम्बन गर्ने छ।

वर्ष २०७२ मुलुककै लागि बिर्सनलायक रह्यो। बैशाख १२ गतेको महाभूकम्प, मधेशमा भएको आन्दोलन र मुलुकमा उत्पन्न असहज स्थिति जस्ता घटनाक्रमहरूले संघका सेवा तथा कार्यक्रमहरूलाई पनि प्रत्यक्ष रूपले प्रभावित गऱ्यो । परिणामतः संघले आफ्ना कतिपय सेवाहरूलाई सुचारू गर्न, कार्यक्रमहरूको सुचारू सञ्चालन गर्नमा ठूलो कठिनाईको सामना गर्नुपऱ्यो भने अर्कातिर संघ तथा मातहतका अस्पतालहरूले यस विपद्को घडिमा मानवीय तथा सामाजिक दायित्वलाई पनि निर्वाह गर्नु उत्तिकै जरूरी थियो । यस परिस्थितिमा पनि संघले विपद्मा परेकाहरूका लागि सहयोग जुटाउने, विपद्को जोखिमलाई न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने उपायहरूका बारेमा मातहतका अस्पताल तथा उपचार केन्द्रहरूलाई जानकारी दिलाउन विभिन्न चरणमा कार्यक्रमहरू गऱ्यो । यस विपद्को स्थितिको सामना गर्दै संघ तथा मातहतका निकायहरूले सेवा प्रवाहमा यस वर्ष हासिल गरेको लक्ष्य र प्रदर्शन गरेको ऐक्यवद्धता निश्चय नै उत्साहपूर्ण र प्रशंसनीय रहेको र यसले संघलाई थप हौसला मिलेको छ। संघ आगामी दिनमा पनि कुनै पनि चुनौतीको एकजुट भएर सामना गर्न सक्षम छ भन्ने उदाहरण यस वर्षका घटनाक्रमले हामीलाई दिएको छ।

विगत वर्षहरूमा झैं यस वर्ष पनि संघले तेइसौं अधिवेशनका सम्पूर्ण गतिविधिहरूलाई लिपिवद्ध गरी संघमातहतका सम्पूर्ण जिल्ला शाखा एवं सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले अधिवेशनसम्बन्धी प्रतिवेदन प्रकाशन गरेको छ । यस प्रकाशनबाट सम्बन्धित सबैलाई संघका विगतका गतिविधिहरू, प्रगति विवरण, भावी कार्यक्रम तथा कार्यदिशाका बारेमा जानकारी प्राप्त गर्न सहयोग पुग्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा, यस प्रतिवेदनको प्रकाशनमा सक्रियतापूर्वक योगदान गर्नुहुने सबैलाई मेरो धन्यवाद छ ।

धन्यवाद ।

प्रा.डा. तीर्थप्रसाद मिश्र

अध्यक्ष

# महासचिवको मन्तव्य

नेपाल नेत्रज्योति संघको केन्द्रीय सभाको तेइसौं अधिवेशन गत बैशाख १० र ११ गते पोखरामा सम्पन्न भएको छ । गत वर्षझैं यसपटक पनि संघको केन्द्रीय अधिवेशन काठमाडौंबाहिर आयोजना गरिएको छ । कास्की शाखा तथा हिमालय आँखा अस्पतालको संयुक्त आयोजनामा सम्पन्न यस अधिवेशनले संघका कार्य तथा गतिविधिहरूलाई स्थानीय तहसम्म प्रचारप्रसार गर्न, स्थानीय तहका व्यक्ति, संस्था तथा अन्य सरोकारवालाहरूलाई संघका गतिविधिहरूका बारेमा सुसूचित गर्ने महत्वपूर्ण अवसर पनि प्रदान गरेको छ । संघको केन्द्रीय सभाको तेइसौं अधिवेशन सफलतापूर्वक आयोजना गरेकोमा म नेपाल नेत्रज्योति संघ कास्की शाखा तथा हिमालय आँखा अस्पताल, पोखरालाई धेरै धेरै धन्यवाद दिन्छु ।

नेपाल नेत्रज्योति संघको यस अधिवेशनले संघको वार्षिक प्रतिवेदनहरूलाई पारित गर्नुका साथै आगामी वर्षका लागि कार्यक्रम तथा योजनाहरू पनि स्वीकृत गरेको छ । अधिवेशनमा शाखा, अस्पताल तथा उपचार केन्द्रहरूका समस्या र चुनौतीहरूका विषयमा छलफल हुनाका साथै मुलुक संघीय संरचनामा गैसकेको परिप्रेक्ष्यमा अब संघको सांगठनिक ढाँचा के कस्तो हुनु आवश्यक छ र संघका सेवा तथा गतिविधिहरूको सुसञ्चालनमा पर्न सक्ने प्रभावहरू के हुन सक्दछन् भन्ने बारेमा पनि छलफल भएको छ ।

अधिवेशनले संघलाई आगामी वर्ष गर्नुपर्ने केही महत्वपूर्ण कार्यहरूका लागि विभिन्न समसामयिक प्रस्तावहरूसमेत पारित गरेको छ । यी प्रस्तावहरूको कार्यान्वयनले संघका सेवा तथा कार्यहरूलाई अझ प्रभावकारी तुल्याउन मद्दत पुग्ने मैले विश्वास लिएको छु ।

नेपाल नेत्रज्योति संघका सेवाहरू निरन्तर बिस्तारित हुँदै गएका छन् । संघले हालका वर्षहरूमा शाखाको बिस्तार तथा थप उपचार केन्द्रहरूको स्थापनामा विशेष जोड दिँदै आएको छ । हाल संघमातहतमा १७ आँखा अस्पताल तथा ७० आँखा उपचार केन्द्रहरू सञ्चालित रहेका छन् भने उपचार केन्द्रहरूलाई सर्जिकल केन्द्र तथा सकेण्डरी अस्पतालको रूपमा विकास गर्दै जाने संघको नीति कायमै छ । संघले विभिन्न घुम्ति शिविरहरूमार्फत पनि दुर्गम तथा पिछडिएका क्षेत्र र वर्गसम्म आँखा स्वास्थ्य सेवाका पहुँच पुऱ्याउँदै आएको छ । संघले आँखाका साथै कानसम्बन्धी प्राथमिक उपचार सेवा पनि प्रारम्भ गरिसकेको छ । सभासद्हरूले अधिवेशनमा व्यक्त गर्नुभएको भावनाको कदर गर्दै आगामी दिनमा कान उपचार सेवालाई क्रमशः बिस्तार गर्दै लैजाने संघको नीति रहेको छ । यसका लागि जनशक्ति उत्पादनमा पनि संघले ध्यान दिएको छ ।

संघले विगतमा झैं यसपटक पनि तेइसौं अधिवेशनका सम्पूर्ण गतिविधिहरूलाई समेटेर प्रतिवेदनको रूपमा प्रकाशन गरेको छ । यस प्रकाशनले संघलाई आफ्ना विगतका नीति, कार्यक्रम तथा गतिविधिहरूको समीक्षा र मूल्याङ्कन गर्न तथा आगामी दिनमा वलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रमहरूका बारेमा ठोस मागर्दशन गर्ने विश्वास लिएको छु । यस घडिमा म संघलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबैप्रति धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा, तेइसौं अधिवेशनसम्बन्धी यस प्रतिवेदनको प्रकाशन कार्यमा संलग्न सबैलाई म धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

श्यामकुमार पोखरेल<br>
महासचिव

# विषयसूची


| क्र.सं. | विषय | पृष्ठ सं. |
|---|---|---|
| १. | प्रारम्भिक | घ |
| २. | अधिवेशनको उद्घाटन समारोह विवरण | १० |
| ३. | बन्दसत्र सम्बन्धी गतिविधिहरु | १८ |
| ४. | समापन कार्यक्रम | २९ |
| ५. | परिशिष्टहरू | ३१ |

# प्रारम्भिक

# नेपाल नेत्रज्योति संघ : एक परिचय

आजभन्दा साढे तीन दशकअघि नेपालमा आँखाका रोगीहरू र दृष्टिबिहीनहरूलाई सर्वसुलभ रूपमा आँखा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले बरिष्ठ समाजसेवी एवं नेत्रविशेषज्ञ श्रद्धेय डा. रामप्रसाद पोखेलको पहलमा अन्य समाजसेवी सहयोगीहरूसमेतको प्रयासमा बि. सं. २०३५ चैत्र १३ गतेका दिन नेपाल नेत्रज्योति संघ नामक एक मुनाफारहित एवम् लोककल्याणकारी गैरसरकारी संस्थाको स्थापना भएको हो ।

निवारण गर्न सकिने खालका आँखा स्वास्थ्य समस्याका कारणले कुनै पनि नेपालीले दृष्टिबिहीन भएर बस्नु नपरोस् भन्ने मान्यता बोकेको नेपाल नेत्रज्योति संघका प्रमुख उद्देश्यहरूमा देशका बिभिन्न भागमा आँखा अस्पताल तथा आँखा उपचार केन्द्रहरू स्थापना गरी सञ्चालन गर्नु, आँखा उपचार सेवालाई समयानुसार गुणस्तरीय बनाउँदै लैजानु, आँखा स्वास्थ्यसम्बन्धी अध्ययन-अनुसन्धान र अनुगमन गरी गुणस्तर नियन्त्रण गर्नु, आँखा स्वास्थ्यसम्बन्धी जनचेतना अभिबृद्धि गर्नु, आँखा स्वास्थ्य सेवाका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्नु आदि रहेका छन् । संघले वि.सं. २०६९ देखि कानसम्बन्धी उपचार सेवा तथा सोसम्बन्धी जनशक्तिको उत्पादनलाई पनि आफ्नो उद्देश्यमा समावेश गरेर सेवाको क्षेत्र थप बिस्तार गरेको छ ।

- उपर्युक्त उद्देश्य प्राप्तिमा क्रियाशील यस संघले सन् १९८१ मा नेपालमा नै पहिलोपटक अन्धोपनको सर्वेक्षण कार्य सम्पन्न गरेको थियो । उक्त सर्वेक्षणले नेपालमा कुल ०.८४ प्रतिशत जनता दृष्टिबिहीन रहेका, १.७ प्रतिशतको एउटा आँखा दृष्टिबिहीन रहेको, १.८५ प्रतिशतमा न्यूनदृष्टिको समस्या रहेको, ९२ प्रतिशत दृष्टिबिहीनहरू ग्रामीणक्षेत्रका रहेका, र ८० प्रतिशत अन्धोपनलाई रोकथाम वा उपचारबाट निवारण गर्न सकिने अवस्था रहेको तथ्य उद्घाटित गरेको थियो । यसैगरी सोही सर्वेक्षणले देशमा ७२.१ प्रतिशत अन्धोपन मोतीबिन्दुका कारणले भएको र अन्धोपनका अन्य कारणहरूमा ट्रकोमा, शरीरमा भिटामिन 'ए' को कमी, जलबिन्दु, दृष्टिपर्दाका रोगहरू र आँखाका अन्य सङ्क्रमणहरू रहेको तथ्य पनि उद्घाटित गरेको थियो ।

- सर्वेक्षणपश्चात संघले एक गुरूयोजना तयार पारी चरणबद्ध रूपमा देशका बिभिन्न भागहरूमा आँखा अस्पतालहरू र आँखा उपचार केन्द्रहरूको स्थापना गर्ने कार्यलाई निरन्तरता दिँदै आएको छ । हाल संघअन्तर्गत सञ्चालित १७ वटा आँखा अस्पतालहरू र ७० भन्दा बढी आँखा उपचारकेन्द्रहरूले बर्सेनी ३० लाखभन्दा बढी नेत्र रोगीहरूलाई बहिरङ्ग सेवा र तीन लाखभन्दा बढी नेत्र रोगीहरूलाई मोतीबिन्दुलगायतका बिभिन्न रोगहरूको शल्यक्रिया सेवा प्रदान गर्दै आएको छ । दुर्गम तथा विकट क्षेत्रमा बर्सेनी आँखा शिविरहरू सञ्चालन गरी आँखा उपचार सेवा पुऱ्याउने कार्य पनि नियमित रूपमा हुँदै आएको छ ।

- नेपालको कुल आँखा उपचार सेवाको ९० प्रतिशतभन्दा बढी हिस्सा नेपाल नेत्रज्योति संघको कार्य-सञ्जालमार्फत् प्रवाहित रहेको छ । संघलगायत अन्य आँखा उपचार संस्थाहरू समेतको सेवालाई गणना गर्ने हो भने हाल नेपालका ७५ जिल्लाहरूमा नै नियमित आँखा उपचार सेवा उपलब्ध छ । यसैगरी संघले क्रमशः सम्भाव्य देखिएका अन्य आँखा उपचार केन्द्रहरूलाई पनि मध्यमस्तरीय आँखा अस्पतालको रूपमा विकास गर्दै लाने नीति लिएको छ ।

- संघको निरन्तरको प्रयासकै परिणाम स्वरूप आज आँखा स्वास्थ्यका क्षेत्रमा उल्लेखनीय सुधार आएको छ । सन् २०१२ मा प्रकाशित Rapid Assessmet of Avoidable Blindness (RAAB) सर्वेक्षणको नतिजाअनुसार आज देशमा अन्धोपनको प्रतिशत ०.८४ बाट घटेर ०.३५ मा झरेको छ। सन् १९८१ मा देशमा कुल सात जना मात्र नेत्रविशेषज्ञ रहेकोमा अहिले आएर यो सङ्ख्या १८० पुगेको छ ।

- नेपालको आँखा उपचार सेवा सस्तो, छिटोछरितो र उच्चगुणस्तरीय रहेका कारण नै तराईमा रहेका आँखा अस्पतालहरूमा भारतबाट समेत बर्सेनि ठूलो सङ्ख्यामा नेत्ररोगीहरू सेवा लिन आउने गरेका छन् । यसअतिरिक्त संघअन्तर्गत सञ्चालित आँखा अस्पतालहरूले समयसमयमा एसिया तथा अफ्रिकाका बिभिन्न देशहरूमा समेत आँखा उपचार सेवा पुऱ्याउँदै आएका छन् ।

- देशमा आँखा सेवाको चौतर्फी विकास, विस्तार, प्रबर्द्धन र सुदृढीकरणका निमित्त संघअन्तर्गत बिभिन्न राष्ट्रिय स्तरका कार्यक्रम र गतिबिधिहरू पनि सञ्चालित छन् । यस्ता कार्यक्रमहरूमा राष्ट्रिय न्यूनदृष्टि कार्यक्रम, राष्ट्रिय ट्रकोमा कार्यक्रम, राष्ट्रिय आँखा स्वास्थ्यशिक्षा कार्यक्रम, आँखा स्वास्थ्य सेवाको गुणस्तर नियन्त्रणका लागि अध्ययन अनुसन्धान तथा अनुगमन कार्यक्रम रहेका छन् । यसैगरी नेसनल आई साईट प्रोग्रामअन्तर्गत बर्सेनि विपन्नवर्गका १५ हजार जना रोगीको मोतीबिन्दुको निःशुल्क शल्यक्रिया सेवा र ९३०० जना दृष्टि-कमजोर भएका बिद्यार्थीहरूलाई निःशुल्क चश्मा उपलव्ध गराउने कार्य सञ्चालन भैरहेको छ ।

- यसैगरी नेपाल सरकारको सहयोगमा देशका विभिन्न ४५ वटा दुर्गम पहाडी जिल्लाहरूमा बर्सेनि ८ हजार जनाको मोतीबिन्दुको निःशुल्क शल्यक्रिया र १० हजार जनालाई ४० वर्षको उमेर कटेपछि नजिकमा मसिनो कामकाज गर्दा लगाउनु पर्ने चश्मा (Presbyopic glass) निःशुल्क वितरण गर्ने कार्य सञ्चालन भैरहेको छ ।

- आँखा सेवाको विस्तार र सुदृढीकरणका लागि आवश्यक दक्ष जनशक्ति स्वदेशमै उत्पादन गर्नका लागि संघअन्तर्गतका आँखा अस्पतालहरूमा नेत्रबिशेषज्ञ, नेत्रसहायक र अन्य नेत्र स्वास्थ्यकर्मीहरूको प्रशिक्षण कार्यक्रम सञ्चालन हुँदै आएका छन् । समयको मागअनुसार उच्चगुणस्तरीय आँखा सेवा उपलब्ध गराउन नयाँ प्रविधिहरूको उपयोग गर्दै जाने क्रममा संघले नेत्रबिशेषज्ञहरूलाई मोतीबिन्दुको शल्यक्रिया गर्ने संसारकै अत्याधुनिक प्रविधि फेको इमल्सिफिकेसन सम्बन्धी तालिम, नेत्रसहायक र अन्य प्राविधिकहरूका लागि आँखा स्वास्थ्य सेवाका बिभिन्न विशिष्ट विधाहरूमा उच्चस्तरीय तालिम र पुनर्ताजगी तालिम कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएको छ ।

- यसैगरी संघले आँखा स्वास्थ्यसेवालाई प्राथमिक स्वास्थ्य सेवामा एकीकृत गरी ग्रामीणस्तरसम्म पुऱ्याउने उद्देश्यले स्वास्थ्य र उपस्वास्थ्य चौकीका स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि तालिम कार्यक्रम, धामी-झाँक्रीहरूका लागि तालिम कार्यक्रम, औषधी बिक्रेताहरूका लागि अभिमुखीकरण तालिम कार्यक्रम, बिद्यालय आँखा स्वास्थ्य कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएको छ ।

- नेपालमा आँखा सेवाको विकास र विस्तार गर्ने कार्यमा संघले विगत वर्षहरूमा नेपाल गुठी संस्थानलगायत नेपालका ४ वटा र बिदेशी ८ वटा दात्री संघसंस्थाहरूसँग सहकार्य र समन्वय गरेको थियो भने हाल नेपाल सरकार, भारतीय दूतावास र अन्य विभिन्न १५ वटा विदेशी दातृ संघसंस्थाहरूसँग पनि सहकार्य र समन्वय गरी कार्य गरिरहेको छ ।

- विशुद्ध सामाजिक सेवा भावनाले संघले पुऱ्याउँदै आएको आँखा स्वास्थ्य सेवाको नेपाल सरकार, समाजकल्याण परिषद तथा अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाहरूले उच्च कदर एवं प्रशंशा गर्दै प्रमाणपत्र र सम्मानपत्रहरू प्रदान गरेका छन् । साथै नेपाल विश्वका आँखा सेवा राम्रो भएका देशहरूको सूचीमा सूचिकृत भएको र यस कार्यबाट संघले पनि विश्वमै ख्याती प्राप्त गर्न सफल भएको छ ।

- नेपालमा आँखा स्वास्थ्य सेवाका क्षेत्रमा रहेका प्रमुख चुनौतीहरूमध्ये प्रमुख रूपले दुर्गम तथा विकट स्थानहरूमा स्थायी रूपमा आँखा सेवाको विस्तार गर्नु, समयानुकुल नयाँ प्रविधिहरू अपनाउनु र आँखा स्वास्थ्य सेवाको सुदृढीकरण गर्नु रहेका छन् । नेपाल नेत्रज्योति संघ आफ्नो कुशल र सक्षम नेतृत्व, समाजसेवीहरू तथा आफ्ना कर्मचारीहरूको अथक प्रयास र दाताहरूको सहयोगबाट नै बर्तमान अवस्थासम्म आइपुगेको र भविष्यमा पनि सबैको सहयोगबाट संघले आफ्ना चुनौतीहरूलाई पार गर्दै अझ बढी सफलता प्राप्त गर्ने अपेक्षा राखेको छ ।

# नेपाल नेत्रज्योति संघका संस्थापक सदस्यहरू

| क्र.सं. | सदस्यको नाम |
|---|---|
| १. | स्व.ब्रिगेडियर जनरल रविशमशेर ज.व.रा |
| २. | प्रा. डा. रामप्रसाद पोखेल |
| ३. | श्री कमलमणि दीक्षित |
| ४. | श्री राजकृष्ण श्रेष्ठ |
| ५. | स्व. वनवारीलाल मित्तल |
| ६. | स्व. तोलाराम दुगड |
| ७. | स्व. बद्रिविक्रम थापा |
| ८. | स्व. अनङ्गमान शेरचन |
| ९. | स्व. मणिहर्ष ज्योति |

## नेपाल नेत्रज्योति संघका संरक्षक

- **प्रा. डा. रामप्रसाद पोखेल**

## केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | प्रा.डा. तीर्थप्रसाद मिश्र | अध्यक्ष |
| २. | प्रा. डा. चेतराज पन्त | उपाध्यक्ष |
| ३. | श्री श्यामकुमार पोखरेल | महासचिव |
| ४. | श्री बामदेव खनाल | कोषाध्यक्ष |
| ५. | श्री भरतबहादुर चन्द | सचिव |
| ६. | श्री हरिप्रसाद शर्मा | सदस्य (प्रवक्ता) |
| ७. | श्रीमती मञ्जु कण्डेल | सदस्य |

| | | |
|---|---|---|
| ८. | सुश्री नर्वदा शर्मा खनाल | सदस्य |
| ९. | श्री चकोरमान शाक्य | सदस्य |
| १०. | श्री पद्मनारायण चौधरी | सदस्य |
| ११. | श्री सागरप्रताप राणा | सदस्य |
| १२. | श्री चक्रबहादुर सिंह | सदस्य |
| १३. | श्री प्रेमबहादुर शाही | सदस्य |
| १४. | श्री द्रोणप्रसाद गुरागाईं | सदस्य |
| १५. | श्री विष्णुदत्त जोशी | सदस्य |
| १६. | श्रीमती भगवती शर्मा | सदस्य |
| १७. | प्रा.डा. दीलबहादुर क्षेत्री | सदस्य (मनोनीत) |
| १८. | श्री गोपालबहादुर सिंह | सदस्य (मनोनीत) |
| १९. | डा. रमेश प्रधान | सदस्य (मनोनीत) |
| २०. | श्रीमती रञ्जना पोखेल | सदस्य (मनोनीत) |

## क्षेत्रीय समन्वय समिति संयोजकहरू

| | | |
|---|---|---|
| १. | श्री पद्मनारायण चौधरी | पूर्वाञ्चल |
| २. | श्री बामदेव खनाल | मध्यमाञ्चल |
| ३. | श्री सागरप्रताप राणा | पश्चिमाञ्चल |
| ४. | श्री प्रेमबहादुर शाही | मध्यपश्चिमाञ्चल |
| ५. | श्री चक्रबहादुर सिंह | सुदूरपश्चिमाञ्चल |

# नेपाल नेत्रज्योति संघअन्तर्गत क्रियाशील जिल्ला शाखाहरू

| पूर्वाञ्चल | |
|---|---|
| क.सं. | जिल्ला |
| १. | ताप्लेजुङ |
| २. | इलाम |
| ३. | मोरङ |
| ४. | धनकुटा |
| ५. | भोजपुर |
| ६. | सङ्खुवासभा |
| ७. | खोटाङ |
| ८. | सिरहा |
| ९. | उदयपुर |

| मध्यमाञ्चल | |
|---|---|
| क.सं. | जिल्ला |
| १. | सर्लाही |
| २. | रौतहट |
| ३. | पर्सा |
| ४. | चितवन |
| ५. | महोत्तरी (तदर्थ समिति) |

| पश्चिमाञ्चल | |
|---|---|
| क.सं. | जिल्ला |
| १. | गोरखा |
| २. | गुल्मी |
| ३. | पाल्पा |
| ४. | अर्घाखाँची |
| ५. | नवलपरासी |
| ६. | रूपन्देही |
| ७. | कपिलवस्तु |
| ८. | कास्की |
| ९. | वाग्लुङ |

| मध्यपश्चिमाञ्चल | |
|---|---|
| क.सं. | जिल्ला |
| १. | प्यूठान |
| २. | दाङ |
| ३. | जुम्ला |
| ४. | कालिकोट |
| ५. | बाँके |
| ६. | हुम्ला |
| ७. | रूकुम (तदर्थ समिति) |
| ८. | मुगु (तदर्थ समिति) |
| ९. | बर्दिया (तदर्थ समिति) |

| सुदूरपश्चिमाञ्चल | |
|---|---|
| क.सं. | जिल्ला |
| १. | कैलाली |
| २. | बैतडी |

## नेपाल नेत्रज्योति संघअन्तर्गत सञ्चालित आँखा अस्पतालहरू

| क.सं. | अस्पतालको नाम | ठेगाना |
|---|---|---|
| १. | आर.एम. केडिया आँखा अस्पताल | वीरगञ्ज |
| २. | गेटा आँखा अस्पताल | गेटा, धनगढी |
| ३. | गौर आँखा अस्पताल | गौर |
| ४. | फत्तेवाल आँखा अस्पताल | नेपालगञ्ज |
| ५. | भरतपुर आँखा अस्पताल | भरतपुर |
| ६. | राप्ती आँखा अस्पताल | दाङ |
| ७. | पाल्पा लायन्स-लाकौल आँखा अस्पताल | पाल्पा |
| ८. | लुम्बिनी नेत्रविज्ञान अध्ययन संस्थान | भैरहवा |
| ९. | डा. विनोद-नीता कँडेल आँखा अस्पताल | नवलपरासी |
| १०. | विराटनगर आँखा अस्पताल | विराटनगर |
| ११. | बुटवल लायन्स आँखा अस्पताल | वुटवल |
| १२. | सगरमाथा चौधरी आँखा अस्पताल | लहान |
| १३. | हिमालय आँखा अस्पताल | पोखरा |
| १४. | छन्द(कालेबाबु) नारायणी आँखा अस्पताल | बहादुरगञ्ज |
| १५. | डा. रामप्रसाद पोखेल आँखा अस्पताल | धनकुटा |
| १६. | महेन्द्रनगर आँखा अस्पताल | महेन्द्रनगर, कञ्चनपुर |
| १७. | लमही आँखा अस्पताल | लमही, दाङ |

## नेपाल नेत्रज्योति संघअन्तर्गत सञ्चालित आँखा उपचार केन्द्रहरू

| क्र.सं. | उपचार केन्द्रको नाम | ठेगाना |
|---|---|---|
| १. | डिचेन डोङ्गला आँखा उपचार केन्द्र | ताप्लेजुङ |
| २. | आँखा उपचार केन्द्र | इलाम |
| ३. | आँखा उपचार केन्द्र | खाँदवारी, सङ्खुवासभा |
| ४. | आँखा उपचार केन्द्र | भोजपुर |
| ५. | आँखा उपचार केन्द्र | म्याङलुङ, तेह्रथुम |
| ६. | आँखा उपचार केन्द्र | इनरूवा, सुनसरी |
| ७. | आँखा उपचार केन्द्र | रङ्गेली, मोरङ |
| ८. | आँखा उपचार केन्द्र | दिक्तेल, खोटाङ |
| ९. | आँखा उपचार केन्द्र | गाईघाट, उदयपुर |
| १०. | आँखा उपचार केन्द्र | कटारी, उदयपुर |
| ११. | आँखा उपचार केन्द्र | राजविराज, सप्तरी |
| १२. | आँखा उपचार केन्द्र | सिरहा बजार, सिरहा |
| १३. | आँखा उपचार केन्द्र | मिर्चैया, सिरहा |
| १४. | शुसिल केडिया सेवा मन्दिर आँखा उपचार केन्द्र | हरिऔन, सर्लाही |
| १५. | आँखा उपचार केन्द्र | मलङ्गवा, सर्लाही |
| १६. | आँखा उपचार केन्द्र | महोत्तरी |
| १७. | आँखा उपचार केन्द्र | निजगढ, बारा |
| १८. | आँखा उपचार केन्द्र | कलैया, बारा |
| १९. | आँखा उपचार केन्द्र | वीरगञ्ज, पर्सा |
| २०. | आँखा उपचार केन्द | भिस्वा, पर्सा |
| २१. | आँखा उपचार केन्द्र | चन्द्रनिगाहपुर, रौतहट |
| २२. | आँखा उपचार केन्द्र | पर्सा बजार, चितवन |
| २३. | आँखा उपचार केन्द्र | टाँडी, चितवन |
| २४. | आँखा उपचार केन्द्र | बसन्तपुर, माडी, चितवन |
| २५. | आँखा उपचार केन्द | चनौली, चितवन |
| २६. | आँखा उपचार केन्द्र | सौराहा, चितवन |
| २७. | आँखा उपचार केन्द्र (शहर) | भरतपुर, चितवन |
| २८. | आँखा उपचार केन्द्र | गोरखा |
| २९. | आँखा उपचार केन्द्र | दमौली, तनहुँ |
| ३०. | आँखा उपचार केन्द्र | भोटेओडार, लमजुङ |
| ३१. | आँखा उपचार केन्द्र | चैनपुर, बाग्लुङ |
| ३२. | आँखा उपचार केन्द्र | वामीटक्सार, गुल्मी |
| ३३. | आँखा उपचार केन्द्र | कुश्मा, पर्वत |
| ३४. | आँखा उपचार केन्द्र | बेनी, म्याग्दी |

| | | |
|---|---|---|
| ३५. | आँखा उपचार केन्द्र | तौलिहवा, कपिलवस्तु |
| ३६. | आँखा उपचार केन्द्र | कावासोती, नवलपरासी |
| ३७. | आँखा उपचार केन्द्र | रामपुर, पाल्पा |
| ३८. | आँखा उपचार केन्द्र | वालिङ, स्याङ्जा |
| ३९. | आँखा उपचार केन्द्र | तमघास, गुल्मी |
| ४०. | आँखा उपचार केन्द्र | शान्तिपुर,गुल्मी |
| ४१. | आँखा उपचार केन्द्र | सन्धिखर्क, अर्घाखाँची |
| ४२. | आँखा उपचार केन्द्र | ठाँडा, अर्घाखाँची |
| ४३. | आँखा उपचार केन्द्र | घोराही, दाङ |
| ४४. | आँखा उपचार केन्द्र | बिजुवार, प्यूठान |
| ४५. | आँखा उपचार केन्द्र | श्रीनगर, सल्यान |
| ४६. | आँखा उपचार केन्द्र | सल्ले, रूकुम |
| ४७. | आँखा उपचार केन्द्र | सानोश्री, बर्दिया |
| ४८. | आँखा उपचार केन्द्र | टीकापुर, कैलाली |
| ४९. | आँखा उपचार केन्द्र | धनगढी, कैलाली |
| ५०. | आँखा उपचार केन्द्र | जुफाल, डोल्पा |
| ५१. | आँखा उपचार केन्द | सुलिचौर, रोल्पा |
| ५२. | आँखा उपचार केन्द्र | खलङ्गा, जुम्ला |
| ५३. | आँखा उपचार केन्द्र | सिमिकोट, हुम्ला |
| ५४. | आँखा उपचार केन्द्र | साँफेबगर, अछाम |
| ५५. | आँखा उपचार केन्द्र | मार्तडी, बाजुरा |
| ५६. | आँखा उपचार केन्द्र | बझाङ |
| ५७. | आँखा उपचार केन्द्र | सिलगढी, डोटी |
| ५८. | आँखा उपचार केन्द्र | गमगढी, मुगु |
| ५९. | आँखा उपचार केन्द्र | मान्म, कालिकोट |
| ६०. | आँखा उपचार केन्द्र | डडेलधुरा |
| ६१. | आँखा उपचार केन्द्र | पाटन, बैतडी |
| ६२. | आँखा उपचार केन्द्र | गोठलापानी, बैतडी |
| ६३. | आँखा उपचार केन्द्र | दार्चुला |
| ६४. | आँखा उपचार केन्द्र | हलेसी, खोटाङ |
| ६५. | आँखा उपचार केन्द्र | बरहथवा, सर्लाही |
| ६६. | आँखा उपचार केन्द्र | ठोरी, पर्सा |
| ७७. | आँखा उपचार केन्द्र | सल्यानटार, धादिङ |
| ६८. | आँखा उपचार केन्द्र | रानीनगर, नवलपरासी |
| ६९. | आँखा उपचार केन्द्र | लुभु, ललितपुर |
| ७०. | आँखा उपचार केन्द | कीर्तिपुर, काठमाडौं |

# अधिवेशनको उद्‌घाटन समारोह विवरण

## केन्द्रीय सभाको तेइसौँ अधिवेशनको कार्यसूची

**२०७३ साल बैशाख १० गते शुक्रबार**

- बिहान: ८:०० बजेदेखि ०९:३० बजेसम्म - **उद्घाटन समारोह**।
- बिहान: १०:०० बजेदेखि ११:०० बजेसम्म - नाम दर्ता एवं अधिवेशन सामग्री बितरण।

**प्रथम बन्दसत्र - दिउँसो: ११:०० बजेदेखि १:०० बजेसम्म**

- सभापतिः श्री हरिप्रसाद शर्मा
- उपसभापतिः श्री इन्द्र फुयाँल

**छलफलका विषयहरू-**

१. तेइसौँ अधिवेशनद्वारा पारित गरिने प्रस्तावहरूका लागि केन्द्रीय अध्यक्षद्वारा गठित प्रस्ताव मस्यौदा समितिको घोषणा

३. अधिवेशनको कार्यसूची प्रस्तुतिकरण।

४. महासचिवबाट वार्षिक प्रतिवेदन र आगामी वर्षको कार्यक्रम प्रस्तुति।

४. कोषाध्यक्षबाट आ.व. २०७३/०७४ को कार्यक्रम तथा अनुमानित आय-व्यय बिवरण (बजेट) प्रस्तुति।

५. कोषाध्यक्षबाट आ.व. २०७१/०७२ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुति।

६. आ.व. २०७२/०७३ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण।

७. बाइसौँ अधिवेशनबाट पारित प्रस्तावहरूको प्रगति विवरण प्रस्तुति।

माथि प्रस्तुत भएका विषयमा छलफल गरी कार्यक्रम र बजेट स्वीकृत गर्ने।

(दिउँसो ०१:३० बजेदेखि ०२:०० बजेसम्म दिवाभोजन)

**दोस्रो सत्र**

**अपरान्ह ०२:०० बजेदेखि ०५:०० बजेसम्म**

- सभापतिः श्री बामदेव खनाल
- उपसभापतिः श्री भरतबहादुर चन्द

**छलफलका विषयहरु**

(क) क्षेत्रीय संयोजकहरूको प्रतिवेदन प्रस्तुति ।

(ख) क्षेत्रगत आधारमा समूह विभाजन र समूहगत छलफल ।

**साँझ ५:०० बजेदेखि ५:३० बजेसम्म चियापान**

**(रात्रीभोज साँझ ७.३० बजे ।)**

**२०७३ बैशाख ११ गते शनिबार (दोस्रो दिन)**

**तेस्रो सत्र**

**विहान ८:०० बजेदेखि ०९:३० बजेसम्म**

- सभापतिः श्रीमती मञ्जु कण्डेल ।
- उपसभापतिः सुश्री शान्ति श्रेष्ठ ।

**छलफलका विषयहरू-**

१. क्षेत्रगत छलफलको निष्कर्ष प्रस्तुतिकरण ।

३. मस्यौदा समितिको प्रतिवेदन प्रस्तुत गर्ने ।

४. अधिवेशनको प्रस्ताव मस्यौदामा छलफल गरी पारित गर्ने ।

५. केन्द्रीय अध्यक्षबाट माइन्यूट तथा पारित प्रस्तावहरूमा हस्ताक्षर गर्ने दुई जना सभासद्हरूको नाम प्रस्तुत गर्ने ।

**समापन सत्रः** बिहान १२:०० बजेदेखि ०१:०० बजेसम्म

- सभापति- प्रा.डा. दीलबहादुर क्षेत्री ।
- उपसभापति- श्री रवीन्द्रलाल चौधरी ।

(दिउँसो ०१:०० बजेदेखि ०२:०० बजेसम्म दिवाभोजन)

# अधिवेशन उद्घाटन कार्यक्रम

**बैशाख १० गते**

१. **आसनग्रहण**

| | | |
|---|---|---|
| १. | सभापति | प्रा.डा. तीर्थप्रसाद मिश्र, अध्यक्ष, नेपाल नेत्रज्योति संघ |
| २. | प्रमुखअतिथि | उपप्रधान मन्त्री तथा महिला बालबालिका तथा समाज कल्याण मन्त्री माननीय चन्द्रप्रकाश मैनाली |
| ३. | संरक्षक, नेपाल नेत्रज्योति संघ | प्रा.डा. रामप्रसाद पोखेल |
| ४. | संघका केन्द्रीय पदाधिकारीहरू | प्रा.डा. चेतराज पन्त- उपाध्यक्ष |
| | | श्री श्यामकुमार पोखरेल-महासचिव |
| | | श्री बामदेव खनाल- कोषाध्यक्ष |
| | | श्री भरतबहादुर चन्द, सचिव |
| | | श्री हरिप्रसाद शर्मा, केन्द्रीय सदस्य (प्रवक्ता) |
| | | श्रीमती मञ्जु कँडेल, सदस्य |
| | | श्री पद्मनारायण चौधरी, केन्द्रीय सदस्य |
| | | श्री सागरप्रताप राणा, केन्द्रीय सदस्य |
| | | श्री चक्रबहादुर सिंह, केन्द्रीय सदस्य, |
| | | श्री द्रोणप्रसाद गुरागाइँ, केन्द्रीय सदस्य |
| | | सुश्री नर्वदा शर्मा खनाल, केन्द्रीय सदस्य |
| | | श्री विष्णुदत्त जोशी, केन्द्रीय सदस्य |
| | | श्रीमती भगवती शर्मा, केन्द्रीय सदस्य |
| | | श्री गोपालबहादुर सिंह, केन्द्रीय सदस्य |
| | | प्रा.डा. दीलबहादुर क्षेत्री, केन्द्रीय सदस्य |
| ५. | आमन्त्रित अतिथिहरू | श्री प्रमुख जिल्ला अधिकारी, कास्की जिल्ला |
| | | श्री प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय, कास्की |
| | | श्री स्थानीय विकास अधिकारी, कास्की |
| | | विभिन्न संघसंस्थाका प्रतिनिधिहरू |
| | | हिमालय आँखा अस्पतालका चिफ मेडिकल डाइरेक्टर |
| | | दात्री निकायका प्रतिनिधिहरू |

नेपाल नेत्रज्योति संघको केन्द्रीय सभाको तेइसौं अधिवेशन २०७३ बैशाख १० र ११ गते कास्की जिल्लाको प्रमुख पर्यटकीय नगरी पोखरामा सम्पन्न भएको छ। उक्त अधिवेशन नेपाल नेत्रज्योति संघ, कास्की शाखा तथा हिमालय आँखा अस्पताल, पोखराको संयुक्त आयोजनामा सम्पन्न भएको थियो।

- संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रको सभापतित्वमा सम्पन्न उक्त अधिवेशनको प्रमुख अतिथि माननीय उप( प्रधान मन्त्री एवं महिला, बालबालिका तथा समाज कल्याण मन्त्री चन्द्रप्रकाश मैनालीले पानसमा बत्ती बालेर उद्घाटन गर्नु भएको थियो।

- कार्यक्रमका प्रमुख अतिथिलाई संघका केन्द्रीय अध्यक्षले माला लगाई स्वागत गर्नुभएको थियो ।

- कार्यक्रमको सुरूमा सामुहिक राष्ट्रिय गान गाइएको थियो ।

२. **स्वागत मन्तव्य– संघका केन्द्रीय सदस्य तथा कास्की शाखाका सभापति प्रा.डा. दीलबहादुर क्षेत्रीबाट**

- नेपाल नेत्रज्योति संघको केन्दीय सभाको तेइसौँ अधिवेशनको उद्घाटन कार्यक्रममा संघका केन्द्रीय सदस्य तथा अधिवेशनको स्थानीय आयोजक कास्की शाखाका सभापति **प्रा.डा. दीलबहादुर क्षेत्रीले** उपस्थित प्रमुख अतिथि, अतिथि तथा सहभागीहरूलाई स्वागत गर्दै स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । आफ्नो स्वागत मन्तव्यका क्रममा प्रा.डा. क्षेत्रीले संघको २३ औं अधिवेशनको आयोजना गर्ने अवसर कास्की शाखालाई दिएकोमा केन्द्रीय कार्यसमितिप्रति कृतज्ञता प्रकट गर्नुहुँदै संघले आँखा स्वास्थ्यका क्षेत्रमा पुऱ्याउँदै आएको योगदान, संघलाई यहाँसम्म ल्याइपुऱ्याउनमा डा. रामप्रसाद पोखेलले खेल्नुभएको भूमिका, संघको सामाजिक दायित्ववोध आदि विषयमा चर्चा गर्नुभएको थियो ।

३. **महासचिव श्यामकुमार पोखरेलबाट संघका गतिविधिमाथि प्रकाश–**

- संघका महासचिव श्यामकुमार पोखरेलले नेपाल नेत्रज्योति संघ केन्द्रीय कार्यसमितिका गतिविधिहरूका बारेमा प्रकाश पार्नुहुँदै संघले विशुद्ध सामाजिक भावनाले आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको र संघको यस कार्यमा सेवाभावले काम गर्ने समाजसेवीहरू, चिकित्सकहरू, कर्मचारीहरू, दात्री संस्थाहरू सबैको सामूहिक योगदान रहँदै आएको उल्लेख गर्नुभयो । १७ आँखा अस्पताल, ७० आँखा उपचार केन्द्रहरूमार्फत् संघले आफ्ना सेवाहरूलाई अधिकतम जनसमुदायसम्म पुऱ्याउने प्रयन्त गर्दै आएको उल्लेख गर्नुहुँदै महासचिव पोखरेलले संघले आफ्ना सेवालाई क्रमशः बिस्तार गर्दै लगेको छ भन्नुभयो ।

**४. सम्मान, पुरस्कार तथा पदक प्रदान**

- कार्यक्रममा संघका महासचिव श्री श्यामकुमार पोखरेलले यस वर्ष नेत्रज्योति संघद्वारा सम्मानित तथा पुरस्कृत हुनुहुने समाजसेवी, नेत्रविशेषज्ञ, प्राविधिक तथा अन्य कर्मचारीहरूको नामको घोषणा गर्नुभयो । सोही समारोहमा प्रमुखअतिथि उपप्रधानमन्त्री तथा महिला, बालबालिका तथा समाज कल्याण मन्त्री सि.पी. मैनालीले सो सम्मान तथा पुरस्कार प्रदान गर्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथिले बैतडीकी समाजसेवी पद्मादेवी लेखकलाई यशस्कर सदस्यताको प्रमाणपत्र पनि प्रदान गर्नुभएको थियो ।

**सम्मान तथा पुरस्कार प्राप्त गर्ने व्यक्तिहरू तथा सम्मान तथा पुरस्कारको किसिम**

**(क) नेत्रज्योति रविशमशेर ज.व.रा. उत्कृष्ट समाजसेवी सम्मान पुरस्कार**

| क्र.सं. | पुरस्कृत समाजसेवीहरू | योगदानको क्षेत्र | सम्मान/पुरस्कार |
|---|---|---|---|
| १. | डा. नन्द श्रेष्ठ | संघलाई पुऱ्याएको अतुलनीय सेवा र योगदानका लागि | सम्मानपत्र र रू. ६६,६६६।६७ |
| २. | डा. शम्भूप्रसाद लाखे | संघलाई पुऱ्याएको अतुलनीय सेवा र योगदानका लागि | सम्मानपत्र र रू. ६६,६६६।६७ |
| ३. | बाँके जिल्ला शाखा | संघको उन्नति र प्रगतिमा पुऱ्याएको उल्लेखनीय योगदानका लागि | सम्मानपत्र र रू. ६६,६६६।६७ |

**(ख) नेत्रज्योति डा. निकोल ग्रासेट सम्मान पुरस्कार**

| क्र.सं. | पुरस्कृत व्यक्तित्व | योगदानको क्षेत्र | सम्मान/पुरस्कार |
|---|---|---|---|
| १. | डा. रघुनन्दन ब्याँञ्जु | आँखा स्वास्थ्य उपचार सेवामा पुऱ्याएको उल्लेखनीय योगदानका लागि | सम्मानपत्र र रू. ६६,६६६।६७ |

**(ग) नेत्रज्योति सम्मान पुरस्कार**

| क्र.सं. | पुरस्कृत व्यक्तित्व | योगदानको क्षेत्र | सम्मान/पुरस्कार |
|---|---|---|---|
| १. | श्री सूर्य बहादुर बस्नेत (नेत्र सहायक, गुल्मी आँखा उपचार केन्द्र) | लामो समयदेखि संघमा आवद्ध रहि उत्कृष्ट सेवा प्रदान गरेवापत | सम्मानपत्र र रू. ३३,३३३।३४ |
| २. | श्री रियाजुद्दीन राईन (नेत्र सहायक, गौर आँखा अस्पताल) | लामो समयदेखि संघमा आवद्ध रहि उत्कृष्ट सेवा प्रदान गरेवापत | सम्मानपत्र र रू. ३३,३३३।३४ |

**५. शुभकामना मन्तव्य**

**प्रमुख अतिथि माननीय उपप्रधान तथा महिला, बालबालिका तथा समाजकल्याण मन्त्री चन्द्रप्रकाश मैनालीबाट-**

- नेपाल नेत्रज्योति संघको तेईसौ केन्द्रीय अधिवेशनको उद्घाटन कार्यक्रममा मन्तव्य दिनुहुँदै माननीय उपप्रधान तथा महिला, बालबालिका तथा समाजकल्याण मन्त्री चन्द्रप्रकाश मैनालीले डा. पोखेलकै विगतको योगदानका कारण आज विभिन्न व्यक्तित्वहरूले सम्मानित हुने सुअवसर प्राप्त गर्नुभएको र डा. पोखेलको निःस्वार्थ सेवाभावलाई अनुसरण गरेर संघलाई अझ अगाडि बढाउन उल्लेखनीय भूमिका निर्वाह गर्नुपर्ने सुझाव दिनुभयो ।

- संघले आँखा स्वास्थ्यका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गर्नुहुँदै उपप्रधानमन्त्री मैनालीले संघले धेरै मानिसलाई गुमेको ज्योति फर्काउने काम गरेर देशलाई नै ठूलो गुन लगाएको छ भन्नुहुँदै संघ र सरकारबीच राम्रो सहकार्य भैरहेको र आगामी दिनमा संघलाई सरकारको सहयोग बढाउनेतर्फ आफूले पहल गर्ने बताउनु भयो ।

- संस्थाको आत्मनिर्भरताका लागि संघले अवलम्बन गरेको नीति अनुकरणीय रहेको छ भन्नुहुँदै उपप्रधानमन्त्री मैनालीले संघलाई सहयोग गर्दैआएका दात्री संस्थाहरूलाई पनि धन्यवाद दिनुभयो । वहाँले आँखा स्वास्थ्यका नयाँ नयाँ क्षेत्रमा पनि सहयोग गर्न दात्री संस्थाहरूलाई अनुरोध गर्नुहुँदै जीवनस्तरमा परिवर्तन हुँदै जाँदा थपिदै गएका नयाँ नयाँ आँखाका रोगहरूको अध्ययन तथा अनुसन्धानमा संघले गरिरहेको कार्यको पनि प्रशंशा गर्नुभयो ।

- उपप्रधानमन्त्री मैनालीले सामाजिक क्षेत्रमा कार्य गर्दै आएको नेत्रज्योति संघसँग समाजकल्याण मन्त्रालयको पनि निकट सम्बन्ध हुनुपर्नेमा त्यस्तो नदेखिए पनि आगामी दिनमा संघसँग मन्त्रालयको निकट सम्बन्ध र सहकार्य हुनु आवश्यक रहेको चर्चा गर्नुभयो । साथै वहाँले समाजकल्याणसम्बन्धी नयाँ ऐन ल्याउन लागिएको र यसले सामाजिक कार्यसँग सम्बन्धित धेरै समस्याहरूको समाधानमा सहयोग पुग्ने जानकारी पनि दिनुभयो ।

- मन्तव्यको क्रममा उपप्रधानमन्त्री मैनालीले मानिसलाई दृष्टि प्रदान गर्ने संघको कार्यको ठूलो मूल्य र महत्व छ र यो साह्रै ठूलो अभियान पनि हो भन्नुहुँदै मानिसको मनको आँखा खोल्ने कार्यमा पनि यस्तै समाजसेवी संस्थाहरूले भूमिका खेल्नु आवश्यक छ भन्नुभयो ।

- संरक्षक (आँखा बा) प्रा.डा. रामप्रसाद पोखेलबाट-

- तेईसौं केन्द्रीय सभाको अधिवेशनलाई सम्बोधन गर्नुहुँदै संघका संरक्षक प्रा.डा. रामप्रसाद पोखेलले नेपालमा आँखा स्वास्थ्य सेवाको विकासमा संघले खेलेको भूमिका र योगदानको चर्चा गर्नुभयो । प्रा.डा. पोखेलले कुनै पनि कार्य प्रतिवद्धताका साथ गर्ने हो भने सबै क्षेत्रबाट सहयोग र साथ मिल्ने उदाहरण नेपाल नेत्रज्योति संघले आज हासिल गरेको उपलब्धि नै हो भन्नु

भयो । प्रा.डा. पोखेलले जुन बेला सरकारले आँखा स्वास्थ्यलाई कुनै महत्व दिएको थिएन त्यो बेला संघले विभिन्न दात्री संस्थाहरूको साथ र सहयोगबाट आँखा स्वास्थ्य सेवा प्रारम्भ गरेको थियो, आज मुलुक आँखा स्वास्थ्य सेवामा आत्मनिर्भर बन्न पुग्नुका पछाडि संघको भूमिका र योगदान नै महत्वपूर्ण र उल्लेखनीय रहेको बताउनु भयो ।

- संघले आज आफ्नो सेवालाई दिगो बनाउन जनशक्ति उत्पादनमा पनि विशेष ध्यान दिँदै आएको बताउनु हुँदै संरक्षक प्रा.डा. पोखेलले संघसामू नयाँनयाँ चुनौतीहरू पनि थपिदै गएको, खासगरी बढदो उमेर, जनसंख्याको चाप, र नयाँ नयाँ आँखाका रोगहरूका कारण संघले आफ्ना सेवालाई अझ प्रभावकारी बनाउनु पर्ने खाँचो रहेको चर्चा गर्नुभयो ।

- आफ्नो मन्तव्यका क्रममा संरक्षक प्रा.डा. पोखेलले दात्री संस्थाको सहयोगमा मात्र सधैँ भर परिरहन सकिदैन अतः संघमातहतका अस्पतालहरूले आत्मनिर्भरताको नीतिलाई अवलम्बन गर्दै लानुपर्ने, संघले जनसहभागिता बढाउँदै लैजानुपर्ने तथा आँखा स्वास्थ्यका क्षेत्रमा सरकारको संलग्नता पनि बढाउँदै जानुपर्ने सुझाव पनि दिनुभयो ।

- श्री सागरप्रताप राणा, (केन्द्रीय कार्यसमितिमा पश्चिमाञ्चल क्षेत्रका क्षेत्रीय सदस्य)-

- कार्यसमितिका सदस्य तथा पश्चिमाञ्चल क्षेत्रका क्षेत्रीय सदस्य श्री सागरप्रताप राणाले शुभकामना मन्तव्य व्यक्त गर्नुहुँदै यस क्षेत्रमा ५ वटा आँखा अस्पताल रहेको र यी अस्पतालहरूले पूर्वमा ताप्लेजुङ तथा धनकुटा सम्मका आँखा अस्पताल तथा उपचार केन्द्रहरूलाई सहयोग गर्दै आएको बताउनु भयो । वहाँले आँखा स्वास्थ्य सेवा प्रवाहमा यस क्षेत्रको उल्लेखनीय भूमिका रहँदै आएको चर्चा गर्नुहुँदै तराई क्षेत्रका अस्पतालहरूले आर्जन गरेको आम्दानीले पहाडमा सेवा प्रदान गर्न सहयोग पुग्दै आएको र भविष्यमा सेवा विस्तार गर्दै जाने लक्ष्य रहेको जानकारी पनि दिनुभयो । उक्त अवसरमा श्री राणाले आँखा स्वास्थ्य सेवाको विकासले अन्य क्षेत्रको विकासमा पनि प्रत्यक्ष सहयोग मिल्दै आएको उल्लेख गर्नु भयो ।

- सम्मानित समाजसेवीका तर्फबाट डा. नन्द श्रेष्ठ-

- सम्मानित समाजसेवीहरूका तर्फबाट कास्की शाखाका डा. नन्द श्रेष्ठले सामाजिक हितमा गरेको आफ्नो कार्यको मूल्याङ्कन गर्दै आफूहरूलाई सम्मानित एवं पुरस्कृत गरेकोमा संघप्रति आभार व्यक्त गर्नुभयो । मन्तव्यको क्रममा डा. श्रेष्ठले भन्नुभयो 'संघका हरेक कार्यलाई कास्की शाखाले साथ र सहयोग गर्दै आइरहेको र भोलीका दिनमा पोखरालाई यस पश्चिमाञ्चल क्षेत्रकै प्रमुख आँखा स्वास्थ्य केन्द्र बनाउनेतर्फ हामी निरन्तर प्रयत्नशील छौ यसमा संघको केन्द्रीय कार्यसमितिले पनि अवश्य नै साथ दिनेछ' ।

- दात्री निकायहरूका तर्फबाट श्री हरिशरण बिष्ट (प्रतिनिधि, NABP)-

- नेपाल नेत्रज्योति संघका विकास साझेदार संस्थाहरूका तर्फबाट ल्ब्यए का नेपाल प्रतिनिधि श्री हरिशरण बिष्टले आफ्नो शुभकामना मन्तव्य दिनुहुँदै संघमा डा. रामप्रसाद पोखेलको योगदानको चर्चा गर्नुहुँदै सही र कुशल उत्तराधिकारीलाई संघको नेतृत्व हस्तान्तरण गरेर डा. पोखेलले संघलाई सही मार्गदर्शन गर्नुभएको छ भन्नुभयो । श्री बिष्टले सामाजिक कार्यको सफलतामा सेवा र सूचनाप्रवाह दुवै आवश्यक हुन्छ भन्दै संघले पनि सेवाका साथै आफ्ना सेवाहरूको प्रचार र सुसुचित गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनु भयो । वहाँले संघले स्थानीय स्रोत र जनसहभागिता जुटाउन खेलेको भूमिकाको पनि प्रशंशा गर्नुभयो । नेपाल नेत्रज्योति संघजस्तो संस्थासँग मिलेर काम गर्न पाउँदा आफ्नो संस्थाले पनि गर्व महसुस गरेको वहाँले बताउनु भयो ।

- श्री आनन्दराज मुल्मी, नेपाल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष-

- शुभकामना मन्तव्य दिनुहुँदै नेपाल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष श्री आनन्दराज मुल्मीले संघको २३ औं अधिवेशन पोखरामा आयोजना गर्न पाउँदा आफूलाई खुशी लागेको बताउनु हुँदै संघअन्तर्गतको हिमालय आँखा अस्पतालले आज राम्रो प्रगति गरेको र यसका पछाडि संघ र अस्पतालबीचको समन्वयको महत्वपूर्ण भूमिका रहेको बताउनु भयो । पूर्व अध्यक्ष श्री मुल्मीले समाजकल्याण मन्त्रालयले गैरसरकारी संस्थाहरूको कार्य र गतिविधिहरूलाई सही रूपले अनुगमन र व्यवस्थापन गर्न आवश्यक रहेकोमा जोड दिनुहुँदै गैरसरकारी स्रस्थाहरूको विकास कार्यमा महत्वपूर्ण योगदान रहिआएको भए पनि तिनलाई पारदर्शी तुल्याउनु पनि उत्तिकै अत्यावश्यक रहेको बताउनु भयो ।

६. आँखा दानको घोषणा-

- संघको उद्घाटन कार्यक्रममा नै कास्कीका समाजसेवी तथा वरिष्ट मानवअधिकारकर्मी श्री टेकनाथ बरालले मरणोपरान्त आँखा दानको घोषणा गर्नुभयो ।

७. प्रमुख अतिथिलाई मायाको चिनो प्रदान- सोही कार्यक्रममा प्रमुख अतिथि उपप्रधान तथा महिला, बालबालिका तथा समाजकल्याण मन्त्री माननीय चन्द्रप्रकाश मैनालीलाई संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्र तथा कास्की शाखाका सभापति प्रा.डा. दीलबहादुर क्षेत्रीले मायाको चिनो प्रदान गर्नुभयो ।

८. कार्यक्रमका सभापति एवं केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रबाट समापन मन्तव्य-

- संघको तेईसौँ केन्द्रीय अधिवेशनको उद्घाटन कार्यक्रमको समापन गर्दै संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रले संघका संरक्षक प्रा.डा. रामप्रसाद पोखेलले देखाउनु भएको बाटोलाई नै अनुसरण गर्दै संघलाई अगाडी बढाउने कार्य भैरहेको बताउनु हुँदै एउटा गैरसरकारी संस्था भएर पनि संघले आज देशकै राष्ट्रिय दायित्वलाई निर्वाह गर्ने कार्य गर्दै आएको छ भन्नुभयो । अध्यक्ष प्रा.डा. मिश्रले यस अधिवेशनले संघका सामू विद्यमान चुनौतिहरूको समीक्षा गर्दै अगाडी बढन मार्गदर्शन प्रदान गर्ने विश्वास पनि व्यक्त गर्नुभयो ।

- प्रा.डा. मिश्रले संघले जनचेतना अभिबृद्धि, जनशक्तिको उत्पादन, अनुसन्धान तथा सेवाको गुणस्तरमा सुधारका लागि महत्वपूर्ण कार्य गर्दै आएको बताउनु हुँदै हिमालय आँखा अस्पतालले यस क्षेत्रकै अन्धोपन निवारणमा महत्वपूर्ण योगदान दिँदै आएको र संघ र सो अस्पतालबीचको सहकार्य र समन्वयले नै यो उपलब्धि हासिल गर्न सम्भव भएको चर्चा गर्नुभयो ।

- उक्त अवसरमा प्रा.डा. मिश्रले संघले आफ्नो भविष्यद्रष्टा रणनीति तयार पारिसकेको जानकारी गराउनुहुँदै सोही रणनीतिका आधारमा आँखा स्वास्थ्यका क्षेत्रमा भविष्यमा आउने चुनौतीहरुको सामना गर्न संघ तयार रहेको पनि जानकारी गराउनु भयो ।

- अध्यक्ष प्रा.डा. मिश्रले आफ्नो समापन मन्तव्यकै क्रममा प्रमुख अतिथि माननीय महिला, बालबालिका तथा समाज कल्याण मन्त्री, स्थानीय आयोजक कास्की शाखा तथा हिमालय आँखा अस्पतालका साथै अधिवेशन सम्पन्न गर्न सहयोग गर्नुहुने सबैलाई धन्यबाद दिँदै उद्घाटन कार्यक्रमको समापन गर्नुभयो ।

# बन्दसत्र सम्बन्धी गतिविधिहरू

# अधिवेशनको बन्दसत्रसम्बन्धी गतिविधिहरू

**वि.सं. २०७३ बैशाख १० गते**

**प्रथम बन्दसत्र**

**सभापति- श्री हरिप्रसाद शर्मा (प्रवक्ता, केन्द्रीय कार्यसमिति)**

**उपसभापति- श्री इन्द्र फुयाँल (सभापति, ईलाम शाखा)**

- बन्दसत्रको प्रारम्भमा सभामा कुल १५४ जना सभासद्हरूको सहभागिता रहेकोले गणपूरक संख्या पुगेको जानकारी दिइएको थियो । (उपस्थित सभासद्हरूको नामावली **परिशिष्ट-१** मा दिइएको छ ।)
- सत्रका सभापतिबाट प्रस्तुत संघको केन्द्रीय सभाको २३ औं अधिवेशनको कार्यसूचीलाई पारित गरिएको थियो ।
- त्यसपछि प्रस्ताव मस्यौदा गरी सभामा पेश गर्न केन्द्रीय अध्यक्षबाट देहायका सभासद्हरू रहनुभएको एक प्रस्ताव मस्यौदा समितिको गठन गरिएको जानकारी गराइएको थियो ।
- प्रस्ताव मस्यौदा समिति देहायबमोजिम रहेको थियो:

**प्रस्ताव मस्यौदा समितिका सदस्यहरू**

| | |
|---|---|
| १. श्री हरिप्रसाद शर्मा (प्रवक्ता) | संयोजक |
| २. श्रीमती मञ्जु कण्डेल | सदस्य |
| ३. श्री रवीन्द्रलाल चौधरी | सदस्य |
| ४. श्री विजय सिंह | सदस्य |
| ५. श्री कृष्णराज धरेल | सदस्य |
| ६. श्रीमती लता कट्टेल | सदस्य |
| ७. श्री जीवनाथ शर्मा जैशी | सदस्य |

**सहजकर्ताहरू**

- १. श्री शैलेसकुमार मिश्र
- २. प्रा.डा. घनश्याम भट्टराई
- ३. प्रा.डा. ज्ञानबहादुर कार्की
- ४. डा. उद्धव पुरी

## प्रतिवेदन प्रस्तुति

- संघका केन्द्रीय महासचिव श्री श्यामकुमार पोखरेलले आ.व. २०७२/७३ को वार्षिक प्रतिवेदन र आ.व. २०७३/७४ को आर्थिक वर्षको कार्यक्रम प्रस्तुत गर्नुभयो । (प्रतिवेदनको पूर्ण पाठ **परिशिष्ट-२** मा दिइएको छ ।)

- संघका केन्द्रीय कोषाध्यक्ष श्री वामदेव खनालले संघको आ.व. २०७२/७३ को आर्थिक प्रतिवेदन, आ.व. २०७३/७४ को बार्षिक बजेट कार्यक्रम तथा लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गर्नुभयो । (प्रतिवेदनको पूर्ण पाठ **परिशिष्ट-३** मा दिइएको छ ।)

- संघका केन्द्रीय कोषाध्यक्ष श्री वामदेव खनालले आफ्नो आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै निम्न तीन प्रस्तावहरू पारित गर्नका लागि सभामा प्रस्तुत गर्नुभयो ।

  १. आ.व. २०७१/७२ को लेखापरीक्षण प्रतिवेदन प्रस्ताव ।

  २. आ.व. २०७३/७४ को आय-व्ययको प्रस्ताव ।

  ३. आ.व. २०७२/७३ को लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिकसम्बन्धी प्रस्ताव ।

- संघका कोषाध्यक्ष श्री बामदेव खनालले बाईसौं अधिवेशनले पारित गरेका प्रस्तावहरूको कार्यान्वयनको प्रगतिको विवरण प्रस्तुत गर्नुभयो ।

- महासचिव तथा कोषाध्यक्षबाट प्रस्तुत वार्षिक प्रतिवेदन तथा आर्थिक प्रतिवेदनहरूउपर सभासद्हरूबाट छलफल प्रारम्भ ।

**महासचिव तथा कोषाध्यक्षद्वारा प्रस्तुत प्रतिवेदनउपर छलफल**

महासचिव तथा कोषाध्यक्षबाट प्रस्तुत प्रतिवेदनहरूउपर निम्न सभासद्हरूबाट जिज्ञासा राखिएको थियो ।

| क्र.सं. | सहभागी सभासद्को नाम | जिल्ला |
|---|---|---|
| १. | श्री केशवप्रसाद अधिकारी | चितवन |
| २. | श्री सुरेन्द्रबहादुर खड्का | दाङ |
| ३. | श्री अखिलेश्वर प्रसाद पाण्डेय | गुल्मी |
| ४. | श्री चिजकुमार मास्के | चितवन |
| ५. | श्री रमेशबहादुर शाह | बाँके |
| ६. | श्री लक्ष्मीदत्त पाण्डे | बैतडी |
| ७. | श्री तेज मोक्तान | भोजपुर |
| ८. | श्री लक्ष्मीचरण श्रेष्ठ | चितवन |
| ९. | श्री विष्णुलाल कुमाल | बाँके |
| १०. | श्री भीमसेन कार्की | पाल्पा |
| ११. | श्री गोपीचन्द्र बरनवाल | बाँके |
| १२. | श्री सुरेन्द्रबहादुर खडका | दाङ |
| १३. | श्री राजेन्द्रप्रसाद पन्थी | रूपन्देही |
| १४. | श्री रवीन्द्रलाल चौधरी | सिरहा |

**छलफलमा सभासद्हरूबाट उठाइएका जिज्ञासाहरू**

- प्रवक्ता तोक्ने अधिवेशनमा बोल्नका लागि मात्र या शाखाका कार्यक्रमहरू बारे जानकारी गराउने उद्देश्यले ।
- संघका शाखाहरूको संख्यामा फरक फरक संख्या लेखियो सहि कुन हो ?
- डिस्ट्रेस चिल्ड्रेनको सहायतामा सञ्चालित कार्यक्रमको सञ्चालन सोझै केन्द्रले गरेको हो वा कुन अस्पताल/शाखामार्फत् भएको हो स्पष्ट भएन ।
- संघ र NAMS बीच सम्झौता भएको कुरा प्रतिवेदनमा उल्लेख छ तर भरतपुर आँखा अस्पतालमा पनि MD Opthalmology को कार्यक्रम सञ्चालन गर्ने योजना रहेको कुरा भने प्रतिवेदनमा आएन ।
- प्रतिवेदन महत्वपूर्ण छ । प्रतिवेदनले सबै कुरा समेटेको छ । तर छुटेका कुरालाई पनि समावेश गरियोस ।
- यो प्रतिवेदनबाट आँखा स्वास्थ्य सेवालाई अझ प्रभावकारी तुल्याउन मद्दत पुग्ने विश्वास छ ।
- राप्ती र कपिलवस्तुमा आँखा शिक्षा कार्यक्रमअन्तर्गत CTEVT बाट स्वीकृति लिई कक्षा सञ्चालनको व्यवस्था गरियोस ।
- अधिवेशनमा प्रतिनिधित्व गराउँदा हाल ३ अस्पताल भएपनि १ जनाको मात्र प्रतिनिधित्वको व्यवस्था रहेकोमा ३ जनाको प्रतिनिधित्वको व्यवस्था गरियोस ।
- कान उपचार सेवा आँखा उपचार जस्तो प्रभावकारी हुन सकेको छैन । पर्याप्त उपकरण तथा जनशक्तिको अभावको कारण ग्रामीण क्षेत्रसम्म सेवा पुऱ्याउन सकिएको छैन । यस विषयलाई प्रतिवेदनले समेटन सकेको देखिएन ।
- छात्रवृत्तिमा अध्ययन गरेका नेत्रसहायक, नेत्रचिकित्सकहरूले करार अवधि नसकिदै हर्जाना तिरेर सेवा छाडेर जाने गर्दा उपचार सेवा नै प्रभावित हुने गरेको छ । यस्तो प्रवृत्तिलाई निरूत्साहित गर्न केन्द्रले ठोस नीति ल्याउनु आवश्यक छ ।
- क्षेत्रीय समन्वय समितिका सम्बन्धमा विधानमा नै व्यवस्था गरिनु आवश्यक छ ।
- संघको संरचनालाई अब संघीय संरचनाअनुकुल बनाउनु आवश्यक देखिन्छ ।
- बाह्य लेखापरीक्षणका लागि जिल्लाले ३ जना लेखापरीक्षकको नाम केन्द्रमा पठाई केन्द्रको स्वीकृतिमा मात्र लेखापरीक्षण गराउनुपर्ने भन्ने व्यवस्थामा केही अस्पष्टता देखियो स्पष्ट गरियोस ।
- प्रतिवेदन राम्रो हुँदाहुँदै पनि केही कार्यक्रमहरू छुट्न गएका छन् तिनलाई समावेश गरियोस ।
- आगामी वर्ष कुन कुन आँखा अस्पताल तथा उपचार केन्द्रमा कानको उपचार सेवा प्रारम्भ हुने हो भन्ने पनि प्रतिवेदनमा आएको भए राम्रो हुन्थ्यो ।
- बैतडीको पाटन आँखा उपचार केन्द्रमा पनि कान उपचार सेवा प्रारम्भ गरियोस ।
- छात्रवृत्तिको कोटा के आधारमा कुन क्षेत्रलाई प्रदान गरिन्छ स्पष्ट हुनुपऱ्यो ।
- नेपाल सरकारको ऐन आएपछि मात्र संघको संघीय संरचनाबारे छलफल गर्दा राम्रो हुन्छ ।
- हेल्प मि सीसँग सम्झौता मात्र भएको उल्लेख प्रतिवेदनमा छ तर कार्यक्रम नै सुरू भैसकेको अवस्थामा सोको भने उल्लेख भएन ।
- भरतपुर आँखा अस्पतालमा MD Ophthalmology कार्यक्रम सञ्चालन गर्ने आगामी योजनामा रहे पनि सो कुरा प्रतिवेदनमा परेको पाइएन ।

- सेवा फाउण्डेसन तथा भारतीय दूतावासबाट प्राप्त अनुदान रकमलाई बजेट कार्यक्रममा आम्दानी बाँधिएको देखिएन ।
- केन्द्रीय कार्यालय खर्चमा केन्द्रको र प्रोजेक्टको तलव खर्च अलग अलग उल्लेख गरिएको छ । यसलाई व्यवस्थित गरियोस ।
- संघका केन्द्रीय कार्यालय कर्मचारी र प्रोजेक्टका कर्मचारीको भिन्नता देखिएन ।
- केन्द्रलाई कुन कुन निकायले सहयोग गरेका छन् त्यो पनि प्रतिवेदनमा आउनु राम्रो हुन्छ ।
- आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आँखा स्वास्थ्य सेवा प्रदायकहरूलाई स्वास्थ्य कर तथा आँखा उपचारमा आवश्यक उपकरणमा भन्सार तथा अन्य करहरू लगाइनु उपयुक्त हुँदैन । यसमा केन्द्रले आवश्यक पहल गर्नुपर्‍यो ।
- आँखा बाको नामबाट पनि संघले पुरस्कार राख्नु पर्दछ ।
- आँखा स्वास्थ्य सेवालाई प्रभावकारी तुल्याउन उच्च जनशक्तिको खाँचो छ । केन्द्रले उच्च जनशक्ति उत्पादनमा विशेष जोड दियोस ।
- अस्पतालहरूले केन्द्रको कार्यक्रम सञ्चालन गर्दा जिल्ला शाखासँग पनि समन्वय गरेर सञ्चालन गरून ।
- अस्पतालहरूले केन्द्रबाट पाउने शोधभर्ना रकम ढीलो गरी प्राप्त हुँदा लेखापरीक्षण गर्न कठिनाई भैरहेको छ ।
- संघले सम्मान गरेका व्यक्तिहरूको विवरण पनि प्रतिवेदनमा समावेश गरियोस ।
- शाखाहरूले स्थानीय निकायहरूसँग समन्वय गरेर सञ्चालन गरेका कार्यक्रमहरू पनि प्रतिवेदनमा समावेश हुनसके राम्रो हुन्थ्यो ।
- संघले एकीकृत रूपमा उपचारसम्बन्धी तथ्याँकहरू प्रकाशन गर्ने कार्य गरोस ।
- रूपन्देही शाखाले लेखापरीक्षणवापत केन्द्रलाई रू. २५००० पठाउने भन्ने उल्लेख छ बजेटमै नभएको रकम कसरी र कुन व्यवस्थाअनुसार पठाउने हो ?
- बजेटका शिर्षकहरूलाई समयसापेक्ष तुल्याइयोस ।
- अस्पताल तथा उपचार केन्द्रहरूलाई अधिक केन्द्रमुखी बनाउँदै लगेको महसुस भएको छ बरू विकेन्द्रित गरिनु पर्दछ ।
- शाखाहरूका लागि केन्द्रले लेखापरीक्षण तोक्ने व्यवस्था उपयुक्त छैन ।
- यस अधिवेशनमा पर्यवेक्षकको व्यवस्था किन हुन सकेन ? यसलाई निरन्तरता दिइयोस ।
- आर्थिक प्रतिवेदनमा पारदर्शिताको कुरा गरिए पनि स्वयं सो प्रतिवेदनमा कुन दात्री संस्था, निकायबाट कति प्राप्त भएको हो स्पष्ट पाइदैन ।
- संघका गतिविधिहरू धेरै बिस्तार हुँदै गएका छन् । यसले आफ्ना गतिविधिहरूलाई प्रकाशन गर्दै लानुपर्दछ ।
- वार्षिक प्रतिवेदन समयमै जिल्लामा पठाएर अध्ययन छलफल गरी सुझाव दिने व्यवस्था गरे अधिवेशनमा समयको बचत हुने थियो ।
- आर्थिक प्रतिवेदनमा ह्रास कट्टीलाई खर्चमा पनि लेखिएको र आम्दानी पनि देखाइएको बुझिएन ।
- शाखाका सभापति पनि दुई कार्यकालभन्दा बढी निर्वाचित हुन नपाउने भन्ने पत्र प्राप्त भएको छ स्पष्ट गरियोस ।

- अघिल्लो अधिवेशनले मोतीबिन्दूरहित गा.वि.स. घोषणा गर्दै लाने प्रस्ताप पारित गरेको सोको कार्यान्वयन स्थिति के छ ?
- महिला सेवाग्राहीको संख्या बढाउनेतर्फ प्रगति हुन सकेन ।
- मध्यमाञ्चल क्षेत्रमा संघको संगठन बिस्तार अत्यावश्यक छ । केन्द्रले आवश्यक पहल गरोस ।
- धरौटीसम्बन्धी समस्यालाई यथाशिघ्र समाधान गरियोस ।

**छलफलमा उठेका प्रश्न तथा जिज्ञासाहरूको महासचिव श्यामकुमार पोखरेल तथा कोषाध्यक्ष बामदेव खनालले थप स्पष्ट पार्नुका साथै प्रत्यूत्तर दिनुभयो । उक्त अवसरमा प्रतिवेदनमा रहेका त्रुटिहरू औंल्याई दिएकोमा महासचिव तथा कोषाध्यक्षले सभासद्हरूलाई धन्यवाद दिनुका साथै प्रतिवेदनमा छुटेका कुराहरूलाई समावेश गर्ने जानकारी दिनुभयो ।**

**छलफलपश्चात महासचिव तथा कोषाध्यक्षका प्रतिवेदनहरू सर्वसम्मतिले पारित गरिए ।**

**केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रबाट सभालाई सम्बोधन :**

- केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रले सभालाई सम्बोधन गर्नु हुँदै सभासदहरूबाट अत्यन्त सराहनीय सुझावहरू आएकोमा धन्यवाद दिनुहुँदै प्राप्त सुझावहरूलाई संघले मार्गदर्शनका रूपमा लिने र प्रतिवेदन प्रकाशन गर्दा उक्त सुझावहरुलाई समेत समेटिने विश्वास दिलाउनु भयो । WOC आँखा स्वास्थ्य क्षेत्रमा कार्य गर्ने संस्थाहरुको सम्मेलन हो यसमा संघको प्रतिनिधित्व हुने गर्दछ । अतः यसमा संघका स्वयंसेवक र आवश्यकताअनुसार नेत्रचिकित्सकहरु पनि जान सक्दछन् भन्नुहुँदै अध्यक्ष प्रा.डा. मिश्रले कार्यक्रमको उद्देश्यअनुसार प्रतिनिधित्व हुने भएकाले यसलाई सोही रुपमा बुझ्न अनुरोध गर्नुभयो ।
- आफ्नो मन्तव्यका क्रममा अध्यक्ष प्रा.डा. मिश्रले संघले सकेसम्म विकेन्द्रित नीति अवलम्बन गर्दै गएको केवल केन्द्रीय समन्वय मात्र गर्न खोजिएको भन्दै यसमा शाखाहरूबाट पनि ठोस सुझावको अपेक्षा गरिएको जानकारी गराउनु भयो । वहाँले संघका संरक्षक आँखा बाको सम्मानमा संघले कुनै कमी गरेको छैन बरू अन्तर्राष्ट्रिय स्तरमै वहाँको नाममा पुरस्कार स्थापना गरिएको, वहाँकै नाममा आँखा अस्पताल स्थापना भएको जानकारी समेत दिनुभयो ।
- संघको उन्नति र प्रगतिमा स्थानीय समुदायको सहयोग र समाजसेवीहरूको भूमिका सदैव उच्च रहिआएको चर्चा गर्नुहुँदै प्रा.डा. मिश्रले सभासद्हरूको मूल्याङ्कन नै हाम्रो मूल्याङ्कन भएकाले संघले सभासद्हरूको सुझावलाई उच्च महत्व दिने जानकारी गराउनु भयो ।

**प्रथम बन्द सत्रका सभापति श्री हरिप्रसाद शर्माबाट सत्रको समापन**

- बन्द सत्रका सभापति श्री हरिप्रसाद शर्माले सङ्क्षिप्त मन्तव्यसहित सत्रको समापनको घोषणा गर्नुभयो ।

## दोस्रो बन्दसत्र

**सभापति- श्री बामदेव खनाल, (क्षेत्रीय सदस्य एवं कोषाध्यक्ष, केन्द्रीय कार्यसमिति)**

**उपसभापति- श्री भरतबहादुर चन्द (सदस्य, केन्द्रीय कार्यसमिति)**

- प्रथम दिनको दोस्रो सत्रमा संघका क्षेत्रीय समन्वय समितिका सभापतिहरूबाट आआफ्ना क्षेत्रमा सम्पन्न क्षेत्रीय गोष्ठीहरूको प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रम रहेको थियो ।
- यस वर्ष भूकम्प, मधेस आन्दोलन तथा नाकाबन्दीका कारण सबै क्षेत्रमा क्षेत्रीय गोष्ठीहरु सञ्चालन हुन नसकेकाले पूर्वाञ्चल स्तरीय क्षेत्रीय समन्वय समितिका सभापति श्री पद्मनारायण चौधरीले मात्र आफ्नो प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

**क्षेत्रगत समूह विभाजन**

- यस तेईसौँ केन्द्रीय अधिवेशनमा विभिन्न जिल्ला शाखाहरूबीच निम्न विषयहरुमा छलफल गरी सामूहिक प्रस्ताव तथा प्रतिवेदन प्रस्तुत गर्न सहभागी जिल्ला शाखाहरूलाई निम्न समूहमा विभाजन गरी छलफलको व्यवस्था गरिएको थियो ।

**समूहगत छलफलका विषयहरु**

१. सघीय संरचनामा नेपाल नेत्रज्योति संघको संगठनात्मक संरचना र कार्यदिशा ।

२. आँखा स्वास्थ्य क्षेत्रका चुनौती एवं समाधानका उपायहरु ।

**समूहगत छलफलका लागि समूह विभाजन**

| पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्य तथा सुदूरपश्चिमाञ्चल |
|---|---|---|---|
| ताप्लेजुङ | रौतहट | गोरखा | बाँके |
| ईलाम | पर्सा | कास्की | दाङ |
| धनकुटा | चितवन | गुल्मी | प्यूठान |
| भोजपुर | सर्लाही | बाग्लुङ | कालीकोट |
| सङ्खुवासभा | महोत्तरी | अर्घाखाँची | जुम्ला |
| मोरङ |  | कपिलवस्तु | कैलाली |
| खोटाङ |  | रूपन्देही | बैतडी |
| उदयपुर |  | पाल्पा | हुम्ला |
| सिरहा |  | नवलपरासी | - |

**विषय प्रवेशकर्ताहरु**

- **पूर्वाञ्चल क्षेत्र- श्री पद्मनारायण चौधरी**
- **मध्यमाञ्चल क्षेत्र- प्रा.डा. घनश्याम भट्टराई**
- **पश्चिमाञ्चल क्षेत्र- श्री हरिप्रसाद शर्मा**
- **मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्र- श्री बुद्धिप्रकाश शर्मा**

**समूहगत छलफल**

## दोस्रो दिनको प्रथम बन्दसत्र

**सभापति- श्री बामदेव खनाल, (क्षेत्रीय सदस्य एवं कोषाध्यक्ष, केन्द्रीय कार्यसमिति)**

**उपसभापति- श्री भरतबहादुर चन्द (सदस्य, केन्द्रीय कार्यसमिति)**

- प्रथम दिनको दोस्रो सत्रमा विभाजन गरिएका समूहहरुबाट **समूहगत छलफलको निष्कर्षलाई प्रतिवेदनका रूपमा प्रस्तुत गर्ने कार्य गरियो ।**

- पूर्वाञ्चल, मध्यमाञ्चल तथा मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्रका समूहगत छलफलका निष्कर्षहरुलाई प्रा.डा. घनश्याम भट्टराईले र पश्चिमाञ्चल क्षेत्रको निष्कर्षलाई श्री सागरप्रताप राणाले सभामा प्रस्तुत गर्नुभएको थियो ।

**पूर्वाञ्चल क्षेत्र**

**विषय नं. १ का सम्बन्धमा**

- राज्यको पुनर्संरचनाअनुसार नै संघको प्रादेशिक संरचना निर्माण गर्नुपर्ने ।
- संघको प्रादेशिक संरचना निर्माणका लागि क्षेत्रीय स्तरमा गोष्ठीहरूको आयोजना गरी व्यापक छलफलबाट प्राप्त सुझावहरूका आधारमा केन्द्रले निर्णय गर्नुपर्ने ।

**विषय नं. २ का सम्बन्धमा**

- नेपाल नेत्रज्योति संघ एक गैरनाफामूलक गैरसरकारी संस्था भएको, यसमातहतका आँखा अस्पताल तथा उपचार केन्द्रहरुले सर्वसाधारणलाई सर्वसुलभ रुपमा देशका दुर्गम भेगसम्म पुगेर निःशुल्क आँखा स्वास्थ्य सेवा समेत प्रदान गर्दै आएको, आँखा स्वास्थ्य सेवालाई विश्व स्वास्थ्य संगठन तथा नेपाल सरकारले समेत स्वीकार गरेको पृष्ठभूमिमा यस संस्था मातहतहका आँखा अस्पतालहरुले उपचार तथा शल्यक्रियामा अत्यावश्यक मानिएका Intra Ocular Lens (IOL), चश्मा आदि उपकरणहरु आयात गर्दा नेपाल सरकारबाट अन्य सामुदायिक अस्पतालहरुसरह भन्सार छुट उपलब्ध गराउन केन्द्रले विशेष पहल गनुपर्ने ।
- गैरनाफामूखी स्वास्थ्य संस्था भएको र नेपाल नेत्रज्योति संघले मुलुकको कुल आँखा स्वास्थ्य सेवाको ९० प्रतिशत हिस्सा ओगटने भएकाले यस्तो सामाजिक तथा मानवीय सेवाका दृष्टिले कार्य गर्ने संस्था र अस्पतालमाथि सम्पत्ति कर, स्वास्थ्य कर लगाईनु सर्वथा अनुपयुक्त हुने भएकाले उक्त करहरुबाट उन्मुक्तिका लागि संघले नेपाल सरकार का सम्बन्धित मन्त्रालय तथा निकायहरुसँग आवश्यक पहल गर्नुपर्ने ।
- आँखा स्वास्थ्य कार्यकर्ता (Eye Health Worker)को तालिमलाई समयसापेक्ष बनाउन हालको ३ वर्षे कोर्सको सट्टा २ वर्षे कोर्समा घटाई सञ्चालन गर्नका लागि संघले CTEVT सँग आवश्यक पहल गर्नुपर्ने ।
- बिराटनगर आँखा अस्पतालले जस्ता उच्च प्राज्ञिक कार्यक्रम सञ्चालन गरिरहेको सन्दर्भमा Optometry तथा Ophthalmic Assistant कार्यक्रम सञ्चालनका लागि क्रमशः राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान (NAMS) तथा CTEVT सँग स्वीकृतिको पहल गर्नुपर्ने ।
- धनकुटा शाखाले १५ लाखको अक्षय कोष खडा गरेको र यो कोषलाई १ करोड पुऱ्याउने लक्ष्य लिएको छ। यसमा केन्द्र र अन्य अस्पतालहरुबाट समेत सहयोगको अपेक्षा शाखाले गरेको छ ।

**मध्यमाञ्चल**

**विषय नं. १ का सम्बन्धमा**

- केन्द्रको संरचनालाई यथावत राख्दै प्रदेशमा प्रदेश समिति र प्रतिनिधित्वको निर्धारण गर्नुपर्ने ।
- विद्यमान प्रदेश नं. ३ मा जिल्ला शाखा बृद्धि गर्न केन्द्रले आवश्यक पहल गर्नुपर्ने ।
- केन्द्रको अधीनमा रहने गरी प्रदेश समितिहरुलाई स्वायत्त अधिकार प्रदान गर्नुपर्ने ।

- संघका हरेक तहका संरचनाहरूलाई विधानमा नै स्पष्ट व्यवस्था गर्नुपर्ने ।
- क्षेत्रीय समन्वय समितिको अवधारणालाई हटाउनु पर्ने ।
- कम्तिमा तीन जिल्ला शाखा भएका प्रदेशमा निर्वाचनको माध्यमबाट प्रदेश समिति गठन हुनुपर्ने । **विषय नं. २ का सम्बन्धमा**
- आँखा अस्पतालहरुले उपचार तथा शल्यक्रियामा अत्यावश्यक मानिएका Intra Ocular Lens (IOL), चश्मा आदि उपकरणहरु आयात गर्दा नेपाल सरकारबाट अन्य सामुदायिक अस्पतालहरुसरह भन्सार छुट उपलब्ध गराउन केन्द्रले विशेष पहल गनुपर्ने ।
- गैरनाफामूखी स्वास्थ्य संस्था नेपाल नेत्रज्योति संघमातहत सञ्चालित अस्पतालमाथि सम्पत्ति कर, स्वास्थ्य कर लगाईनु सर्वथा अनुपयुक्त हुने भएकाले उक्त करहरुबाट उन्मुक्तिका लागि संघले नेपाल सरकारका सम्बन्धित मन्त्रालय तथा निकायहरुसँग आवश्यक पहल गर्नुपर्ने ।
- छात्रवृत्तिमा अध्ययन गरेका संघ वा अस्पतालका प्राविधिकहरुले अध्ययनपछि करार अवधि पूरा नगरी जरिवाना तिरेर तोकिएको स्थानको सेवा छाडेर जाने प्रवृत्तिलाई निरुत्साहित गर्न केन्द्रले ठोस नीति ल्याउनु पर्ने ।

**पश्चिमाञ्चल क्षेत्र**

**विषय नं. १ का सम्बन्धमा**

- नेपाल नेत्र ज्योति संघको क्षेत्र विभाजन संघीय प्रदेश अनुसार नै बनाउनु उपयुक्त हुने ।
- केन्द्र, प्रदेश र जिल्ला तह गठन गर्ने ।
- प्रदेश समितिको प्रतिनिधि रहने गरी केन्द्रको गठन गर्ने ।
- केन्द्र मातहत प्रदेश र जिल्ला रहने गरी व्यवस्था मिलाउने ।
- प्रदेश र जिल्लालाई अधिकार सम्पन्न गराउने ।
- केन्द्रलाई नीति निर्माण र अन्तर्राष्ट्रिय सम्बन्ध सम्पर्क गर्ने निकायका रूपमा लैजाने ।
- प्रदेश समिति २५ सदस्यीय बनाउने ।
- जिल्ला शाखा २१ सदस्यीय बनाउने ।
- केन्द्रीय निर्वाचन ५/५ बर्षमा गर्ने तर साधारणसभा हरेक आ.व.को ६ महिनाभित्र सम्पन्न गर्ने ।
- प्रदेशको निर्वाचन ४/४ बर्षमा गर्ने साधारणसभा हरेक बर्ष गर्ने ।
- जिल्ला तहको ३/३ बर्षमा निर्वाचन गर्ने, साधारणसभा हरेक बर्ष गर्ने ।
- केन्द्रमा बिभागहरू गठन गर्ने व्यवस्था मिलाउने ।
- आजीवन सदस्य १०० भन्दा बढी भएका जिल्लालाई शाखाको रूपमा मान्यता दिने १०० भन्दा कम भएमा जिल्लालाई उप-शाखाको मान्यता दिने व्यवस्था मिलाउने ।

- केन्द्रीय अधिबेशनमा अस्पताल भएका शाखाबाट १० जना प्रतिनिधिको व्यवस्था गर्ने । उप शाखाबाट ५ जनाको प्रतिनिधित्व गराउने ।

- अस्पताल व्यवस्थापन समितिलाई अधिकार सम्पन्न गराउने र त्यसको नियमन तथा निरीक्षण केन्द्र र प्रदेश समितिले गर्ने ।

- प्रदेश समिति निर्वाचन गर्दा जिल्ला शाखा तथा उप शाखाबाट प्रतिनिधित्वको व्यवस्था गरी सोही सभाबाट प्रदेश समिति गठन गर्ने ।

- अस्पताल रहेका शाखाबाट १५ जना उपशाखाबाट ७ जना प्रतिनिधिको व्यवस्था मिलाउने ।

**विषय नं. २ का सम्बन्धमा**

- कान उपचारलाई प्रभावकारी बनाउन केन्द्रबाट गहकिलो योजना बनाउनु पर्ने ।

- नेत्रज्योति पुरस्कार कानको क्षेत्रमा काम गर्नेलाई पनि दिनु पर्ने ।

- आर्थिक श्रोतको अभाव/दक्ष जनशक्तिको आवस्यकता ।

- अर्घाखाँचीको हंसपुर र बालकोटमा आँखा उपचार केन्द्र स्थापना गर्ने र त्यसको लागि शाखाले जग्गा उपलब्ध गराउने र भवन निर्माणका लागि केन्द्रबाट पहल हुनुपर्ने ।

- भारतले सिमाना क्षेत्रमा सुविधाजनक अस्पताल निर्माण गरिरहेकाले आगामी दिनमा कसरी अगाडी बढनु पर्ने हो ? केन्द्रले ठोस योजना ल्याउनु पर्ने ।

- स्थानीय नेत्रविशेषज्ञ उपलब्ध गराउने व्यवस्था हुनु पर्ने ।

- कपिलवस्तुमा सुविधा सम्पन्न अस्पताल निर्माणका लागि LEI र केन्द्रले पहल गर्नुपर्ने ।

- कानको उपचारको लागि कान बिशेषज्ञ उत्पादनमा केन्द्रले जोड दिनुपर्ने ।

- क्षेत्रीय कार्यशाला गोष्ठीको क्यालेण्डर बनाई हरेक बर्ष केन्द्रीय अधिबेशन हुनुभन्दा अगाडी नै अनिवार्य गर्नुपर्ने ।

- धौलागिरी आँखा अस्पतालका लागि भवन निर्माण गर्न केन्द्रले सहयोग गर्नुपर्ने ।

- गोर्खामा नेपाल नेत्रज्योति संघ र लायन्स क्लवको संयुक्त सहयोगमा अस्पताल निर्माण भए पनि नेत्र बिशेषज्ञको अभाव छ त्यसको लागि केन्द्रले पहल गरिदिनु पर्ने ।

- LEI लाई ५ नं प्रदेशको केन्द्र बनाउने ।

- कानको उपचारका लागि दश जना जनशक्ति तयार गर्न केन्द्रले पहल गर्नुपर्ने ।

- LEI लाई आँखा र कानका विशेषज्ञ तयार गर्ने थलोको रुपमा विकास गर्दै लैजाने ।

- अत्याधुनिक उपकरणको व्यवस्था गर्न केन्द्रले फण्डको व्यवस्था मिलाउनु पर्ने ।

- केन्द्रले नेपाल सरकारसँग सम्बन्ध स्थापना गर्दै आँखा तथा कान उपचारको लागि भौतिक पूर्वाधार तयार गर्न र जनशक्ति उत्पादन गर्न आर्थिक श्रोत जुटाउन आवश्यक पहल गर्नुपर्ने ।

**मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्रः**

**विषय नं. १ का सम्बन्धमा**

- मध्यमाञ्चल क्षेत्रबाट प्रस्तुत सुझावहरुलाई समर्थन गर्दै थप एक सुझाव प्रस्तुत ।
- कम्तिमा तीन जिल्ला शाखा नभएका प्रदेशमा सो नभएसम्मका लागि केन्द्रले नै विद्यमान जिल्ला शाखाको समेत प्रतिनिधित्व हुने गरी एक तदर्थ समिति गठन गर्नुपर्ने ।

**विषय नं. २ का सम्बन्धमा**

- छात्रवृत्तिमा अध्ययन गरेका संघ वा अस्पतालका प्राविधिकहरुले अध्ययनपछि करार अवधि पूरा नगरी तोकिएको स्थानको सेवा छाडेर जाने प्रवृत्तिलाई निरुत्साहित गर्न केन्द्रले अझ प्रभावकारी व्यवस्था गर्नुपर्ने ।
- अस्पताल तथा उपचार केन्द्रहरुमा रहेको जनशक्तिको न्यूनतालाई कम गर्न जनशक्ति उत्पादनमा बढी जोड दिनुपर्ने । साथै शाखाहरुले दात्रीसंस्था खोजेर जनशक्ति उत्पादन गर्न चाहेमा केन्द्रले सहजीकरण गरिदिनुपर्ने ।
- भिजन २०२० लाई सफल तुल्याउन थप प्रभावकारी कार्यक्रम ल्याउनु पर्ने ।
- केन्द्रले दात्रीसंस्थाहरुसँग गरेको सम्झौतालाई अधिक पारदर्शी बनाउनु पर्ने ।

## दोस्रो दिनको दोस्रो बन्दसत्र

**सभापति- श्रीमती मञ्जु कण्डेल (सदस्य, केन्द्रीय कार्यसमिति)**

**उपसभापति- सुश्री शान्ति श्रेष्ठ (का.वा. सभापति, बाँके)**

- प्रथम बन्द सत्रमा घोषणा गरिएको मस्यौदा समितिले तयार पारेको प्रतिवेदनलाई संघका केन्द्रीय प्रवक्ता श्री हरिप्रसाद शर्माले सभामा प्रस्तुत गर्नुभयो ।
- सभाले प्रस्तुत प्रस्तावहरुलाई सर्वसम्मतिले पारित गरेको थियो । ( **पारित प्रस्तावहरु परिशिष्ट ४ मा दिइएको छ ।)**
- केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रले प्रस्ताव गर्नुभएको सभाको माइन्यूट तथा प्रस्तावमा हस्ताक्षर गर्न सभासद्हरुमध्येबाट दुई जनाको नामलाई सभाले अनुमोदन गरेको थियो ।

**माइन्यूटमा हस्ताक्षर गर्न सभाले अनुमोदन गरको दुई सभासद्हरु**

१. सुरेन्दबहादुर रञ्जितकार (पर्सा)

२. रवीन्द्रलाल चौधरी (सिरहा)

- सत्रलाई उपसभापति सुश्री शान्ति श्रेष्ठले संक्षिप्त सम्बोधन गर्नुभयो भने सभापतिको आसनबाट श्रीमती मञ्जु कण्डेलले सत्रको समापन गर्नुभयो ।

## समापन कार्यक्रम

- **सभापतिः प्रा.डा. दीलबहादुर क्षेत्री (केन्द्रीय सदस्य तथा सभापति, कास्की शाखा)**
- **उपसभापतिः श्री रवीन्द्रलाल चौधरी (उपसभापति, सिरहा शाखा)**
- **आसन ग्रहणः केन्द्रीय अध्यक्ष, संरक्षक, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष तथा अन्य पदाधिकारी तथा केन्द्रीय सदस्यहरू ।**

### मन्तव्य

- समापन कार्यक्रममा अधिवेशनमा सहभागी सभासद्हरूका तर्फबाट क्षेत्रगत आधारमा अधिवेशनको उपलब्धिका बारे निम्न सभासद्हरूले आआफ्नो अभिमत व्यक्त गर्नुभयो;

- **श्री कृष्णबहादुर अधिकारी (सँखुवासभा)-** राम्रो आतिथ्यता प्रदान गरेको छ । संघमा प्राविधिक तथा सामाजिक कार्यकर्ताबीच राम्रो संयोजन र समन्वय भएकै कारण उपलब्धि प्राप्त हुन सकेको हो ।

- **श्रीमती सुधा जोशी (चितवन)-** अधिवेशनले जिल्ला शाखाहरुबीच सम्बन्ध बिस्तार तथा समस्याहरुको आदान प्रदान गरी समाधान निकाल्न सहयोग पुगेको छ । अधिवेशनमा महिला सहभागिता बढाउने कार्य गरियोस ।

- **श्री हरिप्रसाद दामसे (अर्घाखाँची)-** अधिवेशन आयोजकहरुबाट अविस्मरणीय सेवा प्रदान गरिएको छ । राम्रो छलफल गर्ने अवसर मिल्यो ।

- **श्री कमलराज जोशी (रुपन्देही)-** राम्रो सेवाका लागि धन्यवाद । आगामी अधिवेसन गर्ने जिम्मेवारी रुपन्देहीलाई प्रदान गरेमा रुपन्देही शाखा अधिवेशन आयोजना गर्न तयार छ ।

- **श्री लीला शाह (दाङ)-** संघले भिजन २०२० को लक्ष्य पूरा गर्न अझ प्रभावकारी रुपले कार्य गर्नुपर्ने खाँचो छ । समाजसेवीहरुको भूमिका पनि अझ बढनु आवश्यक छ ।

- **श्री खडानन्द पाण्डे (कालिकोट)-** अधिवेशन फलदायी भएको छ ।

- **श्री गोपीचन्द बर्नवाल (बाँके)-** अधिवेशनका अवसरमा आँखा शिक्षासम्बन्धी सामग्रीहरुको पनि प्रदर्शनी गर्न सके अझ राम्रो हुने थियो । समाजसेवीहरुलाई पनि बेल बेलामा तालिम अभिमुखीकरण दिइयोस ।

- **श्री दिव्यप्रसाद पन्त (कैलाली)-** अस्पतालहरुको आर्थिक विवरणलाई अधिक पारदर्शी तुल्याउनेतर्फ प्रयास गरिनु आवश्यक छ ।

- **श्री शेरबहादुर थापा (गुल्मी)-** रेफरल सेन्टर भएपछि मात्र जिल्लामा कान उपचार सेवाको बिस्तार गर्नु उपयुक्त हुन्छ । अब कान मात्र नभनेर नाक, कान, घाँटी (ENT) कै उपचार सेवा प्रदान गर्नु आवश्यक छ ।

**सत्रको समापनमा सत्रका उपसभापति श्री रवीन्द्रलाल चौधरीले पनि छोटो मन्तव्य दिनुभएको थियो ।**

**धन्यबाद ज्ञापन-**

- **अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रबाट-** समापन समारोहमा धन्यवाद ज्ञापन गर्नुहुँदै केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रले समाजसेवीलाई अभिमुखीकरण तालिम प्रदान गर्ने कार्य प्रारम्भ भैसकेको जानकारी दिनुहुँदै यसलाई आगामी दिनमा निरन्तरता दिइने बताउनु भयो । जनसहभागितालाई उच्च महत्व दिँदै आएको संघले आफ्नो सेवाको विस्तारमा मात्र हैन यसको प्रचारप्रसारमा पनि उत्तिकै प्रयत्नशील रहेको बताउनु हुँदै अध्यक्ष प्रा.डा.मिश्रले सम्माननीय राष्ट्रपति, उपराष्ट्रपति, स्वास्थ्य मन्त्री, योजना आयोगलगायत विभिन्न सरकारी निकायहरूसँग पनि संघले सम्पर्क र समन्वय गर्दै आफ्ना कार्य तथा गतिविधिहरू अवगत गराउने कार्य गरेको छ भन्नुभयो ।

- पोखरामा सम्मेलन सफल पार्न कास्की शाखा तथा हिमालय आँखा अस्पतालले निर्वाह गरेको जिम्मेवारीको प्रशंशा गर्नुहुँदै अधिवेशनको सफलताका लागि आआफ्नो तर्फबाट सहयोग गर्नुहुने विभिन्न व्यक्ति, संघसंस्था, राजनीतिक दल, कास्की शाखा, हिमालय आँखा अस्पतालका प्राविधिक तथा प्रशासनिक कर्मचारीहरू, पत्रकारहरूलगायत सबै लाई धन्यवाद दिनुभयो ।

- अध्यक्ष प्रा.डा. मिश्रले सपत्नि उपस्थित भएर आँखा बाले हामी सबैलाई उर्जा प्रदान गर्नुभएको छ भन्दै जिल्ला जिल्लाबाट प्रतिनिधित्व गरेर आउनुहुने सम्पूर्ण सभासद्हरूलाई पनि धन्यवाद दिनुभयो ।

**मायाको चिनो प्रदानः**

- समापन कार्यक्रममा आयोजक कास्की जिल्ला शाखा तथा हिमालय आँखा अस्पतालका तर्फबाट अधिवेशनमा सहभागी जिल्ला शाखा तथा केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूलाई मायाको चिनो प्रदान गरिएको थियो ।

**समापन मन्तव्यः**

- **प्रा.डा. दीलबहादुर क्षेत्रीबाट**

- समापन कार्यक्रममा २३ औं केन्द्रीय अधिवेशनलाई सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संघलाई सहयोग गर्नुहुने संघसंस्था तथा व्यक्तिहरूलाई धन्यवाद दिनुहुँदै सभापति प्रा.डा. दीलबहादुर क्षेत्रीले अधिवेशनको सफल आयोजनाका लागि कास्की शाखालाई जिम्मेवारी प्रदान गर्ने संघको केन्द्रीय कार्यसमितिप्रति पनि कृतज्ञता व्यक्त गर्नुभयो ।

- मन्तव्यको अन्त्यमा सभापतिको आसनबाट प्रा.डा. क्षेत्रीले संघको केन्द्रीय सभाको २३ औं अधिवेशन विधिवत अन्त्य भएको घोषणा गर्नुभयो ।

**श्रद्धाञ्जली अर्पण**

- अधिवेशनको समापनपूर्व विगत एक वर्षमा दिवंगत हुनुहुने संघका आजीवन तथा साधारण सदस्यहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न एक मिनेट मौन धारण गरिएको थियो । (दिवंगत सदस्यहरूको सूची **परिशिष्ट-५** मा दिइएको छ ।)

# परिशिष्टहरू

## परिशिष्ट- १

## नेपाल नेत्रज्योति संघ

## केन्द्रीय सभाको तेइसौँ अधिवेशन (पोखरा) २०७३ बैशाख १० र ११ मा

## सहभागी हुनुहुने प्रतिनिधिहरूको नामावली

| संरक्षक | |
|---|---|
| . | **प्रा.डा. रामप्रसाद पोखेल** |

केन्द्रीय कार्यसमिति

| क्र.सं. | प्रतिनिधिको नाम | पद |
|---|---|---|
| १. | प्रा.डा. तीर्थप्रसाद मिश्र | अध्यक्ष |
| २. | प्रा.डा. चेतराज पन्त | उपाध्यक्ष |
| ३. | श्री श्यामकुमार पोखरेल | महासचिव |
| ४. | श्री बामदेव खनाल | कोषाध्यक्ष |
| ५. | श्री भरतबहादुर चन्द | सचिव |
| ६. | श्री हरिप्रसाद शर्मा | सदस्य (प्रवक्ता) |
| ७. | श्रीमती मञ्जु कँडेल | सदस्य |
| ८. | श्री पद्मनारायण चौधरी | सदस्य |
| ९. | श्री सागरप्रताप राणा | सदस्य |
| १०. | श्री चक्रबहादुर सिंह | सदस्य |
| ११. | श्री द्रोणप्रसाद गुरागाईं | सदस्य |
| १२. | श्री मती नर्वदा शर्मा खनाल | सदस्य |
| १३. | श्री विष्णुदत्त जोशी | सदस्य |
| १४. | श्रीमती भगवती शर्मा | सदस्य |
| १५. | प्रा.डा. दीलबहादुर क्षेत्री | सदस्य |
| १६. | श्री गोपाल बहादुर सिंह | सदस्य |

### अधिवेशनमा सहभागी सभासद्हरु

पूर्वाञ्चल विकास क्षेत्र

| क्र.सं. | प्रतिनिधिको नाम | पद | जिल्ला |
|---|---|---|---|
| १. | श्री अर्जुन कार्की | सभापति | **ताप्लेजुङ** |
| २. | श्री राजकुमार गुरूङ | उपसभापति | " |
| ३. | श्री खगेन्द्र अधिकारी | सचिब | " |

| | | | |
|---|---|---|---|
| ४. | श्री कुमार श्रेष्ठ | सदस्य | " |
| ५. | श्री ईन्द्र फुँयाल | सभापति | **ईलाम** |
| ६. | श्री डिकेन्द्र इदिङगो | उपसभापति | " |
| ७. | श्री हेमकुमार कार्की (बिष्णु) | सचिव | " |
| ८. | श्री खगेन्द्र देवान | सदस्य | " |
| ९. | श्री पुष्पा खनाल | सदस्य | " |
| १०. | श्री लीलानाथ मिश्र | सचिव | **धनकुटा** |
| ११. | डा. घनश्याम भट्टराई | सदस्य | " |
| १२. | श्रीमती टीका भण्डारी | सदस्य | " |
| १३. | श्री अस्मिका राई | सदस्य | " |
| १४. | श्री अशोक वाग्ले | सदस्य | " |
| १५. | श्री कृष्णबहादुर अधिकारी | सहसचिव | **संखुवासभा** |
| १६. | श्री दलबहादुर वि.क. | सदस्य | " |
| १७. | श्री तेजबहादुर मोक्तान | सभापति | **भोजपुर** |
| १८. | श्री बालकृष्ण शाक्य | कोषाध्यक्ष | " |
| १९. | श्रीमती संगिता राई | सहकोषाध्यक्ष | " |
| २०. | श्री रामेश्वर बजिमय | सदस्य | " |
| २१. | श्री इन्द्र कसजु श्रेष्ठ | सभापति | **खोटाङ** |
| २२. | श्री कमलप्रसाद आचार्य | सचिव | " |
| २३. | श्री सिर्जना दनुवार | उपसभापति | **उदयपुर** |
| २४. | श्री ज्ञानबहादुर बस्नेत | सचिव | " |
| २५. | श्री शर्मिला दाहाल | सदस्य | " |
| २६. | श्री भरत खड्का | सदस्य | " |
| २७. | श्री सुनिलकुमार महतो | सदस्य | " |
| २८. | श्री रविन्द्रलाल चौधरी | उपसभापति | **सिरहा** |
| २९. | श्री पशुपतिप्रसाद चौधरी | कोषाध्यक्ष | " |
| ३०. | श्री राधेश्याम चौधरी | सदस्य | " |
| ३१. | श्री सोभितलाल चौधरी | सदस्य | " |

| मध्यमाञ्चल विकास क्षेत्र | | | |
|---|---|---|---|
| **क्र.सं.** | **प्रतिनिधिको नाम** | **पद** | **जिल्ला** |
| १. | श्री पुष्प रञ्जितकार | सभापति | **सर्लाही** |
| २. | श्री अमरनाथ जायसवाल | सदस्य | " |
| ३. | मो. शेष अब्दुल्लाह | सदस्य | " |
| ४. | श्री मोतीलाल झा | सदस्य | " |
| ५. | श्री सुशिला अमात्य | सदस्य | " |

| | | | |
|---|---|---|---|
| ६. | श्री दिपक मिश्र | संयोजक | **महोत्तरी** |
| ७. | श्री दुर्गाप्रसाद यादव | सभापति | **रौतहट** |
| ८. | श्री बच्चाप्रसाद यादव | उपसभापति | " |
| ९. | श्री बालीप्रसाद श्रेष्ठ | कोषाध्यक्ष | " |
| १०. | श्री विजयकुमार सिंह | सदस्य | " |
| ११. | श्री राधेश्याम झा | सदस्य | " |
| १२. | श्री ईश्वरचन्द्र गौतम | सभापति | **पर्सा** |
| १३. | श्री मदनप्रसाद गुप्ता | सचिव | " |
| १४. | श्रीमती सुनिता पौडेल | कोषाध्यक्ष | " |
| १५. | श्री गणेशप्रसाद साह | सहसचिव | " |
| १६. | श्री सुरेन्द्रबहादुर रञ्जितकार | सदस्य | " |
| १७. | श्री सुरेन्द्र सर्राफ | सदस्य | " |
| १८. | श्री चिजकुमार मास्के | सभापति | **चितवन** |
| १९. | श्री कृष्णराज धरेल | उपसभापति | " |
| २०. | श्री लक्ष्मीचरण श्रेष्ठ | सचिव | " |
| २१. | श्री शान्तकुमार पिया | सदस्य | " |
| २२. | श्री केशवप्रसाद अधिकारी | सदस्य | " |
| २३. | श्रीमती सुधा जोशी | सदस्य | " |

| पश्चिमाञ्चल विकास क्षेत्र | | | |
|---|---|---|---|
| **क्र.सं.** | **प्रतिनिधिको नाम** | **पद** | **जिल्ला** |
| १. | श्री पोवनाथ घिमिरे | सभापति | **गोरखा** |
| २. | श्री श्रवणकुमार जोशी | निवर्तमान सभापति | " |
| ३. | श्री बाबुराम रोका | सदस्य | " |
| ४. | श्री भाईचन्द्र श्रेष्ठ | सदस्य | " |
| ५. | डा. नन्दु श्रेष्ठ | कोषाध्यक्ष | **कास्की** |
| ६. | श्री सुरेन्द्र थापा मगर | का.वा. सचिव | " |
| ७. | श्री राधिका शाही | सदस्य | " |
| ८. | श्री गणेश ढकाल | सदस्य | " |
| ९. | प्रा.डा. ज्ञानबहादुर कार्की | सदस्य | " |
| १०. | श्री शेरबहादुर थापा | सभापति | **गुल्मी** |
| ११. | श्री अखिलेश्वरप्रसाद पाण्डेय | सचिव | " |
| १२. | श्री ताराप्रसाद भुषाल | सहकोषाध्यक्ष | " |
| १३. | श्री नन्दराम पाण्डेय | सदस्य | " |
| १४. | श्री राधा पन्थी | सदस्य | " |
| १५. | श्री बुद्धिप्रसाद शर्मा | उपसभापति | **पाल्पा** |

| | | | |
|---|---|---|---|
| १६. | श्री नारायणप्रसाद शर्मा | सचिव | " |
| १७. | श्री भीमसेन कार्की | सहकोषाध्यक्ष | " |
| १८. | श्री लोकप्रसाद ढकाल | सहसचिव | " |
| १९. | श्रीमती लक्ष्मी नेपाल | सदस्य | " |
| २०. | श्री हुतराज पोखरेल | सदस्स्य | " |
| २१. | श्री प्रेमनारायण भुसाल | सदस्य | **अर्घाखाँची** |
| २२. | श्री हरिप्रसाद दमासे | सदस्य | " |
| २३. | श्रीमती सुमित्रा पौडेल | सदस्य | " |
| २४. | श्री माया घिमिरे | सदस्य | " |
| २५. | श्री हरिप्रसाद उपाध्याय | उपसभापति | **नवलपरासी** |
| २६. | श्री सञ्जयकुमार कर्ण | सचिव | " |
| २७. | श्रीमती सरस्वती आचार्य | सदस्य | " |
| २८. | श्री राजनरेश दास | सदस्य | " |
| २९. | श्री लक्ष्मीनारायण गुप्ता | सदस्य | " |
| ३०. | श्री महेन्द्रराज उपाध्याय | सदस्य | " |
| ३१. | श्री कमलराज जोशी | उपसभापति | रूपन्देही |
| ३२. | श्री राजेन्द्रप्रसाद पन्थी | उपसचिव | " |
| ३३. | श्री लिना राणा | सदस्य | " |
| ३४. | श्री दुर्गा श्रेष्ठ | सदस्य | " |
| ३५. | श्रीमती लता कट्टेल | सदस्य | " |
| ३६. | श्री जानुका भट्टराई | सदस्य | " |
| ३७. | श्री रामदयाल ठाकुर | सचिव | **कपिलवस्तु** |
| ३८. | श्री विश्वराज पाण्डे | कोषाध्यक्ष | " |
| ३९. | श्री महेन्द्र कार्की | सदस्य | " |
| ४०. | श्री रामआशिष पाण्डेय | सदस्य | " |
| ४१. | श्री माधुरी श्रेष्ठ | सदस्य | " |
| ४३. | श्री ध्रुवबहादुर के.सी. | सभापति | **बाग्लुङ** |
| ४४. | श्री भरत पुरी | उपसभापति | " |
| ४५. | श्री बिन्दु सागर राजभण्डारी | कोषाध्यक्ष | " |
| ४६. | श्री बैकुण्ठ सापकोटा | सहसचिव | " |
| ४७. | श्री युक्त जङ्ग राजभण्डारी | सदस्य | " |
| ४८. | श्री रत्ना भण्डारी | सदस्य | " |

| मध्यपश्चिमाञ्चल बिकास क्षेत्र | | | |
|---|---|---|---|
| **क्र.सं.** | **प्रतिनिधिको नाम** | | **जिल्ला** |
| १. | श्री शिवराज श्रेष्ठ | सभापति | **प्यूठान** |
| २. | श्री मेघबहादुर अधिकारी | सदस्य | " |

| | | | |
|---|---|---|---|
| ३. | श्री लक्ष्मीप्रकाश राजभण्डारी | सदस्य | " |
| ४. | श्री सुरेन्द्रबहादुर खडका | सचिव | **दाङ** |
| ५. | श्री नेत्रमणि लामिछाने | सदस्य | " |
| ६. | श्री कृष्णप्रसाद (के.पी.) घिमिरे | सदस्य | " |
| ७. | श्री रेश्मीराज शर्मा कङ्गाली | सदस्य | " |
| ८. | श्री लीला शाह | सदस्य | " |
| ९. | श्री धनबहादुर बस्नेत | सभापति | **जुम्ला** |
| १०. | श्री जगदीश चौलागाईं | सचिव | " |
| ११. | श्री कालीबहादुर महत | कोषाध्यक्ष | " |
| १२. | श्रीमती देवकी श्रेष्ठ | सहकोषाध्यक्ष | " |
| १३. | श्री बिष्णुबहादुर सुनार | सदस्य | " |
| १४. | श्री खडानन्द पाण्डे | सभापति | **कालिकोट** |
| १५. | श्री सुरेन्द्रबहादुर शाही | सदस्य | " |
| १६. | श्री भरतबहादुर शाही | सदस्य | " |
| १७. | श्री कमलबहादुर शाही | सदस्य | " |
| १८. | श्री दलबहादुर शाही | कोषाध्यक्ष | **हुम्ला** |
| १९. | सुश्री शान्ति श्रेष्ठ | का.वा. सभापति | **बाँके** |
| २०. | श्री कन्हैयालाल टण्डन | कोषाध्यक्ष | " |
| २१. | श्री रमेशबहादुर शाह | सदस्य | " |
| २२. | श्री विष्णुलाल कुम्हाल | सदस्य | " |
| २३. | श्री केशवराम वर्मा | सदस्य | " |
| २४. | श्री गोपीचन्द बर्नवाल | सदस्य | " |

सुदूरपश्चिमाञ्चल विकास क्षेत्र

| क्र.सं. | प्रतिनिधिको नाम | पद | जिल्ला |
|---|---|---|---|
| १. | श्री जीवनाथ जैशी | सभापति | **कैलाली** |
| २. | श्री दिव्यप्रसाद पन्त | उपसभापति | " |
| ३. | श्री भूपेन्द्र थापा | सचिव | " |
| ४. | श्री क¿नाकर भट्ट | कोषाध्यक्ष | " |
| ५. | श्री भोजराज जोशी | सदस्य | " |
| ६. | श्री सरिता थापा भण्डारी | सदस्य | " |
| ७. | श्री सिद्धराज भट्ट | उपसभापति | **बैतडी** |
| ८. | श्री लक्ष्मीदत्त पाण्डेय | सचिव | " |
| ९. | श्री हरिप्रसाद खत्री | कोषाध्यक्ष | " |
| १०. | श्री तेजबहादुर चन्द | सदस्य | " |
| ११. | श्री करनसिंह कठायत | सदस्य | " |

# परिशिष्ट- २

## नेपाल नेत्रज्योति संघको तेईसौं केन्द्रीयसभाको अधिवेशनमा प्रस्तुत आ.व. २०७२/७३ को वार्षिक प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू

संघका केन्द्रीय पदाधिकारी तथा सदस्यज्यूहरू

एवं सम्मानित सभासद्ज्यूहरू

नेपाल नेत्रज्योति संघको यस तेईसौँ अधिवेशनमा महासचिवको हैसियतबाट वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अवसर प्रदान गर्नुभएकोमा सर्वप्रथम  सम्पूर्ण सभासद्ज्यूहरूप्रति आभार व्यक्त गर्दछु ।

नेपाल नेत्रज्योति संघले आज आफ्नो २३ औं केन्द्रीय सभाको आयोजना गर्दैछ । यो वर्ष मुलुकले सामना गरेको एक पछि अर्को विपत्ती र संकटले आफ्ना कार्यक्रम र सेवाहरूको सुसञ्चालनमा संघले पनि थुप्रै कठिनाईहरू र असहजताको सामना गर्नु पऱ्यो । बैशाख १२ गतेको विनासकारी भूकम्प र त्यसपछि मुलुकमा उत्पन्न असहज परिस्थिति र चरम इन्धन संकटका कारण संघ तथा मातहतका निकायहरूले निर्धारित लक्ष्य हासिल गर्न नसक्नु स्वाभाविक छ। यति हुँदा हुँदै पनि संघले आँखा स्वास्थ्यका क्षेत्रमा थुप्रै कार्य गर्न सफल भएको छ ।

आँखा स्वास्थ्य सेवालाई देशका हरेक भौगोलिक क्षेत्रमा तथा सबैको सहज पहुँचमा पुऱ्याई उपचारयोग्य दृष्टिविहिनतालाई क्रमशः निर्मूल पार्दै लैजाने लक्ष्यका साथ क्रियाशील यस संघले आज आफ्नो सेवालाई मुलुकका प्रायः सबै क्षेत्रमा पुऱ्याउन सफल भएको छ। संघले आज १७ आँखा अस्पताल तथा ७० आँखा उपचार केन्द्रहरूमार्फत् आमजनतामा सर्वसुलभ रूपमा स्तरीय आँखा उपचार सेवा प्रदान गर्दै आएको छ। देशको आँखा स्वास्थ्य सेवाको क्षेत्रमा ९० प्रतिशतभन्दा अधिक हिस्सा ओगटन सफल संघले नेपाल सरकारसँगको सहकार्य र समन्वयमा सरकारको आँखा स्वास्थ्य नीति तथा कार्यक्रमहरूको कार्यान्वयन गर्ने एक मात्र प्रमुख निकायको रूपमा पनि जिम्मेवारी बहन गर्दै आएको छ। यस अर्थमा पनि संघको भूमिका र योगदान आँखा स्वास्थ्य सेवाका क्षेत्रमा महत्वपूर्ण रहिआएको छ। संघलाई आजको स्थितिसम्म ल्याइपुऱ्याउनमासंघको छातामुनी रहेर निःस्वार्थ र मानवीय भावनाले प्रेरित भई सामाजिक सेवाको क्षेत्रमा निरन्तर जुटिरहनुहुने साधारण तथा आजीवन, यशस्कर तथा मानार्थ सदस्यहरूको योगदान निःसन्देह अविस्मरणीय रहेको छ ।

संघले मुलुकको आँखा स्वास्थ्यका क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको आज अन्तर्राष्ट्रिय जगतमा समेत उच्च मूल्याङ्कन भएको छ। यसैको परिणामस्वरूप संघले आँखा स्वास्थ्यका क्षेत्रमा प्रदान गरिने सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गर्नु, आँखा स्वास्थ्य क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाहरूको अन्तर्राष्ट्रिय छाता संगठन **International Agency for Prevention of Blindedness** को कार्यकारी समितिको सदस्यमा संघका अध्यक्ष निर्वाचित हुनु, सो संस्थाको क्षेत्रीय बैठक नेपालमा सम्पन्न हुनु जस्ता कुराले अन्तर्राष्ट्रिय जगतमा नेपाल नेत्रज्योति संघले आफ्नो पृथक र विशिष्ट स्थान स्थापित गर्न सफल भएको प्रमाण हो भन्ने मैले ठानेको छु । **IAPB** को कार्यकारी समितिमा संघका अध्यक्षको निर्वाचनले विश्वका आँखा स्वास्थ्य संस्थाहरूसँग संघको सम्बन्ध अझ बिस्तार हुनुका साथै संघका गतिविधिहरूलाई अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रचार प्रसार गर्न पनि निकै सहयोग मिलेको छ ।

आज नेपाल नेत्रज्योति संघ नेपालको आँखा स्वास्थ्य सेवाको पर्याय बन्न पुगेको छ । संघको अनुपस्थितिमा देशको आँखा स्वास्थ्य सेवाको कल्पना समेत गर्न सकिदैन । संघको वर्तमान नेतृत्व आफ्ना कार्यक्रम तथा गतिविधिहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै संघको गरिमालाई अझ माथि उठाउन निरन्तर प्रयत्नशील छ । समुदाय, सरकार तथा दात्री निकायहरूसँग सुमधुर सम्बन्ध

र समन्वय स्थापित गर्दै संघले स्थानीय/राष्ट्रिय आवश्यकताका साथै विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको "सन् २०२० सम्ममा सबैका लागि दृष्टि" को लक्ष्य हासिल गर्न पूर्ण क्षमताका साथ कार्य गर्दै आएको छ । उपचारद्वारा निवारण गर्न सम्भव आँखाका रोगहरूका कारण कुनै पनि नेपाली अन्धोपनबाट पीडित हुनु नपरोस तथा उपचार सेवाको अभावमा सानातिना कारणले नै दृष्टिविहिन हुने स्थिति नआओस भन्ने मूल लक्ष्यका साथ अगाडि बढिरहेको संघले आफ्ना सेवाको विस्तारका साथसाथै सेवाको गुणस्तरीयतामा पनि जोड दिँदै आएको छ ।

संघले विगत केही वर्षदेखि आँखा स्वास्थ्य सेवाका साथै कानको प्राथमिक उपचार सेवा पनि प्रदान गर्ने उद्देश्यले देशका केही अस्पताल तथा उपचार केन्द्रमा कान सेवा प्रारम्भ गरेको छ भने सोसम्बन्धी जनशक्ति निर्माणको कार्य पनि प्रारम्भ गरिसकेको छ । संघले नेपाल सरकारको सहयोगमा कान उपचार सेवालाई पनि क्रमशः बिस्तार गर्दै लगेको छ ।

देशमा विभिन्न निकायहरूबाट प्रदान हुने आँखा स्वास्थ्य सेवाको स्तरीयता कायम गर्न, आँखा स्वास्थ्य सेवाको दिगो विकास र आमसर्वसाधारणको आँखा स्वास्थ्य सेवामा सहज पहुँच हुने स्थिति सिर्जना गर्ने उद्देश्यले संघकै प्रमुख अग्रसरतामा नेपाल सरकार बाट तर्जुमा गरिएको राष्ट्रिय आँखा स्वास्थ्य नीति अब चाँडै नै जारी हुने हामीले अपेक्षा गरेका छौं । यसले आँखा स्वास्थ्यका क्षेत्रमा सरकार, गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय संस्थाहरुबीच समन्वय र सहकार्यमा सहज हुन गई उपचारयोग्य अन्धोपन न्यूनीकरणको विश्वअभियान सफल तुल्याउन पनि सहयोग पुग्ने हामीले बिश्वास लिएका छौं ।

आगामी दिनमा संघले आफूलाई अझ सशक्त र प्रभावकारी रूपले अगाडि बढाउने मैले विश्वास गरेको छु । यस कार्यमा संघको वर्तमान कार्यसमिति अझ प्रतिवद्धताका साथ जुटने विश्वाससमेत माननीय सभासद्ज्यूहरूलाई दिलाउन चाहन्छु ।

अब म यस सम्मानित सभामा यस आर्थिक वर्षमा सञ्चालित तथा आगामी आर्थिक वर्षमा सञ्चालन गरिने कार्यक्रमहरूको सङ्क्षिप्त विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु । यस प्रतिवेदनमा केन्द्रीय कार्यालयबाट सञ्चालित भएका तथा सञ्चालन गरिने कार्यक्रमहरूको मात्र विवरण प्रस्तुत गरिएको र जिल्ला शाखाका कार्यक्रमहरूको प्रगति विवरण सम्बन्धित जिल्लाकै प्रतिवेदनमा समावेश हुने जानकारीसमेत गराउन चाहन्छु ।

**आर्थिक बर्ष २०७२/७३ मा सम्पन्न संघका गतिविधिहरूको प्रगति विवरण**

**आर्थिक वर्ष २०७२/७३ मा संघको केन्द्रीय कार्यालय र मातहतका निकायहरूबाट सम्पन्न केन्द्रीय योजना र कार्यक्रमहरूको सङ्क्षिप्त प्रगति विवरण देहायबमोजिम रहेका थिए ।**

### १. राष्ट्रिय ट्रकोमा कार्यक्रम :

बिश्व स्वास्थ्य सङ्गठनले सन् २०२० (बि.सं २०७७ साल) सम्ममा ट्रकोमाबाट हुने अन्धोपनलाई बिश्वबाटै निर्मूल पार्ने लक्ष्य र खेअनुसार नेपालमा पनि सन् २०१७ सम्ममा ट्रकोमा रोग निवारण गर्ने लक्ष्यका साथ संघले राष्ट्रिय ट्रकोमा कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । हालसम्म नेपालमा ट्रकोमा रोगबाट प्रभावित बिभिन्न १९ जिल्लाहरूमा (कैलाली, कञ्चनपुर, चितवन, नवलपरासी, दाङ्ग, कपिलवस्तु, आछाम, बैतडी, डोटी, रोल्पा, दैलेख, वारा, पर्सा, रौतहट, सर्लाही, रसुवा, बाँके, बर्दिया र सुर्खेत) बिश्व स्वास्थ्य सङ्गठनको मार्गनिर्देशन SAFE को रणनीतिअनुसार कार्यक्रम सञ्चालन गरी सकिएको छ । कार्यक्रम सञ्चालन गरी सकिएका सबै (१९) जिल्लाहरुमा कार्यक्रमको प्रभावकारिता सर्वेक्षण (Impact survey) पनि गरी सकिएको छ । उक्त सर्वेक्षणको नतिजाअनुसार उक्त सवै जिल्लाहरुमा यस रोगको प्रभाव ५ प्रतिशत (न्यूनतम बिन्दु) भन्दा तल रहेको देखिएको छ । आर्थिक बर्ष २०७२।७३ को पौष मसान्तसम्मको राष्ट्रिय ट्रकोमा कार्यक्रमको प्रगति विवरण यसप्रकार रहेको छ :

आ.व. २०७१/०७२ मा नेपाल सरकारको सहयोगमा १००० वटा टि.टि. शल्यक्रिया तथा १५ जिल्लामा SAFE & Surveillance तालिम सम्पन्न गर्ने लक्ष्य राखिएकोमा १३२५ टि.टि. शल्यक्रिया गरिनुका साथै १२ जिल्ला (डोटी, कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, कपिलवस्तु, वारा,पर्सा,दाङ्ग, दैलेख, रोल्पा र रसुवा) मा SAFE & Surveilance तालिम सम्पन्न भएको थियो ।

यसै गरी आर.टी.आईवाट प्राप्त आर्थिक सहयोगमा आ.व. २०७१/०७२ मा IEC Materials प्रिन्ट, १० जिल्लामा SAFE & Surveilance survey दुई जिल्ला (अछाम र बैतडी) मा कार्यक्रमको प्रभावकारिता सर्वेक्षण (Impact Survey) सञ्चालन गर्ने लक्ष्य रहेकोमा ७०० थान ट्रकोमा फ्लेक्स, २५०० थान ब्रोसर तथा १००,००० थान हेन्डबिल छपाई जिल्लाहरुमा बितरण गरिएको थियो । त्यस्तै १० जिल्लाहरु (दाङ्ग, दैलेख, वाँके, बर्दिया, डोटि, रोल्पा, कैलाली, बारा, पर्सा र रसुवा)मा Surveilance सर्भे सम्पन्न गरिएको र उक्त जिल्लाहरुमा ट्रकोमा रोगको प्रभाव ५ प्रतिशतभन्दा न्यून रहेको पाइयो । अछाम र बैतडी जिल्लाहरुमा गरिएको Trachoma Impact Survey बाट पनि यस रोगको प्रभाब ५ प्रतिशत भन्दा कम रहेको देखियो । आ.व. ०७२/०७३ मा नेपाल सरकार र आर.टि.आई.को सहयोगमा राष्ट्रिय ट्रकोमा कार्यक्रमको लक्ष्य र प्रगतिको स्थिति यसप्रकार रह्यो ।

- नेपाल सरकारको सहयोगमा १००० वटा टि.टि. शल्यक्रिया तथा ८ जिल्लामा SAFE & Surveillance तालिम सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । लक्ष्यको प्रगतिको स्थिति भने सन्तोषजनक हुन सकेन । यस आ.व.को माघ मसान्तसम्ममा ४४० वटा टि.टि. शल्यक्रिया गरिएको थियो भने भुइचालो, बन्द, हडताल तथा नाकाबन्दीका कारण SAFE & Surveillance तालिम सञ्चालन गर्न सम्भव भएन । तर, रूकुम, नवलपरासी, रौतहट र सर्लाही जिल्लाहरूमा यो कार्यक्रम चाडै सुरू गरिने छ ।

- यसै गरी USAID वाट प्राप्त आर्थिक सहयोगमा आ.व. २०७२/०७३ मा IEC Materials प्रिन्ट, ८ जिल्ला (अछाम, बैतडी, रूकुम, कपिलबस्तु, नवलपरासी, चितवन, रौतहट र सर्लाही) मा Surveillance survey सञ्चालन गर्ने तथा कर्णाली अञ्चलका चार जिल्लाहरू ( जुम्ला, हुम्ला, कालिकोट र मुगु) मा जनसंख्यामा आधारित सर्वेक्षण (Population-based surveillance Survey) सञ्चालन गर्ने तथा कार्यशाला गोष्ठी सञ्चालन गर्ने लक्ष्य रहेको थियो ।

- यस आ.व.को माघ मसान्तसम्मा २०० थान ट्रकोमा फ्लेक्स, २५०० थान ब्रोसर तथा १००,००० थान हेन्डबिलहरू छपाई केही जिल्लाहरूमा बितरण गरिएको थियो । त्यस्तै २ जिल्लाहरू (कञ्चनपुर र सुर्खेत) मा Surveillance सर्भे सम्पन्न गरिएको र उक्त दुवै जिल्लाहरूमा ट्रकोमा रोगको प्रभाव ५ प्रतिशतभन्दा न्यून रहेको पाइयो । यस्ता सर्वेक्षण बाँकी जिल्लाहरूमा पनि क्रमशः सञ्चालन गरिने लक्ष्य रहेको छ ।

- कर्णाली अञ्चलका ४ जिल्लाहरू (जुम्ला, हुम्ला, कालिकोट र मुगु) मा सर्वेक्षण गर्न आबश्यक Protocol तैयार गरी Nepal Health Research Council बाट स्वीकृति प्राप्त भई सर्वेक्षण कार्य आगामी बैशाखदेखि सञ्चालन गर्ने योजना रहेको छ। सो सर्वेक्षण कार्यको जिम्मेवारी हिमालय आँखा अस्पताल, पोखरालाई प्रदान गरिएको छ भने सर्वेक्षणको नतिजा वितरण गर्ने उद्देश्यले भाद्र महिनामा एक कार्यशाला गोष्ठी आयोजना गर्ने योजना रहेको छ ।

**२. नेशनल आई साइट प्रोग्राम**

नेपाल नेत्रज्योति संघले आँखा स्वास्थ्य सेवामा पहुँच नपुगेका सर्वसाधारणसम्म प्रभावकारी रूपमा आँखा सेवा पुऱ्याउने उद्देश्यले "Reaching the Unreached" भन्ने अवधारणालाई आत्मसात गर्दै सन् २००८ देखि नेशनल आइसाईट प्रोग्राम एकाइको स्थापना गरी वाह्य आँखा सेवा कार्यक्रम (outreach programme) सञ्चालन गर्दै आएको छ ।

नेपालको अन्धोपन सर्वेक्षणको प्रतिवेदनवाट प्राप्त परिणामका आधारमा मोतीविन्दु तथा वालअन्धोपनलाई न्यूनीकरण गर्न विभिन्न दात्रीसंस्थाहरूवाट प्राप्त सहयोगलाई यसै एकाईमार्फत् परिचालन गरी संघ तथा संघअन्तर्गतका विभिन्न आँखा अस्पताल र उपचार केन्द्रहरूमार्फत् वाह्य आँखा सेवा कार्यक्रम सञ्चालन हुँदै आएको छ । नेसनल आई साईट प्रोग्रामअन्तर्गत हाल सञ्चालन हुँदै आएका कार्यक्रमहरू यसप्रकार रहेका छन्;

**(क) भारतीय दूतावासको सहयोगमा सञ्चालित कार्यक्रमहरू**

नेपाल नेत्रज्योति संघलाई सन् २००१ देखि नेपालको आँखा उपचार सेवाका क्षेत्रमा विविध कार्यक्रम सञ्चालन गर्न नेपालस्थित

भारतीय दूतावासबाट निरन्तर सहयोग प्राप्त भइरहेको छ । भारतीय दूतावासको सहयोगमा यस आ.व.मा सञ्चालित कार्यक्रमहरू यसप्रकार रहेका छन्;

- **मोतीबिन्दुको शल्यक्रिया:-** नेपालमा अन्धोपनको एक प्रमुख कारकका रूपमा मोतीबिन्दु रहेको छ। आजसम्म पनि नेपालका दुर्गम क्षेत्र र विपन्न वर्गका मोतीबिन्दुका विरामीहरूले आर्थिक अभावकै कारण समयमै मोतीबिन्दुको शल्यक्रिया गराउन नसकी दृष्टि गुमाउनु पर्ने अवस्था रहिआएको छ। यसरी आर्थिक अभावकै कारण शल्यक्रिया गर्न असमर्थ मोतीबिन्दुका बिरामीहरूलाई निःशुल्क शल्यक्रिया सेवा प्रदान गरी अन्धोपन न्यूनीकरण गर्ने उद्देश्यले नेपालस्थित भारतीय दूतावासले संघलाई सन् २००१ देखि आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ । गत आ.व. मा पनि भारतीय राजदूतावासबाट १५००० मोतीबिन्दुको शल्यक्रियाको लागि संघलाई सहयोग प्राप्त भएको थियो । यस सहयोगअन्तर्गत सन् २०१५।२०१६ मा पनि नेपालका बिभिन्न जिल्लाहरूमा समुदायस्तरमा नै गई नेपाल नेत्रज्योति संघ मातहतका १७ वटा आँखा अस्पतालहरूबाट शिविरहरू सञ्चालन गरि सेवा उपलब्ध गराउने कार्य भईरहेको छ । **बिद्यालय आँखा जाँच कार्यक्रम:** – बिद्यालय आँखा जाँच कार्यक्रमअन्तर्गत काठमाडौं उपत्यका तथा देशका बिभिन्न स्थानमा बाल न्यूनदृष्टि न्यूनीकरण गर्ने उद्देश्यले बिद्यालयमा अध्ययनरत कक्षा १ देखि १२ सम्मका बिद्यार्थीहरूको निःशुल्क आँखा परीक्षण गरी कमजोर दृष्टि भएकाहरूलाई आवश्यकताअनुसार निःशुल्क चश्मा तथा औषधि उपलब्ध गराउने कार्य सञ्चालन गरिएको छ । यस कार्यक्रमअन्तर्गत देशका कुल ३० जिल्लाका ५५० बिद्यालयहरूमा करिब ४,५०,००० जना बिद्यार्थीहरूको आँखा जाँच गरी जम्मा ९,३०० विद्यार्थीहरूलाई निःशुल्क चश्मा उपलब्ध गराउने कार्यक्रम सञ्चालन भइरहेको छ ।

**(ख) हेल्पएज इन्टरनेशनल नेपालको सहयोगमा सञ्चालित कार्यक्रम**

- गत बर्ष २०१५ मा हेल्पएज इन्टरनेशनल नेपालको सहयोगमा नेपालका बिभिन्न जिल्लामा जेष्ठ नागरिकहरूलाई लक्षित गरी नेपालका २० जिल्लाका १४१ स्थानहरूमा आँखा परीक्षण तथा शल्यक्रिया शिविर सञ्चालन गरियो । उक्त शिविरहरूमार्फत् कुल ३१००० जनाको आँखाको परीक्षण गरिएको थियो भने ५०६८ जनाको मोतीबिन्दुको निःशुल्क शल्यक्रिया गरिएको थियो ।

- **हेल्पएज इन्टरनेशनल नेपालको सहयोगमा भूकम्प प्रभाबित स्थानमा आँखा शिविर सञ्चालन-** हेल्पएज इन्टरनेशनल नेपालको सहयोगमा गत बर्ष बैसाख १२ गते आएको बिनासकारी भूकम्पबाट प्रभाबित नुवाकोट, काठमाडौं र भक्तपुर जिल्लाका १४ स्थानमा संयुक्त स्वास्थ्य तथा आँखा शिविर सञ्चालन गरियो। उक्त शिविरहरूमा २६०० जनाको आँखा परीक्षण गरिनुका साथै १५८ जना जेष्ठ नागरिकहरूको मोतीबिन्दुको शल्यक्रिया गरिएको थियो। उक्त कार्यक्रममा निशुल्क औषधि तथा ८५० जनालाई नजिक पढ्ने चश्मासमेत बितरण गरिएको थियो ।

**(ग) डीस्ट्रेस चिल्ड्रेन इन्टर नेशनलको सहयोगमा बिद्यालय आँखा जाँच कार्यक्रम**

- यस बर्ष डीस्ट्रेस चिल्ड्रेन इन्टरनेशनलले केही असक्त बालबालिकाहरूको आँखा परीक्षण तथा चश्मा र औषधि उपलब्ध गराउन अमेरिकी डलर २०००।- प्राप्त भएकोमा उक्त कार्यक्रमअन्तर्गत काडमाडौं उपत्यकाका बिभिन्न आश्रमहरूमा बालबालिकाहरूको आँखा परीक्षण गरिनुका साथै चश्मा लगाउन पर्ने बालबालिकाहरूलाई निःशुल्क चश्मा तथा औषधि उपलब्ध गराइएको थियो ।

## ३. नेपाल सरकारको सहयोगमा सञ्चालित कार्यकम

संघले गत वर्षभैँ यस आर्थिक वर्ष पनि नेपाल सरकारको सहयोगमा देहायका बिभिन्न ६ वटा क्षेत्रमा आँखा उपचार सेवाको कार्यक्रम सञ्चालन गरेको थियो ।

**क) मोतीबिन्दु निःशुल्क शल्यक्रिया सेवा:** यस सेवाअन्तर्गत यस आ.व.मा नेपाल सरकारलको सहयोगमा देशका विभिन्न जिल्लाहरूमा मोतीबिन्दु शल्यक्रिया शिविर सञ्चालन गरी कुल ६०१५ जना विरामीको निःशुल्क मोतीबिन्दु शल्यक्रिया सम्पन्न गरिएको थियो ।

**ख) प्रेसवायोपिक चश्मा (पढ्ने चश्मा) बितरण:** यस कार्यक्रमअन्तर्गत यस आ.व.मा संघअन्तर्गतका विभिन्न आँखा अस्पताल तथा शाखाहरूमार्फत् देशका बिभिन्न जिल्लाहरूमा ५०६२ वटा नजिकको दृष्टि चश्मा निःशुल्क बितरण गरियो ।

**ग) आँखा उपचार कार्यक्रम:** आँखा उपचार कार्यक्रमअन्तर्गत यस आ.व.मा नेपाल सरकारले देशका पहाडी जिल्लाहरूमा संघद्वारा सञ्चालित ४५ वटा आँखा उपचार केन्द्रहरू र मेची आँखा अस्पतालबाट सञ्चालित १ आँखा उपचार केन्द्रसमेत गरी कुल ४६ उपचार केन्द्रको सञ्चालन खर्च उपलब्ध गराएको थियो ।

**घ) जनशक्ति बिकास कार्यक्रम:** यस कार्यक्रमअन्तर्गत बिगतका बर्षमा जस्तै यस आ.व. मा पनि लुम्बिनी नेत्रविज्ञान अध्ययन प्रतिष्ठान तथा भरतपुर आँखा अस्पतालमा अध्ययनरत ११ जना नेत्रसहायकलाई अध्ययन खर्च तथा छात्रबृत्ति प्रदान गरियो ।

**ङ) केन्द्रीय तथ्याङ्क सङ्कलन कार्यशाला गोष्ठी तथा तालिम:** तथ्याङ्क सङ्कलन तथा सूचना प्रणालीलाई थप प्रभावकारी बनाउने उद्देश्यले संघले बिगतका बर्षमा नै यससम्वन्धी कम्प्युटराइज्ड सूचना प्रणालीको सञ्जाल स्थापना गरेको थियो । यस प्रणाली( लाई समयसापेक्ष बनाउदै लैजाने उद्देश्यले यस आ.व.मा नेपाल सरकारको सहयोगमा एक कार्यशाला सञ्चालन गरी सफ्टवेयर को स्तर बृद्धि गर्ने कार्य सम्पन्न गरियो ।

**च) अनुसन्धान कार्यक्रम:** अनुसन्धान कार्यक्रमअन्तर्गत नेपाल सरकारको सहयोगमा मधुमेहबाट आँखामा पर्न सक्ने असर र यसका जोखिम पक्ष (Risk Factor) का सम्वन्धमा गत वर्षबाट प्रारम्भ गरिएको मधुमेह रोगसम्बन्धी सर्वेक्षणलाई यस वर्ष सफलतापुर्वक सम्पन्न गरियो । हाल यस सर्वेक्षणको नतिजासमेत आइसकेको र यो प्रकाशनको तयारीमा रहेको छ ।

**छ) कानसम्बन्धी तालिम तथा पोष्टर छपाई :** नेत्रज्योति संघले नेपाल सरकारको सहयोगमा यस आ.व.मा ५ जना नेत्रसहायक (केडिया आँखा अस्पताल-झापा आँखा उपचार केन्द्रको लागि, लुम्विनी नेत्र विज्ञान संस्थान, लमही आँखा अस्पताल, चन्द्रनिगाहपुर आँखा उपचार केन्द्र र पाल्पा लायन्स लाकोल आँखा अस्पताल) हरूलाई पाल्पास्थित लुम्बिनी मेडिकल कलेजमा कान उपचारसम्बन्धी ३ महिनाको तालिम प्रदान गरिएको थियो भने कान उपचारसम्बन्धी एक हजार थान पोष्टर छाप्ने कार्य गरिएको थियो ।

**ज) अनुगमन तथा सुपरिवेक्षण:** केन्द्रीय कार्यालय तथा स्वास्थ्य मन्त्रालयका पदाधिकारी तथा कर्मचारीहरूबाट यस आ.व.मा ३० स्थानमा गई आँखा उपचारसम्बन्धी गतिविधिको अनुगमन तथा सुपरिवेक्षण गरी जानकारी लिने कार्य सम्पन्न भयो ।

**४. राष्ट्रिय बालअन्धोपन निवारण कार्यक्रम**

वालअन्धोपन निवारणका निमित्त संघको प्रयासस्वरूप सन् २०१० देखि अर्विस इन्टरनेसनलको सहयोगमा सञ्चालित कार्यक्रमअन्तर्गत सन् २०१५ मा संघमातहतका आँखा अस्पतालहरू क्रमशः सगरमाथा चौधरी आँखा अस्पताल, लहान, आर.एम. केडिया आँखा अस्पताल, वीरगन्ज, लुम्बिनी नेत्र विज्ञान अध्ययन प्रतिष्ठान, भैरहवा, हिमालय आँखा अस्पताल, पोखरा, फत्तेबाल आँखा अस्पताल, नेपालगन्ज तथा गेटा आँखा अस्पताल, गेटा, धनगढी (मेची आँखा अस्पतालसमेत) र यी आँखा अस्पतालअन्तर्गतका २१ वटा आँखा उपचार केन्द्रहरूबाट निम्न कार्यक्रमहरू सञ्चालन गरी देहायको उपलब्धि हासिल गरियो :

क) सगरमाथा चौधरी आँखा अस्पतालका चार जना प्यारामेडिकल कर्मचारी तथा फत्तेबाल आँखा अस्पतालका अस्पताल व्यवस्थापकलाई भारतमा पठाई OT Nurse तथा अस्पताल व्यवस्थापनको तालिम दिलाइयो ।

ख) दुई जना चिकित्सकलाई कार्यक्षमता सम्झौताका आधारमा MD Anesthesia र Critical Medicine अध्ययनका लागि प्रायोजन गरियो । उक्त दुई चिकित्सकलाई अध्ययनपश्चात संघअन्तर्गतका दुई वटा आँखा अस्पतालहरूमा खटाइ उक्त अस्पतालबाट प्रदान गरिने चिकित्सकीय सेवालाई अधिक सुरक्षित बनाइने छ ।

ग) ८९४ जना सामुदायिक स्वयंसेवकहरूलाई बाल दृष्टि परीक्षण तथा समयमै आवश्यक उपचारका लागि विभिन्न आँखा अस्पतालहरूमा रेफर गरी पठाउने सम्बन्धी तालिम प्रदान गरियो ।

घ) उक्त आँखा अस्पतालहरू तथा बाह्य आँखा शिविरहरूमार्फत् १७९,९८९ बालबालिकाहरूको आँखाको परीक्षण गरी आँखा समस्याको पहिचान गरिनुका साथै ३,९६८ जना बालबालिकाहरूको आँखाको शल्यक्रिया गरिएको थियो । यसैगरी १२०,५५२ जना बालबालिकाहरूलाई विभिन्न आँखा रोगको उपचारका लागि औषधि वितरण गरिनुका साथै १९,२२६ बालबालिकाहरूहरूलाई आवश्यक चश्मा वितरण गरिएको थियो ।

ङ) कुल १३३,७७५ जना बालबालिकाहरू र तिनका आमाबाबु र स्याहारकर्ताहरूलाई आँखाको शल्यक्रियापश्चात उत्पन्न हुनसक्ने आँखा समस्या र अपनाउनु पर्ने सावधानीका बारेमा परामर्श दिइएको थियो ।

च) जनचेतना जगाउने उद्देश्यले काठमाडौंमा बाल आँखा उपचार सेवासम्बन्धी पत्रकार सम्मेलन गरिएको थियो ।

छ) शिक्षकहरूको अभिमुखीकरणलाई थप प्रभावकारी तुल्याउने उद्देश्यले शिक्षक अभिमुखीकरण म्यानुयललाई परिमार्जन गरी पुनःमुद्रित गर्ने कार्य सम्पन्न गरियो ।

सभासद् महोदय,

अर्विस इन्टरनेसनलको सहयोगमा सञ्चालित पाँच वर्षे राष्ट्रिय बाल अन्धोपन नियन्त्रण कार्यक्रमको सन् २०१५ अन्तिम वर्ष थियो । अतः विगत पाँच वर्षमा यस कार्यक्रमअन्तर्गत संघले हासिल गरेको उपलब्धिलाई पनि यहाँ समीक्षा गर्नु मैले आफ्नो कर्तव्य ठानेको छु ।

१. कार्यक्रम सञ्चालन भएका माथि उल्लिखित सातवटै आँखा अस्पतालहरूलाई बाल आँखा उपचार केन्द्रको रूपमा विकास गरी बाल आँखा उपचारको तालिमप्राप्त नेत्रविशेषज्ञ र नेत्रसहायकहरूबाट बालमैत्री वातावरणमा आँखा उपचार सेवा प्रदान गर्न सक्षम तुल्याइयो ।

२. उक्त आँखा अस्पतालहरूमा बाल एनेस्थेसिया सेवा उपलब्ध गराई बालबालिकाहरूलाई सुरक्षित आँखा उपचार सेवा प्रदान गर्ने व्यवस्था गरियो । यस व्यवस्थाले ३ महिनादेखि १६ वर्षसम्मका बालबालिकाहरूको आँखाको शल्यक्रिया गर्ने अस्पतालहरूको क्षमता अभिबृद्धि हुनुका साथै यसबाट अस्पतालको सेवाको क्षेत्रबिस्तारमा समेत योगदान पुगेको छ ।

३. सात जना नेत्रचिकित्सक तथा ८१ जना नेत्रसहायकसहित कुल १९८ जना चिकित्सकहरूलाई १ दिनदेखि एक वर्षसम्मको बाल आँखा उपचार सेवा तालिम प्रदान गरियो । यसैगरी ६०२६ जना सामुदायिक स्वयंसेवकहरूलाई बाल आँखा उपचार तथा दृष्टि परीक्षणसम्बन्धी तालिम प्रदान गरियो । यी क्रियाकलापहरूले अस्पतालहरूको रेफरल नेटवर्क निर्माणमा पनि सहयोग पुगेको छ ।

४. यस अवधिमा कुल ११,८२,९८९ जना बालबालिकहरूको दृष्टि परीक्षण गरिनुका साथै १९,४०९ जनाको आँखाको शल्यक्रिया गरिएको थियो । यसैगरी ४४४,२३९ जना बालबालिकाहरूलाई आवश्यक औषधि तथा १२३,६५९ जना बालबालिकाहरूलाई निःशुल्क चश्मा बितरण गरिएको थियो ।

५. यस अवधिमा कुल ४,१८,८३५ जना बालबालिकाहरू र तिनका आमाबाबु र स्याहारकर्ताहरूलाई आँखाको शल्यक्रियापश्चात उत्पन्न हुनसक्ने आँखा समस्या र अपनाउनु पर्ने सावधानीका बारेमा परामर्श दिइएको थियो ।

संघको बालअन्धोपन न्यूनीकरणको अभियानलाई सक्रियतापूर्वक कार्यान्वयन गर्दै आएका आँखा अस्पतालहरूले बाल आँखा समस्याको समाधान प्रति देखाएको बढदो अभिरूचि र प्रयासको परिणाम स्वरूप आज आँखा उपचारका लागि अस्पताल आउने बालबालिकाहरूको संख्या ४५ प्रतिशतले बृद्धि भएको छ । संघले अर्विस इन्टरनेसनलको सहयोगमा यस कार्यक्रमलाई थप दुई वर्ष (आ.व. २०१६/२०१७) सम्मका लागि बढाएको पनि जानकारी गराउन चाहन्छु ।

### ५. बालपोषण योजना,सर्लाही

बाल पोषण योजना, सर्लाही समाज कल्याण परिषद, नेपाल नेत्रज्योति संघ र संयुक्त राज्य अमेरिकाको जोन्स हप्किन्स विश्वविद्यालयद्धारा संयुक्त रूपमा सञ्चालित आयोजना हो । यस आयोजनाअन्तर्गत हरिवनको सुखेपोखरीमा निःशुल्क आँखा उपचार केन्द्र सञ्चालन हुँदै आएको छ। यस केन्द्रबाट प्रत्येक शनिवार आँखा विशेषज्ञज्ञद्वारा मोतीबिन्दुको निःशुल्क शल्यक्रिया समेत प्रदान हुँदैआएको छ। यस उपचार केन्द्रले बर्षेनि २०,००० भन्दा बढी स्थानीय जनतालाई आँखा उपचार सेवाका साथै मोतीबिन्दुको निःशुल्क शल्यक्रिया सेवा प्रदान गर्दै आएको छ।

### ६. राष्ट्रिय आँखा स्वास्थ्य शिक्षा कार्यक्रम

संघले केही वर्ष अघि गरेको KAP सर्वेक्षणले कुल जनसंख्याको ४३ प्रतिशत जनता आँखा समस्या र उपलब्ध उपचार सेवाबारे अनभिज्ञ रहेको तथ्य प्रकाशमा ल्याएको थियो। यसैले संघले राष्ट्रिय आँखा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरेर मानिसहरूलाई समयमै आँखाको समस्याबाट बचाउन आँखा स्वास्थ्य सम्बन्धी चेतना जगाउने राष्ट्रिय दायित्व निर्वाह गरिरहेको छ । यस कार्यक्रमअन्तर्गत संघले सन् २०१५ मा १३ वटा आँखा अस्पतालहरू तथा उपचार केन्द्रमार्फत् निम्न कार्यक्रमहरू सञ्चालन गरेको थियो।

**(क) रेडियो आँखा सेवा कार्यक्रमः**

गत वर्षझैँ यस बर्ष पनि रेडियो नेपालको राष्ट्रिय प्रसारणमार्फत पाक्षिक रूपमा अर्थात् हरेक नेपाली महिनाको दोश्रो र चौथो शनिवार साँझ ८:१५ बजे देखि ८:३० बजेसम्मको समयमा कूल २४ वटा कार्यक्रमहरू तयार पारी प्रसारण गरिएका थिए। जसमध्ये दुई वटा कायक्रम भने भूकम्पको कारण प्रसारण हुन सकेनन्। यसै गरी देशका विभिन्न आँखा अस्पतालहरूद्वारा स्थानीय एफ. एम. रेडियो स्टेसनहरूमार्फत् २८४ वटा आँखा सेवा कार्यक्रमहरू उत्पादन गरी प्रसारण गरिएका थिए।

**(ख) राष्ट्रिय तथा क्षेत्रीय स्तरमा रेडियो स्पटहरू प्रसारण**

यस वर्ष पनि स्थानीय जनसाधारणमा आँखासम्बन्धी जनचेतना अभिबृद्धि गर्ने उद्देश्यले विभिन्न स्थानीय भाषाहरूमा आँखा समस्या, तिनको रोकथाम र उपचार सेवाहरूका बारेमा सामग्रीहरू उत्पादन गरी वितरण तथा प्रसारण गर्ने कार्य भयो । यसै अनुरूप आर.एम. केडिया आँखा अस्पताल, बीरगंजले भोजपुरी भाषामा, सगरमाथा चौधरी आँखा अस्पताल, लहानले मैथिली भाषामा, फत्तेबाल आँखा अस्पताल, नेपालगन्जले अवधि भाषामा, गेटा आँखा अस्पताल, गेटाले डोटेली भाषामा र संघले थारू भाषामा गरी कुल १९ वटा रेडियो स्पट तयार पारी ६४९६ पटक विभिन्न क्षेत्रीय तथा राष्ट्रिय एफ.एम. स्टेसनहरूबाट प्रसारण गरिएको थियो।

**(ग) टि.भि. स्पट प्रसारण**

यस वर्ष मैथिली भाषामा एक र डोटेली भाषामा एक गरी दुई वटा टि.भि. स्पट उत्पादन गरी टेलिभिजनबाट प्रसारण गरिएको थियो। यस वर्ष २०१५ मा उक्त दुई र पहिले उत्पादन गरिएका समेत गरी कुल १९६ पटक विभिन्न टेलिभिजन च्यानलहरूबाट यस्ता टि.भि. स्पटहरू प्रसारण गरिएका थिए।

**(घ) एस. एम. एस (SMS) मार्फत प्रचार प्रसार :**

गत वर्ष झैँ यस वर्ष पनि नेपाल टेलिकमको सञ्जालमार्फत् १४ वटै अञ्चलका कुल चार लाख व्यक्तिलाई मोवाइल फोनमा “आँखा जचाउँ दृष्टि बचाउँ” भन्ने एस.एम.एस. (छोटो सन्देश सेवा) पठाइएको थियो । यस्ता सन्देशहरू पठाइएपछि थुप्रै बिरामीहरूले नजिकको आँखा अस्पतालमा सम्पर्क गर्ने गरेको पाइएकाले यो एक प्रभावकारी रहेको पाइयो। अतः सभासद्हरूले पनि यस्ता सन्देश मोवाइल फोनमार्फत् पठाउने गरिदिनु भएमा यो अझ व्यापक बन्ने विश्वास लिएको छु।

**(ङ) छापा माध्यमका सामग्रीहरूको उत्पादन तथा बितरणः**

गत वर्ष भैँ यस वर्ष पनि छापा माध्यमबाट विभिन्न प्रचार सामग्री उत्पादन र वितरण गरियो । यस वर्ष ४ किसिमका ४ लाख थान पोष्टर, एक किसिमको १५ थान फ्लेक्स व्यानर र ३ किसिमका १५ हजार ३ सय थान ब्रोसर छपाई गरी विभिन्न अस्पतालमार्फत् बितरण गरिएको थियो ।

**(च) समुदायस्तरका तालिम कार्यक्रमहरू :**

राष्ट्रिय आँखा स्वास्थ्य शिक्षा कार्यक्रमअन्तर्गत क्रियाशील १३ वटा आँखा अस्पतालहरूद्धारा सन् २०१५ मा निम्नअनुसार समुदायस्तर का तालिम कार्यक्रम सञ्चालन गरिएको थियो;

(क) औषधि विक्रेताहरूका लागि- ७०७ जना औषधि बिक्रेतालाई असुरक्षित रूपले आँखाको औषधि दिँदा हुने हानीनोक्सानीका बारेमा तालिम प्रदान गरिएको थियो ।

(ख) महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि- १३१५ जना महिला स्वास्थ्य कार्यकर्तालाई आँखा उपचारसम्बन्धी सचेतना तालिम प्रदान गरिएको थियो ।

(ग) आमा समूहका सदस्यहरूका लागि- १०१२ आमा समूहलाई पनि आँखा उपचारसम्बन्धी सचेतना तालिम प्रदान गरिएको थियो ।

**(छ) आँखा स्वास्थ्य शिक्षासम्बन्धी प्रदर्शनी तथा मेलाः**

संघको राष्ट्रिय आँखा स्वास्थ्य शिक्षा कार्यक्रमअन्तर्गत विभिन्न केन्द्र तथा विभिन्न अस्पतालहरूद्वारा वर्ष २०७२ मा कुल ८ वटा विभिन्न प्रदर्शनी तथा मेलाहरूको आयोजना गरेर आँखा स्वास्थ्य सम्बन्धी प्रचारप्रसार गरिएको थियो । सोको विवरण यसप्रकार रहेको छ; गेटा आँखा अस्पताल, गेटा- १, लुम्बिनी नेत्रविज्ञान अध्ययन प्रतिष्ठान, भैरहवा- १, संघको केन्द्रीय कार्यालय, काठमाडौं- १, आर.एम. केडिया आँखा अस्पताल, वीरगन्ज- १, गौर आँखा अस्पताल, गौर- १, सगरमाथा चौधरी आँखा अस्पताल, लहान- १, र मेची आँखा अस्पताल, बिर्ता- २ । यसैअनुसार संघले लुभुमा एक आँखा स्वास्थ्य शिक्षासम्बन्धी सामग्रीहरूको प्रदर्शनीका साथै विद्यालयस्तरीय हाजिरी जवाफ प्रतियोगिताको समेत आयोजना गरेको थियो ।

सभासद् महोदय,

उपचारमा लाग्ने खर्चभन्दा रोकथाममा लाग्ने खर्च न्यून हुने कुरा विभिन्न अनुसन्धानहरूले देखाएका छन् । तर अझै पनि हामीले रोग लाग्नै नदिनेतर्फ अपनाउनु पर्ने सजगता र तयारीमा खासै उपलब्धि हासिल गर्न सकेका छैनौँ । संघको ध्यान पनि अझसम्म उपचार मा नै केन्द्रित रहँदै आएको छ । अतः म सम्पूर्ण सभासद्ज्यूहरूलाई आआफ्नो क्षेत्रका आँखा अस्पताल तथा उपचार केन्द्रहरूलाई प्रतिकारात्मक उपायहरूतर्फ पनि बिशेष ध्यान दिएर कार्यक्रमहरू सञ्चालन गर्न लगाउनेतर्फ जोड दिनुहुनसमेत अनुरोध गर्दछु ।

## ७. विविध गतिविधिहरू

(क) **IAPB को दोस्रो क्षेत्रीय कार्यशाला गोष्ठी काठमाडौँमा सम्पन्नः -** विश्वका आँखा स्वास्थ्य क्षेत्रमा क्रियाशील सबै गैरसर कारी संस्थाहरूको छाता संगठन **International Agency for Prevention of Blindness (IAPB)** को दोस्रो क्षेत्रीय कार्यशाला गोष्ठी गत १५ तथा १६ डिसेम्बरमा काठमाडौंमा सम्पन्न भयो । गोष्ठी दक्षिण पूर्वी एशियाली क्षेत्र (SEAR) मा "Universal Eye Health: a global action plan 2014-2019" को कार्यान्वयन विषयमा केन्द्रित रहेको थियो ।

(ख) **संघका पदाधिकारीहरूबाट सम्माननीय राष्ट्रपति तथा उपराष्ट्रपतिसँग शिष्टाचार भेट-** नेपाल नेत्रज्योति संघका केन्द्रीय पदाधिकारीहरूले नवनिर्वाचित सम्माननीय राष्ट्रपति श्रीमती बिद्यादेवी भण्डारी तथा सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनसँग शिष्टाचार भेट गर्नुभई संघका गातिविधि बारे अवगत गराउनु भयो ।

(ग) स्थापना, निर्माण तथा उद्घाटन–

- **संघद्वारा 'राहत सहयोग कोष' स्थापना-** नेपाल नेत्रज्योति संघले गत बैशाख १२ गते आएको महाभूकम्पबाट प्रभावित मानिसहरूलाई राहत पुऱ्याउने उद्देश्यले संघमातहतका शाखा, अस्पताल तथा उपचार केन्द्रहरूका साथै संघसंस्था तथा व्यक्तिहरूबाट राहत सहयोग जुटाउन एक 'राहत सहयोग कोष' स्थापना गर्ने निर्णय गरेको थियो । सो कोषमा दात्री निकायहरूबाट प्राप्त सहयोग रकमबाट संघका भूकम्प पीडित कर्मचारीहरूलाई सहयोग प्रदान गरियो ।

- **गेटा आँखा अस्पतालको अन्तरङ्ग भवनको उद्घाटन-** नेपाल नेत्रज्योति संघअन्तर्गतको गेटा आँखा अस्पतालको अन्तरङ् भवनको यही २०७२ बैशाख ९ गते एक विशेष कार्यक्रममा नेपालका लागि भारतका राजदूत महामहिम रञ्जित रेले समुद्घाटन गर्नुभयो ।

- **चितवनमा नेत्र प्रतिष्ठान भवनको उद्घाटन-** नेपाल सरकारका स्वास्थ्य तथा जनसङख्या मन्त्री माननीय खगराज अधिकार ीले संघको भरतपुर आँखा अस्पतालअन्तर्गतको **हिरालाल सन्तुदेवी प्रधान नेत्र प्रतिष्ठान** भवनको समुद्घाटन गर्नुभयो ।

- **हिमालय आँखा अस्पतालमा शशुल्क क्याविन शिलान्यास-** नेपाल नेत्रज्योति संघअन्तर्गतको हिमालय आँखा अस्पताल, पोखरामा नयाँ शशुल्क विरामी वार्ड भवनको शिलान्यास गरियो ।

- **धौलागिरी आँखा अस्पतालको शिलान्यास -** नेपाल नेत्रज्योति संघका केन्द्रीय कार्यसमितिका अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रद्वारा मितिः २०७२ साल चैत्र ६ गतेका दिन शिलान्यास गरियो ।

(ग) **भरतपुर आँखा अस्पतालमा MD Ophthalmology को कार्यक्रम शुरु गर्ने पहलः** NAMS सँग भरतपुर आँखा अस्पतालमा MD Ophthalmology को शैक्षिक कार्यक्रम शुरु गर्न आवश्यक पहल भैरहेको छ ।

**(घ) सम्झौता/समझदारीपत्रमा हस्ताक्षर**

- **आँखा अध्ययन प्रतिष्ठान स्थापना गर्न संघ तथा त्रिभुवन विश्वविद्यालयबीच समझदारीपत्रमा हस्ताक्षर-**नेपाल नेत्रज्योति संघले त्रिभुवन विश्वविद्यालयसँग सहकार्य गर्दै काठमाडौंमा एक सुविधासम्पन्न शिक्षण आँखा अस्पतालसहितको आँखा अध्ययन प्रतिष्ठान स्थापना गर्ने उद्देश्यले २०७२ असार २ गते काठमाडौंमा संघ र त्रिभुवन विश्वविद्यालयबीच एक सम्झौतापत्रमा हस्ताक्षर भएको छ । सम्झौताअनुसार त्रिभुवन विश्वविद्यालयले नेपाल नेत्रज्योति संघलाई आँखा अध्ययन प्रतिष्ठान स्थापनाका लागि आवश्यक दस रोपनी जग्गा विश्वविद्यालय परिसर, कीर्तिपुरमा उपलब्ध गराउने छ भने नेपाल नेत्रज्योति संघले आगामी दुई वर्षभित्र उक्त जग्गामा प्रतिष्ठान तथा शिक्षण आँखा अस्पतालको लागि आवश्यक भौतिक पूर्वाधार निर्माण प्रारम्भ गरी सेवाको सञ्चालन गर्नेछ ।

- **नेपाल नेत्रज्योति संघ तथा भारतीय राजदूतावासबीच सम्झौतापत्रमा हस्ताक्षर-** नेपाल नेत्रज्योति संघ तथा भारतीय राजदूतावासबीच २०७२ माघ ५ गते नेपालमा अन्धोपन न्यूनीकरणका लागि आर्थिक सहयोग सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौताअनुसार भारतीय राजदूतावासले संघलाई १५००० वटा मोतीबिन्दुको निःशुल्क शल्यक्रिया गर्न तथा देशका विभिन्न जिल्लाका विद्यालयहरूका बालबालिकाहरूको आँखा जाँच गरी ९००० जना दृष्टिदोष तथा ३०० न्यूनदृष्टि भएका बालबालिकाहरूलाई निःशुल्क चश्मा बितरण गर्नका लागि ४ करोड ४१ लाख ६७ हजार २ सय नेपाली रूपैयाँ उपलब्ध गराउने छ ।

- **परियोजना सम्झौता सम्पन्न-** नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित अन्धोपन न्यूनीकरण अभियानलाई सहयोग पुऱ्याउँदै आएको अन्तर्राष्ट्रिय संस्था ल्व्हुए र संघबीच सहयोगलाई थप निरन्तरता प्रदान गर्दै लैजाने उद्देश्यले संघ, समाज कल्याण परिषद्, ल्व्हु  तथा ल्व्हुए बीच कार्यक्रम सञ्चालनसम्बन्धी एक सम्झौता सम्पन्न भयो । यस सम्झौताको मुख्य उद्देश्य देशका पहाडी तथा तराईका विभिन्न क्षेत्रमा उच्च गुणस्तरीय आँखा स्वास्थ्य सेवामा आमजनताको पहुँच बृद्धि गर्नु तथा पूर्ण दृष्टिबिहिन तथा आंशिक रूपले दृष्टिविहिन भएका मानिसहरूको उपाचार तथा पुनर्स्थापना सेवामा पहुँच बृद्धि गर्नु रहेको छ ।

- **संघ तथा नाम्स बीच समझदारीपत्रमा हस्ताक्षर-** २० असार, २०७२ मा नेपाल नेत्रज्योति संघ तथा चिकित्सा विज्ञान र ाष्ट्रिय प्रतिष्ठान (NAMS) का बीच पूर्वाञ्चल क्षेत्रीय आँखा उपचार कार्यक्रम (EREC-P) र लुम्बिनी नेत्रविज्ञान संस्थानमा MD Ophthalmology को अध्यापन सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको छ ।

- **संघ तथा HelpMeSee बीच सहकार्य सम्बन्धी पत्र आदानप्रदान-** नेपाल नेत्रज्योति संघ तथा संयुक्त राज्य अमेरिकास्थित गैरसरकारी संस्था HelpMeSee बीच सम्भावित सहकार्यसम्बन्धी पत्रको आदानप्रदान भएको छ । गत ३० जुन २०१५ मा HelpMeSee को कार्यालय नयाँ दिल्लीमा हस्तान्तरण गरिएको सहकार्यसम्बन्धी पत्र अनुसार उक्त संस्था संघसँग मिलेर नेपालमा अन्धोपनको GIS/GPS surveillance सेवा बिस्तारीकरण मोडेल (Saturation model) कार्यान्वयन गर्न इच्छुक रहेको छ ।

- **संघ तथा HelpAge International बीच सम्झौता-** १९ जुन २०१५ मा नेपाल नेत्रज्योति संघ तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था HelpAge International बीच सहयोगसम्बन्धी एक पत्रमा हस्ताक्षर भएको छ । नेपालमा गत बैशाख महिनामा गएको बिनासकारी भूकम्पबाट प्रभावित क्षेत्रका जेष्ठ नागरिकहरूलाई आँखा स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले यो सम्झौता भएको हो ।

- **संघ तथा जापानी राजदूताबासबीच सम्झौता-** संघ तथा नेपालस्थित जापानी राजदूताबासबीच १९ फरवरी २०१६ मा भोजपुरमा आँखा अस्पताल निर्माणका लागि आर्थिक सहयोग गर्नेससम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर सम्पन्न भयो ।

**(ङ) जिल्ला शाखाहरूको साधारणसभा/निर्वाचन**

वर्ष २०७२ मा नेत्रज्योति संघका निम्न जिल्ला शाखाहरूमा निर्वाचन सम्पन्न भई नयाँ कार्यसमितिको गठन भएको छ;

- नेपाल नेत्रज्योति संघ, जिल्ला तदर्थ समिति इलामको ज्येष्ठ ९ गते निर्वाचन सम्पन्न भई श्री इन्द्र फुयाँलज्यूको सभापतित्वमा नयाँ कार्यसमितिको निर्वाचन भएको छ ।
- नेपाल नेत्रज्योति संघ, दाङ शाखाको कार्यसमितिका लागि आषाढ १७ गते निर्वाचन सम्पन्न भई श्री कृष्णकुमार गिरीज्यूको सभापतित्वमा नयाँ कार्यसमितिको निर्वाचन भएको छ ।
- नेपाल नेत्रज्योति संघ, पर्सा शाखाको कार्यसमितिका लागि श्रावण २६ गते निर्वाचन सम्पन्न भई श्री इश्वरचन्द्र गौतमज्यूको सभापतित्वमा नयाँ कार्यसमितिको निर्वाचन भएको छ ।
- नेपाल नेत्रज्योति संघ, हुम्ला शाखाको कार्यसमितिका लागि श्रावण ९ गते निर्वाचन सम्पन्न भई श्री नरबहादुर रोकाया( ज्यूको सभापतित्वमा नयाँ कार्यसमितिको निर्वाचन भएको छ ।
- नेपाल नेत्रज्योति संघ, बैतडी शाखाको कार्यसमितिका लागि कार्तिक १२ गते निर्वाचन सम्पन्न भई श्री बिष्णुदत्त जोशी( ज्यूको सभापतित्वमा नयाँ कार्यसमितिको निर्वाचन भएको छ ।
- नेपाल नेत्रज्योति संघ, भोजपुर शाखाको कार्यसमितिका लागि मंसिर २४ गते निर्वाचन सम्पन्न भई श्री तेज मोक्तानज्यूको सभापतित्वमा नयाँ कार्यसमितिको निर्वाचन भएको छ ।
- नेपाल नेत्रज्योति संघ, गोरखा शाखाको कार्यसमितिका लागि फागुन १४ गते निर्वाचन सम्पन्न भई श्री पोवनाथ घिमिरेज्यूको सभापतित्वमा नयाँ कार्यसमितिको निर्वाचन भएको छ ।
- नेपाल नेत्रज्योति संघ, अर्घाखाँची शाखाको कार्यसमितिका लागि चैत्र २७ गते निर्वाचन सम्पन्न भई श्री दलबहादुर के.सी.ज्यूको सभापतित्वमा नयाँ कार्यसमितिको निर्वाचन भएको छ ।
- नेपाल नेत्रज्योति संघ, महोत्तरी तथा रूकुममा तदर्थ समितिको गठन भई कार्य प्रारम्भ भएको छ ।
- नेपाल नेत्रज्योति संघ, रुपन्देही शाखामा निर्वाचन सम्पन्न भई नयाँ कार्यसमितिको गठन भएको छ । (सभापति को हो ?)

(च) **क्षेत्रीय कार्यशाला गोष्ठी** : यस बर्ष बिनासकारी भूकम्प तथा त्यसपछिको इन्धन असहजताका कारण आवागमनमा कठिनाई उत्पन्न हुँदा क्षेत्रीय गोष्ठीहरू सञ्चालन गर्न असम्भव भएकाले कुनै क्षेत्रीय गोष्ठी सञ्चालन भएनन् ।

(छ) **प्रकाशन**

- **बुलेटीन प्रकाशनः** संघले आफ्ना गतिविधिहरूलाई नियमित रूपमा प्रकाशन गरी आम पाठक, सरोकार निकायहरू तथा सम्वन्धित सबै व्यक्ति तथा संस्थाहरूसमक्ष पुऱ्याउने उद्देश्यले चौमासिक रूपमा नेपाल नेत्रज्योति संघ बुलेटिन प्रकाशन गर्दै आएकोमा सो कार्यलाई यस वर्ष पनि निरन्तरता दिएको छ । हालसम्म यसका १६ अङ्क प्रकाशन भैसकेका छन् ।

(ज) **अन्तर्राष्ट्रिय सम्मेलन/बैठकहरूमा सहभागिता**

- **South-South Co-operation Conference मा सहभागिता-** संघका केन्दीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रले मार्च १० र ११, २०१६ मा नयाँदिल्लीमा आयोजना भएको **Research and information system for developing countries (RIS)** र भारतको बिदेश मन्त्रालयद्वारा आयो **Conference on South-South Cooperation** मा सहभागी भई नेपालमा अन्धोपन न्यूनीकरणमा भारत सरकारको सहयोगबारे प्रस्तुती दिनुभएको थियो ।

- **World Ophthalmology Congress मा सहभागिता-** संघका केन्दीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रले फेब्रुवरी ५ देखि ९ सम्म मेक्सिकोको ग्वाद्राजलामा आयोजित **World Ophthalmology Congress मा** सहभागी भई नेपालमा ट्रकोमा कार्यक्रमका विशेषताहरूबारे प्रस्तुती दिनुभएको थियो ।

- **एशिया प्यासिफिक एकेडेमी अफ अप्थल्मोलोजी कङ्ग्रेसमा संघको सहभागिता-** चिनको ग्वाङ्झाओमा १ देखि ४ अप्रिल, २०१५ मा सम्पन्न तीसौं **Asia-Pacific Academy of Ophthalmology Congress** मा नेपाल नेत्रज्योति संघका अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्र, महासचिव श्यामकुमार पोखरेल, सचिव भरतबहादुर चन्द तथा प्रबक्ता हरिप्रसाद शर्माले सहभागिता जनाउनु भएको थियो ।

- **Competency Based Assessment workshop- ORBIS International** द्वारा फेब्रुवरी ५ र ६, २०१६ मा भारतको हरियाणा राज्यको गुरगाँवमा आयोजित **Competency Based Assessment workshop** मा संघका प्रवक्ता हरिप्रसाद शर्मा तथा प्रोग्राम डाइरेक्टर शैलेसकुमार मिश्रले सहभागिता जनाउनु भएको थियो । उक्त गोष्ठीमा प्रवक्ता शर्माले संघमातहतका अस्पतालहरूमा **CBA** निर्देशिका कार्यान्वयन गर्ने प्रतिवद्धतापत्रमा हस्ताक्षर समेत गर्नुभएको थियो ।

(झ) **अवलोकन तथा निरीक्षण भ्रमण**

- **संघका पदाधिकारीहरूद्वारा भारतको आँखा अस्पतालको अवलोकन भ्रमण–** नेपाल नेत्रज्योति संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रको नेतृत्वमा संघको एक प्रतिनिधि मण्डलले सन् २०१५ को २५ देखि २८ डिसेम्बरसम्म भारतको चित्रकुटस्थित सद्गुरू सेवा संघ ट्रष्ट तथा सो ट्रष्टद्वारा सञ्चालित सद्गुरू नेत्रचिकित्सालयको अवलोकन भ्रमण गरेको थियो । भ्रमण दलमा संघका महासचि श्यामकुमार पोखरेल, कार्यक्रम निर्देशक शैलेसकुमार मिश्र, वित्तनियन्त्रक सोमेश अर्याल सहभागी हुनुहुन्थ्यो । उक्त अस्पतालसँग छिट्टै सहकार्यसम्बन्धी समझदारी गर्ने तयारी भैरहेको छ ।

- (ञ) **गोष्ठी/बैठक तथा अन्तर्क्रिया कार्यक्रमहरू**

- **कार्यशाला गोष्ठी सम्पन्न-** गत १७ माघ २०७२ मा **Post Disaster: Long term Strategy and Action Plan in Eye Health Services of Nepal** विषयमा **IAPB** तथा **CBM** को सहयोगमा एकदिने कार्यशाला गोष्ठी सम्पन्न गरियो ।

- **बार्षिक समीक्षा बैठक-** नेपाल नेत्रज्योति संघको वार्षिक समीक्षा बैठक गत असार १९ गते (४ जुलाई २०१५) मा काठमाडौंमा सम्पन्न भएको थियो । संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रको अध्यक्षतामा सम्पन्न उक्त बैठकको

मुख्य उद्देश्य संघका नयाँ योजनाको जानकारी गराउनु तथा विभिन्न अस्पतालहरूमार्फत् सञ्चालन भैरहेका कार्यक्र( महरूको प्रगतिको समीक्षा गर्नु रहेको थियो ।

- **राष्ट्रिय आँखा स्वास्थ्य शिक्षा कार्यक्रमको समीक्षा कार्यशाला गोष्ठी-** संघले २०७२ श्रावण २२ गते संघअन्तर्गत सञ्चालित राष्ट्रिय आँखा स्वास्थ्य शिक्षा कार्यक्रमको समीक्षा कार्यशाला गोष्ठी आयोजना गरेको थियो । संघअन्तर्गतका देशका १४ आँखा अस्पतालका प्रतिनिधिहरूको सहभागिता रहेको सो कार्यक्रममा आँखा अस्पतालहरूमार्फत् सञ्चालित कार्यक्रमको प्रगतिको विवरण प्रस्तुत गरिनुका साथै आँखा स्वास्थ्य शिक्षा कार्यक्रमलाई अझ प्रभावकारी बनाउन अपनाउनु पर्ने उपायहरू तथा कार्यक्रमको लक्ष्य हासिल गर्न अपनाउनु पर्ने रणनीतिहरूका सम्बन्धमा छलफल गरिएको थियो ।

- **पत्रकार भेटघाट कार्यक्रम-** नेपालमा बालअन्धोपनको स्थिति र यसको न्यूनीकरणका लागि **ORBIS International** को सहयोग तथा यसका उपलब्धिह¿बारे जानकारी गराउने पत्रकार भेटघाट कार्यक्रम सम्पन्न भयो ।

- **Central Poject Advisory Committee का बैठकहरुः**

**(क)** १६ जुलाई २०१५ मा सेवा फाउण्डेसन तथा सेवा क्यानाडा सोसाइटीको सहयोगमा संघद्वारा सञ्चालित कार्यक्रमहरूको केन्द्रीय परियोजना सल्लाहकार समिति (Central Project Advisory Committee) को बैठक बसेको थियो । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, गृह मन्त्रालय, कानुन तथा न्याय मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अर्थ मन्त्रालय, संघीय मामला तथा स्थानीय विकास मन्त्रालय, समाजकल्याण परिषद, राष्ट्रिय योजना आयोग तथा सेवा फाउण्डेसन (संयुक्त राज्य अमेरिका) लगायतका प्रतिनिधिहरूको उपस्थिति रहेको सो बैठकमा सेवा फाउन्डेसन तथा संघबीचको सम्बन्ध र सहकार्य, नेपालमा सो संस्थाले आँखा स्वास्थ्य सेवाका क्षेत्रमा पुऱ्याउँदै आएको सहयोग तथा भावी योजनाहरूका बारेमा छलफल भएको थियो । यसै गरी फेब्रुवरी २३, २०१६ मा पनि केन्द्रीय परियोजना सल्लाहकार समिति (Central Project Advisory Committee) को बैठक बसेको थियो ।

**(ख)** २६ जुन २०१५ मा नेपाल नेत्रज्योति संघ तथा NNIPS को केन्द्रीय परियोजना सल्लाहकार समिति (Central Project Advisory Committee) को बैठक सम्पन्न भएको छ । समाजकल्याण परिषद्, गृह मन्त्रालय, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, राष्ट्रिय योजना आयोगका प्रतिनिधिहरू, NNIPS का प्रोजेक्ट डाइरेक्ट तथा NNIPS का प्रतिनिधिसमेतको उपस्थितिमा सम्पन्न सो बैठकमा NNIPS का भावी योजना र सम्भाव्य कार्यक्रमहरू, कार्यक्रमहरूको सफल सञ्चालनका लागि अवलम्बन गर्नुपर्ने रणनीतिहरूका बारेमा छलफल भएको थियो ।

- **राप्ती आँखा स्वास्थ्य कार्यक्रमको रणनीतिक योजना बैठक-** नेपाल नेत्रज्योति संघ, राप्ती आँखा स्वास्थ्य कार्यक्रमको दुई दिने रणनीतिक योजना बैठक राप्ती आँखा अस्पताल, दाङमा सम्पन्न गरियो । राप्ती आँखा स्वास्थ्य कार्यक्रमअन्तर्गत सञ्चालित तीन वटा आँखा अस्पताल र तीन वटा आँखा उपचार केन्द्रहरूको आगामी ५ बर्षको लागि दीर्घकालिन रणनीति तथा भावी कार्यक्रमको योजना बनाउनका लागि सो बैठक बसेको थियो ।

    - **संघ तथा दात्री संस्थाहरूसँग छलफल-** बैशाख २५ गते तदनुसार मे ८ का दिन नेपाल नेत्रज्योति संघ तथा संघका दाता संस्थाहरूका प्रतिनिधिहरूबीच भूकम्पबाट परेको प्रभावका तथा भूकम्पबाट प्रभावितहरूलाई पुऱ्या( उन सकिने राहत कार्यको योजना र कार्यान्वयनको स्वरूपबारे छलफल कार्यक्रम सम्पन्न भएको थियो ।

    - **सल्यान तथा रूकुममा अन्तरक्रिया कार्यक्रम-** संघका केन्द्रीय पदाधिकारीहरूले गत जेठ १६ गते पश्चिम नेपालको सल्यान तथा रूकुम आँखा उपचार केन्द्रहरूमा स्थलगत भ्रमण गरी उक्त उपचार केन्द्रहरूको क्षमता अभिबृद्धि तथा सुदृढीकरणका लागि स्थानीय जनसमुदायहरूसँग प्रत्यक्ष अन्तरक्रिया गर्नुभएको थियो ।

    - **स्वयंसेवक तालिम सम्पन्न**- साउन १४ देखि १६, २०७२ मा तीन दिने स्वंयसेवक क्षमता अभिबृद्धि तलिम सम्पन्न भयो ।

(ट) **विश्वदृष्टि दिवस सम्पन्नः-** गत वर्षहरूझैं यस वर्ष पनि ८ अक्टोवरका दिन नेपाल नेत्रज्योति संघले 'सबैका लागि आँखाको स्याहार' नाराका साथ काठमाडौं उपत्यकास्थित आफ्नो एक मात्र आँखा उपचार केन्द्र ललितपुरको लुभुमा आँखा स्वास्थ्यसम्बन्धी जनचेतनामूलक र्‍यालीको आयोजना गरी विश्व दृष्टि दिवस मनाएको थियो ।

(ठ) **नेत्रज्योति दिवस सम्पन्नः** संघले यस वर्षको नेत्रज्योति दिवसलाई 'दृष्टि सचेतना कवि गोष्ठी' का रूपमा मनायो । चैत्त १३ गते आयोजना गरिएको उक्त कवि गोष्ठीमा १५ जना देशका ख्यातिप्राप्त कविहरूले आँखा र दृष्टिको महत्व दर्शाउँदै कविता वाचन गर्नुभएको थियो । विशेषतः कवि तथा सर्जकहरूका माध्यमबाट पनि आँखा स्वास्थ्य चेतना अभिबृद्धि गर्नु उक्त गोष्ठीको उद्देश्य रहेको थियो ।

(ड) **भूकम्प सचेतना कार्यक्रम-** नेपाल नेत्रज्योति संघले गत जेठ १४ गते भूकम्पको कारण संघका कर्मचारीहरूमा परेको मानसिक असरलाई निर्मूल गर्ने तथा भूकम्पबाट बच्न अपनाउनु पर्ने सावधानीहरूका सम्बन्धमा एक विशेष कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका उपकुलपति प्रा.डा. जीवराज पोखरेलले भूकम्पले पार्ने प्रभाव र भूकम्प प्रतिरोधी घरहरूको निर्माणमा ध्यान दिनुपर्ने कुराहरूका बारेमा र जीवन विज्ञान केन्द्रका गुरू श्री रमेश नेपालले भूकम्पले पारेको मानसिक प्रभावबाट कसरी मुक्त हुने भन्ने सम्बन्धमा विशेष प्रवचन दिनु भएको थियो ।

(ढ) नेपाल नेत्रज्योति संघको जिल्ला शाखा बाग्लुड.ले संचालन गरिरहेको आँखा उपचार केन्द्र बाग्लुड. परिसरमा निकट भबिष्यमा स्थापना हुने धौलागिरी आँखा अस्पतालको मिति २०७२ साल चैत्र ६ गते बिधिवतरूपमा संघका केन्द्रीय अध्यक्ष प्रा.डा. तीर्थप्रसाद मिश्रज्यूले शिलान्यास गर्नु भयो ।

(ण) **नयाँ आँखा उपचार केन्द्रको स्थापनाः**

यस आर्थिक वर्षमा देहायका स्थानमा नयाँ आँखा उपचार केन्द्रहरू स्थापना गरिएका थिए;

- ठाँडा आँखा उपचार केन्द्र, अर्घाखाँची
- शान्तिपुर आँखा उपचार केन्द्र, गुल्मी
- टाँडी आँखा उपचार केन्द्र, चितवन
- चनौली आँखा उपचार केन्द, चितवन
- सौराहा आँखा उपचार केन्द्र, चितवन
- लुभु आँखा उपचार केन्द्र, ललितपुर
- कीर्तिपुर आँखा उपचार केन्द्र,काठमाडौं
- रोल्पा आँखा उपचार केन्द्र, सुलिचौर, रोल्पा
- वीरगञ्ज आँखा उपचार केन्द्र, वीरगञ्ज, पर्सा
- भिस्वा आँखा उपचार केन्द्र, पर्सा

**माननीय सभासद्ज्यूहरू**

अब म संघद्वारा आगामी आर्थिक वर्ष २०७३/७४ मा सञ्चालन गरिने कार्यक्रम तथा योजनाहरूको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. राष्ट्रिय ट्रकोमा कार्यक्रम

राष्ट्रिय ट्रकोमा कार्यक्रमअन्तर्गत आगामी आ.व.मा निम्न कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य राखिएको छ;

- नेपाल सरकारको सहयोगमा गतवर्ष भूकम्प र नाकाबन्दीको कारण सञ्चालन गर्न नसकिएको SAFE & Surveillance तालिम रूकुम, नवलपरासी, रौतहट र सर्लाही जिल्लाहरूमा आगामी आ.व.मा सम्पन्न गरिने छ ।

- ट्रकोमा Surveilance सर्वेक्षण हुन बाँकी जिल्लाहरूमा क्रमशः यस्तो सर्वेक्षण सञ्चालन गरिने लक्ष्य रहेको छ ।

- कर्णाली अञ्चलका ४ जिल्लाहरू (जुम्ला, हुम्ला, कालिकोट र मुगु) मा सर्वेक्षण गर्न आवश्यक Protocol तैयार भै Nepal Health Research Council बाटसमेत स्वीकृति प्राप्त भैसकेकाले अव तत्कालैबाट सर्वेक्षण कार्य सञ्चालन गर्ने योजना रहेको छ । सो सर्वेक्षण कार्यको जिम्मेवारी हिमालय आँखा अस्पताल, पोखरालाई प्रदान गरिएको छ भने सर्वेक्षणको नतिजा वितरण गर्ने उद्देश्यले भाद्र महिनामा एक कार्यशाला गोष्ठी आयोजना गर्ने योजना रहेको छ ।

## २. नेशनल आई साइट प्रोग्राम

आगामी आर्थिक वर्षमा नेसनल आई साइट प्रोग्रामअन्तर्गत देहायबमोजिमका कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य रहेको छ;

### (क) भारतीय दूतावासको सहयोगमा सञ्चालन हुने कार्यक्रमहरू:

- **मोतीबिन्दुको शल्यक्रिया कार्यक्रमः** आगामी आ.व. को लागि देशका बिभिन्न जिल्लाहरूमा आँखा शिविर संचालन गरि जम्मा १५००० मोतीबिन्दुको शल्यक्रिया  गर्ने लक्ष्य रहेको छ ।

- **बिद्यालय आँखा जाँच कार्यक्रम** - यस बर्ष झैं आगामी बर्षको लागि देशका बिभिन्न जिल्लाहरूमा बिद्यालय आँखा जाँच कार्यक्रम  संचालन गरि दृष्टिदोष भएका जम्मा ९३०० जना बिद्यार्थीहरूलाई निशुल्क चश्मा प्रदान गर्ने कार्यक्रम रहेको छ ।

### (ख) हेल्प एज इन्टरनेशनल नेपालको सहयोगमा सञ्चालन हुने कार्यक्रम

- आगामी बर्ष २०१६-०१७ को लागि हेल्प एज इन्टरनेशनल नेपालको सहयोगमा जेष्ठ नागरिकहरूलाई लक्षित गरी बिभिन्न १५ जिल्लाहरूमा आँखा परीक्षण तथा शल्यक्रिया शिविर सञ्चालन गरी ४,००० जेष्ठ नागरिकहरूको मोतीबिन्दुको शल्यक्रिया गर्ने कार्यक्रम रहेको छ ।

## ३. नेपाल सरकारको सहयोगमा सञ्चालित कार्यक्रमहरू

आर्थिक बर्ष २०७३/०७४ मा नेपाल सरकारको सहयोगमा सञ्चालन हुने कार्यकमहरू यसप्रकार रहेका छन्;

- **मोतीबिन्दु निःशुल्क शल्यक्रिया सेवाः** यस सेवाअन्तर्गत आगामी आ.व.मा नेपाल सरकारले देशका विभिन्न दुर्गम जिल्लाहरूमा शल्यक्रिया शिविर संचालन गरी ३,३३४ जनाको निःशुल्क मोतीबिन्दु शल्यक्रियाको लागि सहयोग उपलव्ध गराउने छ ।

- **प्रेसवायोपिक चश्मा (पढ्ने चश्मा) बितरणः** देशका बिभिन्न ५० दुर्गम जिल्लाहरूमा ५० वर्ष र सोभन्दा माथिका उमेरका कुल ३००० जनालाई नजिकको पढ्ने वा हेर्ने चश्मा निःशुल्क बितरण गर्न कार्यक्रम सञ्चालन गरिने छ ।

- **आँखा उपचार कार्यक्रमः** यस बर्ष संघअन्तर्गत संचालित ४९ वटा आँखा उपचार केन्द्र र मेची आँखा अस्पतालबाट संचालित १ गरि जम्मा ५० वटा आँखा उपचार केन्द्र सञ्चालनार्थ अनुदान प्रदान गर्ने योजना रहेको छ ।

- **जनशक्ति विकास कार्यक्रमः** जनशक्ति विकास कार्यक्रमअन्तर्गत आगामी वर्ष लुम्बिनी नेत्रविज्ञान अध्ययन प्रतिष्ठान, सगर माथा चौधरी आँखा अस्पताल तथा भरतपुर आँखा अस्पतालमा अध्ययनरत ६ जनालाई नेत्रसहायक अध्ययन खर्च तथा छात्रबृत्ति प्रदान गरिने छ ।
- **आँखा उपचार केन्द्रलाई आँखा अस्पतालमा स्तरोन्नत्ति गर्नेः** आगामी आ.व. मा एक आँखा उपचार केन्द्रलाई आँखा अस्पतालमा स्तरोन्नति गर्ने र एक आँखा उपचार केन्द्रको सेवामा स्तर बृद्धि गर्ने कार्यक्रम रहेको छ ।
- **केन्द्रीय तथ्याङ्क बैंकको स्तर बृद्धिः** आगामी बर्ष एक कार्यशाला सञ्चालन गरी सफ्टवेयरको स्तर बृद्धि गरिने छ ।
- **कानसम्बन्धी प्राथमिक उपचार तालिम तथा पोष्टर छपाई :** नेत्रज्योति संघद्वारा ४ जना आँखा अस्पतालका नेत्रसहायकलाई कानसम्बन्धी तीन महिने तालिम पाल्पास्थित लुम्बिनी मेडिकल कलेजमा उपलब्ध गराइने लक्ष्य रहेको छ। साथै कान उपचार सम्बन्धि विभिन्न थरीका ५००० थान पोष्टर छपाई गर्ने कार्यक्रम रहेको छ ।
- **अनुगमन तथा सुपरिवेक्षणः** केन्द्रीय कार्यालय तथा स्वास्थ्य मन्त्रालयका पदाधिकारी तथा कर्मचारीहरूबाट आगामी बर्ष ३० स्थानमा गई आँखा उपचार सम्बन्धी जानकारी लिनुका साथै निरीक्षण तथा सूपरिवेक्षण गर्ने कार्यक्रम रहेको छ ।
- **न्युनदृष्टि कार्यक्रमः** केही बर्ष देखि रोकिएको न्युनदृष्टि कार्यक्रमलाई यस बर्षदेखि निरन्तरता प्रदान गरिने छ ।

**४. राष्ट्रिय बालअन्धोपन निवारण कार्यक्रमका भावी कार्यक्रम**

आगामी आ.व. का लागि बालअन्धोपन कार्यक्रमअन्तर्गत निम्न कार्यक्रमहरू सञ्चालन हुनेछन्-

१. कुल १,७६,००० बालबालिकाहरूको आँखाको परीक्षण तथा १,२६,००० बालबालिकाहरूको आँखाको उपचार गरिने छ ।

२. आ.व. २०१६ मा कुल ३,९०० वटा बाल आँखा शल्यक्रिया सम्पन्न गरिने छ ।

३. सन् २०१३ मा संघको वित्तीय सहयोगमा अध्ययन गर्न पठाइएका दुई जना एनेस्थेसियोलोजिस्टहरूको अध्ययन समाप्त हुने र उनीहरूले सगरमाथा चौधरी आँखा अस्पताल र मेची आँखा अस्पतालमा सेवा प्रारम्भ गर्नेछन् ।

४. १,२९,९०० जना बालबालिका तथा तिनका आमाबाबु र स्याहारकर्ताहरूलाई आँखा रोगको रोकथाम तथा उपचारपछि अपनाउनुपर्ने सतर्कताका सम्बन्धमा परामर्शसेवा प्रदान गरिने छ ।

सभासद् महोदय,

संघले वर्ष २०१६ का लागि "गरिवी, अशिक्षा र अज्ञानताका कारण उपचारविहिन भएर कुनै पनि बालबालिकाले आँखा समस्याबाट पिडित हुन नपरोस" भन्ने नारा तय गरेको छ । यस नारालाई सार्थक तुल्याउँदै बालअन्धोपन न्यूनीकरणमा यहाँहरूबाट पनि आआफ्नो तह र क्षेत्रबाट सार्थक योगदान हुने नै छ भन्ने मैले विश्वास लिएको छु ।

**५. राष्ट्रिय आँखा स्वास्थ्य शिक्षा कार्यक्रम**

आर्थिक बर्ष २०७३/०७४ मा नेपाल सरकारको सहयोगमा सञ्चालन हुने कार्यक्रमहरू यसप्रकार रहेका छन्;

**(क) रेडियो आँखा सेवा कार्यक्रमः**

आगामी बर्ष पनि कुल २४ वटा रेडियो कार्यक्रमहरू तयार पारी रेडियो नेपालको राष्ट्रिय प्रसारणमार्फत पाक्षिक रूपमा प्रसारण गरिनेछ । यसै गरी स्थानीय एफ. एम. रेडियो स्टेसनहरूमार्फत् कुल १२० वटा आँखा सेवा कार्यक्रमहरू उत्पादन गरी प्रसारण गरिनेछ ।

**(ख) राष्ट्रिय तथा क्षेत्रीय स्तरमा रेडियो स्पटहरू प्रसारण**

आगामी वर्ष ४ वटा विभिन्न स्थानीय भाषामा आँखा स्वास्थ्य शिक्षासम्बन्धी रेडियो स्पटहरू तयार पारी विभिन्न क्षेत्रीय तथा राष्ट्रिय एफ.एम. स्टेसनहरूबाट २४० पटक प्रसारण गरिनेछ ।

**(ग) टि.भि. स्पट प्रसारण**

आगामी वर्ष थप एक स्थानीय भाषामा टि.भि.स्पट उत्पादन गरिनेछ र यो र पहिले उत्पादन गरिएका टि.भि.स्पटहरूसमेत कुल २८ पटक विभिन्न टेलिभिजन च्यानलहरूबाट प्रसारण गरिने छन् ।

**(घ) एस. एम. एस (SMS) मार्फत प्रचार प्रसार :**

गत वर्ष झैँ यस वर्ष पनि नेपाल टेलिकमको सञ्जालमार्फत् १४ वटै अञ्चलका कुल चार लाख व्यक्तिलाई मोवाइल फोनमा "आँखा जचाउँ दृष्टि बचाउँ" भन्ने एस.एम.एस. (छोटो सन्देश सेवा) पठाइएको थियो । यस्ता सन्देशहरू पठाइएपछि थुप्रै विरामीहरूले नजिकको आँखा अस्पतालमा सम्पर्क गर्ने गरेको पाइएकाले यो एक प्रभावकारी रहेको पाइयो । अतः यस्ता सन्देशहरूलाई जिल्ला कार्यसमिति सदस्य तथा स्वयंसेवकहरूले पनि मोवाइल फोनमार्फत् आदानप्रदान गरिदिनु भएमा यो अझ व्यापक बन्ने विश्वास लिएको छु ।

**(ङ) छापा माध्यमका सामग्रीहरूको उत्पादन तथा बितरणः**

आगामी वर्ष पनि छापा माध्यमबाट विभिन्न प्रचार सामग्री उत्पादन र वितरण कार्य निरन्तर रहनेछ । यसअनुसार २ किसिमका ६००० थान पोष्टर, एक किसिमको ५० थान फ्लेक्स व्यानर र २ किसिमका ५ हजार थान ब्रोसर छपाई गर्ने लक्ष्य रहेको छ ।

**(च) समुदायस्तरका तालिम कार्यक्रमहरू :**

राष्ट्रिय आँखा स्वास्थ्य शिक्षा कार्यक्रमअन्तर्गत आगामी वर्ष १२० औषधि बिक्रेताहरू, २६० आमा समूह तथा १२० महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई तालिम प्रदान गरिनेछ ।

**(छ) आँखा स्वास्थ्य शिक्षासम्बन्धी प्रदर्शनी तथा मेलाः**

संघको राष्ट्रिय आँखा स्वास्थ्य शिक्षा कार्यक्रमअन्तर्गत वर्ष २०७३ मा एउटा आँखा स्वास्थ्य शिक्षा प्रदर्शनीको आयोजना गरिने छ ।

(६) **बिबिध लक्ष्य**

१. नेपाल नेत्रज्योति संघ अन्तर्गतका आजीवन सदस्यहरू लगायत सम्पूर्ण सदस्यहरूको अभिलेख अध्यावधिक गर्ने ।

२. त्रिभुवन विश्वविद्यालयले नेपाल नेत्रज्योति संघलाई प्रदान गरेको कीर्तिपुरस्थित भवनमा आँखा अस्पताल सेवाको सुरूवात गर्ने ।

३. भोजपुर र जुम्लामा आँखा अस्पताल भवन निर्माण कार्यको थालनी गर्ने ।

४. अनलाईन बेवबेस्ड मेल सिस्टमको विकास गर्ने ।

५. अनलाईन एटेन्डेन्स उपकरणहरूलाई अद्यावधिक गर्ने ।

६. आँखा अस्पतालहरूका कर्मचारीहरूलाई Database तथा Hardware सम्बन्धी तालिम तथा अभिमुखीकरण प्रदान गर्ने ।

७. संघअन्तर्गतका Server हरूलाई उच्च स्तरले सुरक्षित तुल्याउँदै लैजाने नीति अवलम्बन गर्ने ।

८. आँखा उपचार केन्द्रहरूका लागि पनि नयाँ सफ्टवेयरको विकास गर्ने ।

९. विभिन्न आँखा अस्पतालहरूको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले Operation Eye Sight Universal सँग समभ्रदारीपत्रमा हस्ताक्षर गर्ने ।

१०. देशभर टेलिमेडिसिनको सेवालाई बिस्तार गर्दै लैजाने ।

११. हिमालय आँखा अस्पताल, पोखरामा MD Ophthalmology को शैक्षिक कार्यक्रम प्रारम्भ गर्ने ।

१२. महेन्द्रनगर तथा डडेलधुराका आँखा उपचार केन्द्रमा नेत्र विशेषज्ञको व्यवस्था गर्ने ।

१३. थप जिल्लामा तदर्थ समितिको गठन तथा उपचार केन्द्र स्थापनाको लागि पहल गर्ने ।

**माननीय सभासद्ज्यूहरू**

- मैले माथि संघका केही उपलब्धि र आगामी वर्षका लक्ष्य र कार्यक्रमहरूको विवरण प्रस्तुत गरें । तर हाम्रा सामू कार्यक्रमको सफलताका लागि प्रशस्त चुनौतीहरू पनि रहेका छन् । मुलुकले नयाँ संविधान प्राप्त गरिसकेको छ । संविधानतः अब मुलुक संघियतामा गएकाले संघले पनि आफ्ना संरचना तथा सेवाहरूलाई कसरी संघ अवधारणाअनुरूप तुल्याउँदै प्रभावकारी ढङ्गले सेवा प्रवाह गर्ने भन्ने चुनौती हामी सामू छ । तर संघको वास्तविक चित्र अभ्रै आइनसकेको कारण संविधानपश्चात पनि हामी ठोस निर्णय गर्न सक्ने अवस्थामा छैनौ ।

- यसै गरी यसै आर्थिक वर्षमा नै हामीले अप्रत्याशित रूपमा भूकम्प र अन्य आन्तरिक राजनैतिक समस्याहरूको कारण सिर्जित असहज परिस्थितिको सामना गर्नु पर्‍यो । परिणामत हामीले हाम्रा सेवाहरू सूचारू रूपले सर्वसाधारणसम्म पुर्‍याउन कठिनाईको सामना गर्नुपर्‍यो । आँखा अस्पतालहरूमा बिरामीहरूको चाप घटनाले एकातिर सेवा सञ्चालनमा आर्थिक समस्या व्यहोर्नु पर्‍यो भने अर्कातिर थुप्रै विरामीहरूले समयमै उपचार सेवा पाउन नसकी दृष्टिसमस्याको सामना गर्नुपर्‍यो । भूकम्पको कारण अस्पतालहरूको भौतिक क्षति पुग्न जाँदा सहज र सुरक्षित रूपमा सेवा प्रदान गर्नसमेत कठिनाई उत्पन्न हुन गयो । यसले हामीले आगामी दिनका लागि अपनाउनुपर्ने थप सर्तकर्ताका सम्बन्धमा पनि पाठ सिकाएको छ । यसैले संघले भौतिक सम्पतिहरूको संरक्षण र तिनको दिगो निर्माणका सम्बन्धमा केन्द्रीय तहमै निर्देशिका तयार पार्ने कार्य प्रारम्भ गरिसकेको जानकारी पनि सभासद्हरूमा गराउन चाहन्छु ।

- संघको यस २३ औं केन्द्रीय सभाको पुनीत क्षणमा संघलाई हरेक अप्ठ्यारो स्थितिमा पनि साथ र सहयोग दिनुहुने समाजसेवी, स्थानीय जनसमुदाय, सरकार, दात्री निकायहरू तथा संघका कर्मचारीहरूप्रति म संघको तर्फबाट धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु । यस सभाले संघलाई अभ्र प्रभावकारी रूपमा सेवा प्रदान गर्नका लागि आवश्यक मार्गदर्शन गर्ने विश्वास लिएको छु ।

- अन्त्यमा, संघका सेवालाई आगामी दिनमा अभ्र व्यापक, विस्तारित र स्तरीय तुल्याउँदै लैजाने प्रतिवद्धताका साथ संघको वार्षिक प्रतिवेदन अन्त्य गर्ने अनुमति चाहन्छु ।

धन्यवाद ।

जय नेत्रज्योति ।

श्यामकुमार पोखरेल

महासचिव

# परिशिष्ट–३

## कोषाध्यक्षद्वारा प्रस्तुत संघको आर्थिक प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू

केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरू

यस सत्रका सभापति तथा उपसभापति

उपस्थित सभासद् महोदय,

नेपालमा अन्धोपन निवारण गर्ने महान उद्देश्यमा समर्पित आँखा सेवा कार्यमा अग्रणी भूमिका निर्वाह गर्न सफल यस नेपाल नेत्रज्योति संघको केन्द्रीय सभाको २३ औं अधिवेशनमा कोषाध्यक्षको रूपमा आर्थिक प्रतिवेदन पेश गर्न पाउँदा आफूलाई गौरन्वाि न्वत अनुभव गरिरहेको छु ।

संघअन्तर्गत सञ्चालित जिल्ला शाखा तथा अस्पतालहरूमा अख्तियार गरेको रणनीति अनुरूप आय-व्ययको हिसाव किताव सम्बन्धित शाखा तथा अस्पतालहरूले नै राख्ने व्यवस्था गरिएकोमा समयानुकुल नीतिगत परिवर्तन गरी आ.ब. २०६९/०७० देखि नै सम्बन्धित सम्पूर्ण जिल्ला शाखा, अस्पताल तथा उपचार केन्द्रहरूको लेखा परीक्षण तथा बजेट यसै सभाद्वारा अनुमोदन गराउने प्रयासको थालनी गरिएको व्यहोरा यहाँहरूसमक्ष विदित नै छ । गतवर्ष पनि यहाँहरूको उल्लेखनीय सहयोग तथा सद्भावले यस सभामा बजेट प्रस्तुत गरिएको थियो भने सो कार्यलाई यसवर्ष पनि निरन्तरता दिइएको छ ।

अब म यस सम्मानित सभामा संघले गत वर्षमा सञ्चालन गरेका कार्यक्रमहरूको वितीय प्रगती, निर्णय तथा आगामी आ.व. मा गर्ने वितीय कार्ययोजना तथा बजेट संक्षेपमा प्रस्तुत गर्न अनुमति माग्दछु ।

**संघले गत वर्ष गरेका आर्थिक निर्णयहरु**

**१. अर्थ समितिको कार्यविवरण :**

संघ तथा संघअन्र्तगत सञ्चालित सम्पूर्ण जिल्ला शाखा, अस्पताल तथा उपचार केन्द्र र परियोजनाहरूको वितीय पारदर्शितालाई अझ मजबुत पार्दै लैजाने उद्देश्य तथा बेला बेलामा आइपर्ने अर्थ सम्बन्धि लिन'पर्ने निर्णय प्रकृयालाई छिटो र छरितो बनाउन २१ औं अधिवेशनले निर्देशन गरेअनुसार केन्द्रीय कार्यसमितिको मिति २०७०/०३/३२ को निर्णयबाट मेरो संयोजकत्वमा केन्द्रीय सदस्य श्री चक्रबहादुर सिंह (सदस्य), वित्त नियन्त्रक श्री सोमेशकुमार अर्याल (सदस्य) गरी तीन सदस्यीय अर्थ समिति गठन भएकोमा उक्त समितिले गएको आ.ब. मा विभिन्न मितिमा ४ पटक बैठक बसि निम्न निर्णय गरेको जानकारी गराउदँछु:

- गत बाईसौ अधिवेशनले पारित गरेको प्रस्तावको कार्यान्वयनको लागि आवश्यक छलफल गरियो ।
- सबै अस्पताल, शाखा तथा उपचार केन्द्र एवं निकायहरूले आफ्नो बजेट प्रत्येक बर्षको फाल्गुण मसान्त भित्र अनिवार्य रूपमा पठाउने व्यबस्था गरिनु पर्ने पारित प्रस्ताव बमोजिम पत्र लेखी लिने कार्य गरिएको ।
- नेत्र बिशेषज्ञ र कर्मचारीको थमौती नीतिमा नेत्र बिशेषज्ञको सम्पन्न भई कार्यान्वयनतर्फ गैसकेको र कर्मचारीहरूको निकट भविष्यमा नै व्यबस्थापन गर्न प्रयत्नशील रहेको ।
- आर्थिक नियमावलीको संशोधन मस्यौदामाथि छलफल गरियो ।

## २. अस्पतालहरुको बाह्य तथा अन्तरिक लेखापरीक्षणको स्थितिः

संघ तथा यसका निकायहरूले गरेको आर्थिक कारोवार तथा सोसंग सम्बन्धित प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावको निरीक्षण तथा परीक्षण गरि त्यसमा भएका कमि कमजोरी औल्याउनुका साथै सुझाव दिनको लागि केन्द्रीय कार्यालयमा एउटा छुट्टै बिभाग स्थापना गरिएको व्यहोरा अवगतै छ। सोहीअनुरूप यस बिभागले आर्थिक बर्ष २०७१/०७२ मा नेपाल नेत्रज्योति संघको केन्द्रीय कार्यालय र त्यसका बिभागहरू नेशनल आई साइट कार्यक्रम, राष्ट्रिय ट्रकोमा कार्यक्रम, नेपाल सरकार सहयोग कार्यक्रम, राष्ट्रिय आँखा स्वास्थ्य कार्यक्रम र अर्बिस सहयोग कार्यक्रम लगायत बिराटनगर आँखा अस्पताल, बिराटनगर, भरतपुर आँखा अस्पताल, भर तपूर, हिमालय आँखा अस्पताल,पोखरा, डा. बिनोद निता कण्डेल आँखा अस्पताल, परासी, लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान, भैरहवा, पाल्पा लायन्स लाकौल आँखा अस्पताल, तानसेन पाल्पा, बुटवल लायन्स आँखा अस्पताल, बुटवल, केडिया आँखा अस्पताल, बीरगंज, गौर आँखा अस्पताल, गौर, गेटा आँखा अस्पताल, गेटा , राप्ति आँखा अस्पताल, दाङ, लमही आँखा अस्पताल, लमही, श्री छन्द (काले बाबु) नारायणी आँखा अस्पताल, बहादुरगंजको आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरेको छ। आर्थिक बर्ष २०७२/७३ को आन्तरिक लेखा परीक्षण कार्य जारी रहेको छ।

आन्तरिक लेखापरीक्षण बिभागले आन्तरीक लेखा परीक्षणको साथै नेपाल नेत्रज्योति संघ, केन्द्रीय कार्यालय तथा त्यसका कार्यक्रमहरू, डा.रामप्रसाद पोखेल आँखा अस्पताल, धनकुटा,  हिमालय आँखा अस्पताल, पोखरा, फत्तेवाल आँखा अस्पतालको बाह्य लेखा परीक्षण कार्य सम्पन्न गरेको छ। यसै गरी बिराटनगर आँखा अस्पताल, सगरमाथा चौधरी आँखा अस्पताल, गौर आँखा अस्पताल, केडिया आँखा अस्पताल, भरतपुर आँखा अस्पतालको अन्तिम लेखा परीक्षण सम्पन्न भई प्रतिवेदन प्राप्त हुन बाँकी रहेको छ। लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान, बुटवल लायन्स आँखा अस्पताल, पाल्पा लायन्स लाकौल आँखा अस्पतालको बाह्य लेखापरीक्षक नियुक्ति गर्ने कार्य सम्पन्न भै लेखापरीक्षण कार्य संचालन भैराखेको व्यहोरा जानकारी गराउँछु। गत बर्ष देखि गेटा आँखा अस्पताल तथा र ाप्ति आँखा अस्पताल र त्यस मातहतका आँखा अस्पतालले नेपाली आर्थिक बर्षको आधारमा लेखा राख्न थाली सोहीअनुरूप लेखा परीक्षण गर्न थालेको व्यहोरा जानकारी गराउँदछु। त्यसको आ.ब. २०७१/७२ को लेखा परीक्षण संघबाट नियुक्त लेखापरीक्षकबाट भई कार्य समाप्त समेत भएको जानकारी गराउँदछु।

अब म आर्थिक बर्ष २०७१/०७२ को नेपाल नेत्रज्योति संघ केन्द्रीय कार्यालय, नेशनल आई साईट प्रोग्राम तथा राष्ट्रिय ट्रकोमा कार्यक्रमको समष्टिगत लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गर्न अनुमति चाहन्छु।

**आयतर्फः**

आर्थिक बर्ष २०७१/०७२ मा संघको केन्द्रीय कार्यालयको जम्मा आम्दानी रू. १६,४४,०६,३०८/५७ मध्ये आन्तरिक श्रोतवाट रू. ५०,८९,१५९/४९ बाह्य श्रोतवाट रू. १५,९३,१७,१४९/०८ भएको जानकारी गराउँदछु। यस संघको बाह्य आयको श्रोत मुख्यतया दात्री संस्था, सरकारी अनुदान र आन्तरिक आम्दानीको श्रोतमा मुद्दति खाताबाट आर्जित हुने व्याज रहेको छ।

**व्यय तर्फ**

आर्थिक बर्ष २०७१/०७२ मा खर्च रू. १४,९५,६९,८२०/८५ रहेको थियो। आर्थिक बर्ष २०७१/०७२ मा रू. १,४८,३६,४८७/७२ बचत हुन गएको देखिन्छ। विवरणको लागि लेखापरीक्षकको प्रतिवेदन पेश गरेको छु।

आर्थिक वर्ष २०७१/०७२ मा अस्पतालहरूको आयव्यय विवरण तथा आर्थिक स्थितिको चित्रण निम्न अनुसार रहेको छ।

१. **श्री हिमालय आँखा अस्पताल, पोखरा**

आर्थिक वर्ष २०७१/०७२ मा जम्मा आम्दानी रू.७,५१,९८,५७६/५३ रहेकोमा खर्च तर्फ जम्मा रू. ६,८१,५२,३५५/०२ भएको छ। रू. ७०,४६,२२१/५१ रकम बचत रहेको ५।

**२. श्री भरतपुर आँखा अस्पताल, भरतपुर**

आर्थिक बर्ष २०७१/०७२ मा जम्मा आम्दानी रू.९,९९,२८,४२५/४८ रहेकोमा खर्च रू. ८,००,३८,९९४/६२ भएको छ। रू. १,९८,८९,४३०/८६ बचत रहेको छ।

३. **श्री लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान (श्री रण अम्बिका शाह आँखा अस्पताल), भैरहवा**

आर्थिक बर्ष २०७१/०७२ मा जम्मा आम्दानी रू. २५,८५,०९,५०१/३८ रहेकोमा रू. २२,४२,१०,८६०/२० खर्च भएको छ। रू. ३,४२,९८,६४१/१८ बचत भएको छ। यसमा उपचार केन्द्रहरूको आय-व्यय समाबेश गरिएको छैन।

**४. श्री फत्तेवाल आँखा अस्पताल, नेपालगंज**

आ.ब. २०७१/०७२ मा जम्मा आम्दानी रू. ६,७०,९९,८६०/७० रहेकोमा खर्च रू. ६,३३,२५,१०२/८८ भएको छ। रू. ३७,७४,७५७/८२ बचत भएको छ।

**५. श्री केडिया आँखा अस्पताल, वीरगंज**

आ.ब.२०७१/०७२ मा रू. ८,११,९७,७६३/०७ आय गरी रू. ७,५४,९१,१५१/३४ खर्च भै रू. ५७,०६,६११/७३ बचत भएको छ।

**६. श्री पूर्वाञ्चल क्षेत्रीय आँखा उपचार कार्यक्रम (EREC-P), बिराटनगर**

यस कार्यक्रमले आर्थिक बर्ष २०७१/०७२ मा रू. ६३,२६,३३,८६६/३७ आय गरी रू. ५१,७९,३३,२८८/०० खर्च भै रू. ११,४७,००,५७८/३७ बचत भएको छ। यस बर्षको प्रतिवेदनमा पनि सगरमाथा चौधरी आँखा अस्पताल र त्यसका आँखा उपचार केन्द्रहरूबाट भएको आय र व्ययको विवरण तथा बिराटनगर आँखा अस्पताल तथा त्यसका आँखा उपचार केन्द्रको आय-व्ययलाई पनि कार्यक्रमकै आय र व्ययमा गाभिएको छ।

**७. श्री गेटा आँखा अस्पताल, गेटा, कैलाली**

बर्ष २०७१/०७२ मा रू. २३,०९,१९,५३०/०० आय भएकोमा खर्च रू. १९,६८,७०,०१०/०० भैं रू. ३,४०,४९,५२०/०० बचत भएको छ। यसमा गेटा आँखा अस्पतालले संचालन गरेको महेन्द्रनगर अँखा असपताल तथा सम्पूर्ण आँखा उपचार केन्द्रहरूको आय तथा व्यय समाबेश गरिएको छ।

**८. श्री गौर आँखा अस्पताल, गौर**

आ.ब. २०७१/०७२ मा जम्मा रू. ६,९२,५९,२२९/४८ आय भएकोमा रू. ६,५७,५१,२२८/६० खर्च भैं रू. ३५,०८,०००/८८ बचत रहेको देखिन्छ।

**९. श्री राप्ती आँखा अस्पताल, दाङ (राप्ती आँखा उपचार कार्यक्रम)**

आर्थिक बर्ष २०७१/०७२ मा जम्मा रू. १०,४६,४७,०७४/५७ आय भएकोमा खर्च रू. ६,७१,७८,२६५/२१ हुन गई रू. ३,७४,६८,८०९/३६ रकम बचत भएको देखिन्छ। यसमा राप्ती आँखा अस्पताल, दाङ, छन्द (कालेबाबु) नारायणी आँखा अस्प( ताल, बहादुरगंज, लमही आँखा अस्पताल, लमही दाङ र त्यसका आँखा उपचार केन्द्रहरूको आय-व्यय समावेश गरिएको छ।

**१०. श्री पाल्पा लायन्स लाकौल आँखा अस्पताल, तानसेन, पाल्पा**

आर्थिक बर्ष २०७१/०७२ मा जम्मा रू. १,३९,६१,३२४/०० आय गरी रू. १,२५,२०,५७७/०० खर्च भै रू. १४,४०,७४७/०० रकम बचत हुन गएको छ।

**११. बुटवल लायन्स् आँखा अस्पताल, बुटवल**

आर्थिक बर्ष २०७१/०७२ मा जम्मा रू. १,८६,६७,२८०/९० आय गरी रू. १,६७,९०,५१३/५६ खर्च भै रू. १८,७६,७६७/३४ बचत रहेको छ।

**१२. डा. विनोद-नीता कण्डेल आँखा अस्पताल, परासी, नवलपरासी**

आर्थिक बर्ष २०७१/०७२ मा यस आँखा अस्पतालले रू. १,९५,०१,११५/४८ आय गरी रू. १,५३,७५,२६४/६७ खर्च गरेर रू. ४१,२५,८५०/८१ बचत गर्न सफल भएको छ।

**१३. डा. रामप्रसाद पोखेल आँखा अस्पताल, धनकुटा**

आर्थिक बर्ष २०७१/०७२ मा यस आँखा अस्पतालले रू. ९४,२१,८१०/१६ आय गरी रू. ४७,४६,८८६/३३, खर्च गरेर रू. ४६,७४,९२३/८३ बचत गर्न सफल भएको छ।

**यस आ.ब.२०७१/०७२ मा माथि उल्लेख गरिएका विवरण अनुसार जम्मा रू.१,८४,५३,५१,६६६/६९ आम्दानी भएकोमा खर्च रू. १,५५,७९,५४,३१८/२८ भई जम्मा बचत रू. २८,७३,९७,३४८/४१ रहेको यहाँहरूलाई जानकारी गराउँदछु।**

**संघले आ.ब २०७३/०७४ मा गर्ने भावी कार्य योजना तथा बजेटको विवरण:**

आगामी आ.व. २०७३/०७४ मा संघले आर्थिक रूपमा गर्नुपर्ने निर्णय र भावी कार्ययोजना निम्न रहेको व्यहोरा जानकारी गराउँदछु :

१. संघ अन्तर्गत सञ्चालित जिल्ला शाखा, अस्पताल तथा उपचार केन्द्रहरूमा वितीय सुशासन कायम गर्न तथा देशको बदलिँदो आर्थिक तथा करसम्बन्धी नियमहरूको पालना गर्नका निमित्त पनि अब आउँदा दिनहरूमा संघको समष्टिगत बजेट तथा कार्ययोजना र लेखा परिक्षण प्रतिवेदन तयार पार्नु आवश्यक भएबमोजिम समष्टिगत विवरण तयार गर्नका निमित्त एक लेखा सम्बन्धी सफ्टवेयर (Software) निर्माणका निमित्त श्री हारती इन्टरप्राइजेजबाट दिइएको र सोहीबमोजिम तयार गरी परीक्षणको रूपमा रहेको व्यहोरा जानकारी गराउँदछु। उक्त सफ्टवेयर आगामी आ.ब.देखि सवै अस्पताल तथा उपचार केन्द्रहरूमा लागू गर्ने व्यहोरा जानकारी गराउँदछु।

२. संघ तथा संघअर्न्तगत सञ्चालित निकाय तथा अस्पतालहरूमा विगतका वर्षमा पुष मसान्तपश्चात पनि बाह्य लेखा परीक्षण हुँदैं आएको परिप्रेक्ष्यमा वित्तीय एकरूपता तथा सुशासन कायम गर्न तथा आर्थिक करसम्बन्धी नियमहरूको पालना तथा यसको बद्लिदो परिस्थितिको मध्यनजर गर्दै संघ तथा संघद्वारा सञ्चालित जिल्ला शाखा, अस्पताल तथा आँखा उपचार केन्द्रहरूको बाह्य लेखा परीक्षण आगामी वर्षदेखि कर प्रशासनको प्रचलित नियम तथा निर्देशन बमोजिम भाद्र मसान्तसम्म गराउने लक्ष्य लिएको जानकारी गराउँदछु।

३. नेपाल सरकारलाई बुझाउनुपर्ने आयकर, स्वास्थ्य सेवा कर, मूल्य अभिबृद्धि करको वर्तमान अवस्थाको अस्पष्टतालाई सम्बन्धित विभागहरूमा गएर स्पष्ट पार्ने र सोही अनुरूप संघले नेपाल सरकारबाट प्राप्त निर्देशनहरूलाई पूर्ण रूपमा पालना गर्ने योजना रहेको जानकारी गराउँदछु।

४. त्यस्तै संघको आर्थिक समितिबाट निम्न विषयहरूमा आवश्यक निर्णयहरूलाई केन्द्रीय कार्यसमितिमा पेश गर्ने जानकारी गराउँदछु:

- संघका योजनाहरूको बित्तीय व्यवस्था सम्बन्धी निर्देशिका ।
- संघका आन्तरिक लेखापरीक्षण निर्देशिकाको निर्माण ।
- संघको विद्यमान आर्थिक नियमावलीलाई समय सापेक्ष परिवर्तन गर्दै लैजान आवश्यक पहल गर्ने ।

५. यस बर्ष झापा जिल्लामा रहेको संघको जग्गामा आँखा तथा कानको सेवा बिस्तार गर्नका लागि उपचार केन्द्रको भवन निर्माण तथा कीर्तिपुरमा आँखा अस्पताल निर्माण तथा संचालनको लागि रू. २,०८,२५,०००/०० विनियोजित रकम छुट्याइएको छ ।

**अब म सभासद्ज्यूहरूमा संघ तथा संघअन्तर्गत सञ्चालित परियोजनाहरूको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु:**

आ.ब. २०७३/०७४ को अनुमानित आय-व्यय यसप्रकार रहेको छ ।

**आयतर्फ :**

**१. आन्तरिक श्रोतः**

आ.ब. २०७३/०७४ को प्रस्ताबित आयमा ६८,१६,२९१/७० आन्तरिक श्रोतबाट आय हुने अनुमान पेश गरेको छु ।

**२. बाह्य श्रोतः**

आर्थिक बर्ष २०७३/०७४ मा रू. १४,४३,७९,८२०/०० बाह्य अनुदानबाट प्राप्त हुने अनुमान गरिएको छ । सरकारी अनुदान र कार्यक्रमको लागि दात्री संस्थाले दिने कार्यक्रम अनुदानको अनुमानित रकम यस शीर्षकमा राखिएको छ ।

**व्यय तर्फ**

१. प्रशासनिक खर्चः

प्रशासनिक खर्चका लागि यस आर्थिक बर्ष २०७३/०७४ मा रू. १,४६,७३,२५६/५१ राखिएको छ । कूल खर्चमा ९.७० प्रतिशत यसको भार रहेको छ । प्रशासनिक खर्चको रकम गत वर्षभन्दा केही बढि रहेको छ ।

२. कार्यक्रम खर्च

आर्थिक बर्ष २०७३/०७४ मा रू. १३,६४,४३,४७६/८८ कार्यक्रम सञ्चालनार्थ खर्च हुने अनुमान गरिएको छ । कर्मचार ीहरूको बृत्ति विकासको लागि तालीम र कार्यशाला सञ्चालन गर्ने कार्यक्रम रहेको छ । यस बर्ष अनुसन्धान तथा मूल्याङ् कन कार्यक्रम, आँखा स्वास्थ्य शिक्षा कार्यक्रम, स्कुल आँखा जाँच कार्यक्रम, प्रेसवायोपिया कार्यक्रम, ट्रकोमा कार्यक्रम, नेत्र सहायक तालीम कार्यक्रम, नयाँ आँखा उपचार केन्द्रहरू स्थापना तथा संचालन र नेत्रदान शिविर सञ्चालन गर्ने कार्यक्र( महरू रहेका छन् । पुंजीगत खर्चको लागि रू. २,०८,२५,०००/०० छुट्याइएको छ ।

आन्तरिक एवं बाह्य श्रोतबाट उपलव्ध रकमको यथासंभव बढी प्रतिशत कार्यक्रम सञ्चालनमा खर्च हुनपर्ने केन्द्रको पूर्ववत् अवधारणालाई निरन्तरता प्रदान गर्दै कार्यक्रम खर्च ९०.३० प्रतिशत रहेको छ ।

समष्टीगत रूपमा आर्थिक बर्ष २०७३/०७४ को प्रस्तावित बजेटमा आयतर्फ रू. १५,११,९६,१११/७० र खर्च तर्फ रू. १५,११,१६,७३३/३९ हुने अनुमान गरिएको छ । रू. ७९,३७८/३१ रकम बचत हुन सक्ने अनुमान गरिएको छ ।

साथै, संघ तथा त्यसका आँखा अस्पताल, आँखा उपचार केन्द्र र शाखाहरूबाट प्राप्त भएको विवरण अनुसार आ.ब. २०७३/०७४ मा एकमुष्ट रू. १,८९,५२,३४,३६०/१४ अनुमानित आय र रू. १,७३,५०,७८,१३१/९१ अनुमानित खर्च गरी रू. १६,१३,५६,९८१/८३ बचत हुने अनुमान गरिएको आम्दानी र खर्च विवरण (बजेट) पनि यहाँहरूसमक्ष पेश गरिएको छ ।

अन्त्यमा, संघले आफ्नो सैतीस वर्ष लामो इतिहासमा उल्लेखनीय रूपमा आफ्नो सेवा विस्तार गर्दै विश्वमै नमूना सेवा प्रदायकको रूपमा ख्याती कमाएको छ र उक्त ख्यातीलाई अझ उचाइमा पुऱ्याउन आउँदा दिनहरूमा संघले वित्तीय सुशासन, आर्थिक पार दर्शिता तथा कुशल व्यवस्थापकीय क्षमताको प्रदर्शन गर्नुपर्ने टड्कारो महशुस गरेको सन्दर्भमा संघले ल्याउने हरेक नीति तथा कार्ययोजनामा यहांहरूको पूर्ण रूपमा सहयोग र समर्थन रहनेछ भन्दै निम्नलिखित प्रस्तावहरू स्वीकृतिका निमित्त सभासद्ज्यू समक्ष पेश गरेको छु ।

- आ.व २०७१/०७२ को लेखा परीक्षण प्रतिवेदन स्वीकृति ।
- आ.व २०७३/०७४ को प्रस्तावित बजेटको स्वीकृति ।
- आ.व. २०७२/०७३ को निमित्त लेखापरीक्षक नियुक्त गर्न आवश्यक प्रकृयाको लागि जम्मा रू. १,००,०००/०० (भ्याटबाहेक) मा नबढ्ने गरी केन्द्रीय कार्यसमितिलाई अधिकार दिने ।

धन्यबाद
जय नेत्रज्योति ॥
बामदेव खनाल
कोषाध्यक्ष

# परिशिष्ट- ४

## तेइसौं केन्द्रीय सभाबाट पारित प्रस्तावहरु

नेपाल नेत्रज्योति संघको २३ औं केन्द्रीय अधिवेशन कास्की शाखाको आतिथ्यतामा भएको र सो अधिवेशनको कार्यसूची अनुसार केन्द्रीय अध्यक्षद्वारा गठित मस्यौदा समितिले उक्त केन्द्रीय सभामा प्रस्तुत प्रस्तावहरू सर्वसम्मत रूपमा पारित गरिएको हुँदा सो प्रस्तावहरू निम्नलिखित रहेका छन् :-

१) नेपाल नेत्रज्योति संघको संशोधित विधान, सामाजिक संस्था, नाफामुलक रहित एवं सेवामुलकको रूपमा दर्ता भई देशभरका आँखा/कानका रोगीहरूका लागि सेवा गर्ने उद्देश्यले सञ्चालित अस्पताल एवं उपचार केन्द्रबाट सेवा प्रवाह गरेवापत लिइने शुल्कहरूमा एवं समाजसेवीबाट निशुल्क रूपमा प्रदान गरिएका तथा संस्थाको श्रोतबाट खरिद गरिएका अचल सम्पत्तिमा स्वास्थ्य कर एवं सम्पत्तिकर जस्ता करहरू लगाउन खोजिएको हुँदा त्यस्ता करहरू छुट गरिदिनका लागि सम्बन्धित निकायहरूमा आवश्यक पहल गरि छुट गरि दिने व्यवस्था मिलाउन नेपाल नेत्रज्योति संघ केन्द्रबाट शक्रिय पहल गरिनु पर्ने ।

२) आँखाको अपरेशन गर्दा प्रयोग गरिने (IOL) Intra Ocular Lens तथा आँखाका रोगीहरूले प्रयोग गरिने चश्माहरूमा लिदै आईराखिएको भन्सार कर छुटको लागि केन्द्रबाट शक्रिय पहल गर्नुपर्ने ।

३) यस संघ अन्तर्गतका समाजसेवीहरूले निश्वार्थ रूपमा समाजसेवा गर्दै आईराखेका अवस्थामा निजहरूलाई सस्थागत क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम, गोष्ठी सञ्चालनको माध्यमबाट स्तरियता ल्याउनको लागि त्यस्ता कार्यक्रम, तालिम, गोष्ठी सञ्चालन गर्न केन्द्रलाई अनुरोध गर्ने ।

४) यस आ.व.०७२/७३ मा नियमित रूपमा गरिनुपर्ने क्षेत्रीय गोष्ठीहरू विभिन्न कारण दर्शाई नगरिएको हुँदा आर्थिक रूपमा कमजोर आयोजक शाखालाई आर्थिक सहयोग प्रदान गर्दै त्यस्ता क्षेत्रीय गोष्ठीहरूलाई निरन्तरता दिईयोस् भनि केन्द्रलाई अनुरोध गर्ने ।

५) नेपालको संविधान पारित भई कार्यान्वयन हुने क्रममा आईराखेको परिप्रेक्षमा यस संस्थाको विधानमा पनि ऐन कानून अनुकुल परिमार्जन एवं संशोधन गर्नुपर्ने भएकोले सो संशोधन परिमार्जनका लागि आवश्यक राय सुझाव संकलन गर्न अन्तक्रिया कार्यक्रम सबै क्षेत्रहरूमा केन्द्रबाट सञ्चालन गरियोस् भनि अनुरोध गर्ने ।

६) यस नेपाल नेत्रज्योति संघ अन्तर्गत सञ्चालित अस्पताल एवं उपचार केन्द्रहरूमा भिजन २०२० को लक्ष्यलाई पुरा गर्नको लागि आवश्यक जनशक्तिको आवश्यकता पर्ने भएकोले, निम्न, मध्यम तथा उच्च स्तरिय प्राविधिक एवं विषेशज्ञ जनशक्ति उत्पादन गर्नका लागि आवश्यक शिक्षा तथा स्वास्थ्य मन्त्रालय लगायत सम्बन्धीत निकायसँग जनशक्ति उत्पादन गर्ने तर्फ पहल गर्न केन्द्रलाई अनुरोध गर्ने ।

७) यस संघ मार्फत नेपाल सरकार तथा दातृनिकायहरूसँग सम्झौता एवं निर्णय गरि सञ्चालन गर्दै आईराखेका विभिन्न कार्यक्रमहरू एवं केन्द्रलाई विगतका अधिवेशनबाट दिईएको अभिभाराहरू नियमित रूपमा सञ्चालन एवं निरन्तरता दिन केन्द्रलाई अनुरोध गर्ने ।

८) यस संघको विधान अनुसार, कान उपचार सेवालाई प्रभावकारी रूपमा विकास एवं विस्तार गर्नका लागि आवश्यक पर्ने जनशक्ति एवं Referral Hospitals को निति तर्जुमा गरि अगाडि बढाउन केन्द्रलाई अनुरोध गर्ने ।

९) यस २३ औं अधिवेशन सम्पन्न गर्नका लागि प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुने माननीय उपप्रधान तथा महिला, बालबालिका एवं सहकारी मन्त्री श्री चन्द्रप्रकाश मैनाली ज्यू, आमन्त्रित अतिथिको रूपमा उपस्थित दातृनिकायका प्रतिनिधीहरू, सहयोग दाता लगायत आतिथ्य कास्की शाखा/ हिमालय आँखा अस्पताल परिवार प्रति यस केन्द्रीय सभाले हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दछ ।

# परिशिष्ट–५

## नेपाल नेत्रज्योति संघका वर्ष २०७२/०७३ मा दिवंगत आजीवन सदस्यहरूको सदस्यहरुको नामावली

| क्र.सं. | दिवंगत सदस्यको नाम | जिल्ला |
|---|---|---|
| १. | बनबारीलाल मित्तल | नेत्रज्योति संघ,केन्द्र |
| २. | प्रा.डा. माधवप्रसाद शर्मा | नेत्रज्योति संघ,केन्द्र |
| ३. | गोविन्द चित्रकार | नेत्रज्योति संघ,केन्द्र |
| ४. | चन्द्रबहादुर श्रेष्ठ | भोजपुर |
| ५. | बलबहादुर श्रेष्ठ | भोजपुर |
| ६. | बसन्त मोक्तान | भोजपुर |
| ७. | सरला श्रेष्ठ | भोजपुर |
| ८. | कृष्णलाल चौधरी | सिरहा |
| ९. | डा. शम्भूनाथ हिसारिया | पर्सा |
| १०. | किसनबाबु चूडानारायण श्रेष्ठ | गोरखा |
| ११. | श्रीमती राधा प्रधान | नवलपरासी |
| १२. | महेशबहादुर थापा | नवलपरासी |
| १३. | गङ्गाप्रसाद सिंह | कपिलवस्तु |
| १४. | कुलानन्द गौतम | बाग्लुङ |
| १५. | एकप्रसाद उपाध्याय | बाग्लुङ |
| १६. | इशुफ्दिन मियाँ | गुल्मी |
| १७. | डिलबहादुर बलामी | गुल्मी |
| १८. | रामशङ्कर बैद्य | बाँके |
| १९. | रविन्द्रनाथ टण्डन | बाँके |
| २०. | सुशिल कोइराला | बाँके |
| २१. | छोटल राना | कैलाली |
| २२. | तर्कराज जोशी | कैलाली |
| २३. | दिनेश भण्डारी | कैलाली |
| २४. | रामदत्त अवस्थी | बैतडी |